काठमाडौं, नेपालगञ्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**
बिमाको पहुँच बढ्दै, जीवन बिमा कम्पनीको नाफा साढे पाँच अर्ब

**समाचार**
रूख कटानको निर्णय नहुँदा चितवनमा कृष्णसार ल्याउन ढिलाइ




**आर्मीकी रसिलाद्वारा उपाधि रक्षा**

राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको शीर्ष आठबाहेक पुरुष एकलमा नेपाल पुलिस क्लबका डेभिड थापा मगरले उपाधि आफ्नो नाममा लेखाए ।

वर्ष १८, अंक १००, पृष्ठ ८, सोमबार, १ भदौ २०८३, श्रावण शुक्लपक्ष पञ्चमी, Monday, 17 August 2026, नेपाल संवत् ११४६, मूल्य– १०/–   nagariknews.com

# देशभरि ग्यास अभाव

## • सरकार ग्यास बेच्दै, • जनता सास्ती खेप्दै, • व्यापारी रमिते

मधुजंग पाण्डे

*काठमाडौं, साउन ३१*

सरकार आफैँले ग्यास बिक्री थालेपछि अभाव हट्नुको साटो उपभोक्ताको सास्ती झन् बढेको छ। नेपाल आयल निगमले नागरिकता र राष्ट्रिय परिचयपत्रका आधारमा शनिबारदेखि काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट ग्यास बिक्री सुरु गरे पनि आइतबार दिनभर लाइनमा बसेका धेरै उपभोक्ता रित्तो सिलिन्डर बोकेर घर फर्किन बाध्य भए।




भक्तपुरको ठिमीस्थित राष्ट्रिय क्षयरोग केन्द्रमा आइतबार ग्यास लिन लामबद्ध उपभोक्ता। मुलुकभरि ग्यास अभाव भएपछि सरकारले विभिन्न स्थानबाट ग्यास बेच्न थालेको छ। *तस्बिर : द्वारिका काफ्ले/नागरिक*

**सम्पादकीय**

**असफल ग्यास व्यवस्थापन**

देशभरि ग्यासको अभाव भएपछि सरकारले काठमाडौंमा आफैं वितरण सुरु गरेको हो तर अझै ग्यासको अभाव हट्न सकेको छैन। उल्टै लाइन बढ्दै जाँदा र जनताले थप सास्ती खेपिरहँदा ग्यास वितरणको जिम्मेवारी पाएका व्यवसायी भने पानीमाथिको ओभाना बनेका छन्। उपभोक्ताको माग बढेसँगै बढी मूल्यमा ग्यास वितरण गर्न पल्केका व्यवसायीहरू सरकारको विरोधमा उत्रिएका छन्। मुलुकभित्र मासिक ग्यासको खपत ३५ लाख सिलिन्डर रहेको निगमको भनाइ छ। साउनमा मात्र ३८ लाख ३८ हजार ग्यास सिलिन्डर उपभोक्तासम्म पुगिसकेको जनाइएको छ। तर तीन लाखभन्दा बढी सिलिन्डर ग्यास कहाँ गयो त्यसको जवाफ अहिले कोहीसँग छैन।

मुलुकभर झन्डै एक महिनादेखि खाना पकाउने एलपी ग्यासको चरम अभाव भइरहेका बेला सरकार नै ग्यास बेच्न सक्रिय भएको हो। नेपाल आयल निगमले शनिबारदेखि नागरिकता र राष्ट्रिय परिचयपत्रका आधारमा काठमाडौं

> आइतबारसम्म ५४ हजार ५०५ टन ग्यास नेपाल भित्रिएको छ। एक महिनामा भारतबाट भित्रिएको ग्यासको यो परिमाण अहिलेसम्मकै धेरै हो। यसलाई १४.२ केजीको हिसाब गर्ने हो भने साउनमा मात्र ३८ लाख ३८ हजार ग्यास सिलिन्डर उपभोक्तासम्म पुगिसकेको छ।

उपत्यकाका विभिन्न ठाउँबाट ग्यास बेच्न थालेको हो। दोस्रो दिन आइतबार पनि उपभोक्ताले एक सिलिन्डर ग्यासका लागि दिनभर लाइनमा बसेर रित्तै फर्कनुपर्‍यो। काभ्रेस्थलीबाट खाली सिलिन्डर बोकेर काठमाडौंको टेकुस्थित नेपाल आयल निगमको बिक्री केन्द्रमा ग्यास लिन ६ घण्टा लाइनमा बसेका राजेन्द्र लामा रित्तै फर्किए। बिहानको चर्को घाम सहँदै र दिउँसो दर्किएको पानीमा रुझ्दै सिलिन्डरसँगै लाइन लागिरहेका अर्का उपभोक्ता दीपेश महर्जनले पनि ग्यास पाएनन्। १० दिनअघि रित्तिएको सिलिन्डर साँटेर ग्यास लैजान पाइने आशामा उनी टेकु आएका थिए। सीतापाइलास्थित डेरानजिकैको डिपोमा पालो कुर्दा पनि ग्यास नपाएपछि बाध्य भएर टेकु आएको र सास्ती मात्र खेप्नुपरेको उनले बताए। आइतबार बिहान ९ बजेबाट लाइनमा बस्दा पनि ग्यास लिने पालो नआएको उनले बताए।

चरम अभावबिच उपभोक्तालाई सहज रूपमा ग्यास उपलब्ध गराउने दाबीका साथ सरकार आफैंले सञ्चालनमा ल्याएका बिक्री केन्द्रहरूमा उपभोक्ताको बाक्लो भिड र अस्तव्यस्तताले टेकुको लाइनमा सास्ती भोगिरहेका लामा र महर्जन त प्रतिनिधि पात्र मात्र हुन्। सरकारद्वारा सञ्चालित बिक्री केन्द्रमा पुगेका हजारौं उपभोक्ता सास्ती बेहोर्न बाध्य छन्। टाढाबाट सिलिन्डर बोकेर ल्याउँदा पनि ग्यास नपाएर रित्तै फर्किनुपर्दा ठुलो पीडा हुने गरेको उपभोक्ताहरूले बताए। त्यस किसिमको हैरानीबाट उपभोक्तालाई बचाउन घरनजिकैका डिलर तथा डिपोहरूबाटै ग्यास पाउने व्यवस्था मिलाउनेतर्फ सरकार लाग्नुपर्नेमा उनीहरूले जोड दिए। टाढाबाट सिलिन्डर बोकेर आई खाली हात फर्कन बाध्य उपभोक्ता तथा बिक्रेताले सरकारलाई प्रचारबाजी छाडेर डिलरमार्फत नै ग्यास बाँड्न सुझाइरहेका छन्।

आपूर्ति व्यवस्था सहज भएका बेला सम्बन्धित व्यक्तिले फोन, मोबाइल तथा विभिन्न माध्यमबाट मगाउनेबित्तिकै सिलिन्डर लिएर उपभोक्ताको घर र भान्छासम्म सेवा दिँदै आएका व्यवसायीले यस्तो माग गरेका हुन्।

*बाँकी पृष्ठ २*

# सीमावर्ती भोगचलनको जग्गा नाप्न नेपाल–भारत सहमत

भुवन शर्मा

*काठमाडौं, साउन ३१*

नेपाल र भारतले सीमा क्षेत्रमा एकअर्काका नागरिकले भोगचलन गर्दै आएको जग्गाको नापजाँच गर्ने सहमति गरेका छन्।

भारतको लखनउमा सम्पन्न नेपाल-भारत सीमा बैठकमा यस्तो सहमति भएको नापी विभाग स्रोतले जनाएको छ। यसअघि प्रधानमन्त्री बालेन्द्र शाहले संसद्मै भारतले नेपालको मात्र नभई नेपालले पनि



> भारतको लखनउमा सम्पन्न नेपाल-भारत सीमा बैठकमा क्रस बोर्डर अकुपेसनबारे नापजाँच गर्ने सहमति भएको हो। सहमतिअनुसार उच्चतम प्रविधि प्रयोग गरी नेपाल र भारतले सीमा क्षेत्रमा एकअर्काका नागरिकले भोगचलन गर्दै आएको जग्गा नाप गरी प्रतिवेदन बुझाउने छन्।

भारतको जग्गा मिचेको अभिव्यक्ति दिएका थिए। उनको यो भनाइ निकै विवादास्पद बनेको थियो। पछि यस विषयमा परराष्ट्र मन्त्रालयले विज्ञप्ति नै जारी गर्दै थप व्याख्या गरेको थियो। प्रधानमन्त्रीको भनाइ 'क्रस बोर्डर अकुपेसन'सँग सम्बन्धित रहेको परराष्ट्र मन्त्रालयले स्पष्ट पारेका थियो। लखनउ बैठकले क्रस बोर्डर अकुपेसनबारे नापजाँच गर्ने सहमति गरेको हो।

*बाँकी पृष्ठ २*

## काठमाडौंमा भारतका प्रधानसेनापति सेठ



नेपाली सेनाका बलाधिकृत रथी प्रदीपजंग केसी भारतका प्रधानसेनापति जनरल धिरज सेठ (बायाँ) लाई त्रिभुवन विमानस्थलमा स्वागत गर्दै। *तस्बि : रासस*

काठमाडौं, साउन ३१ (नागरिक)- भारतीय प्रधानसेनापति जनरल धिरज सेठ काठमाडौं आइपुगेका छन्। प्रधानसेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणामा चार दिने नेपाल भ्रमणका क्रममा उनी आइतबार काठमाडौं आइपुगेका हुन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बलाधिकृत रथी प्रदीपजंग केसीले सेठको स्वागत गरेका थिए। नेपाली सेनाको मानार्थ महारथीको दर्जा ग्रहण गर्न उनी नेपाल आएका हुन्। नेपाली सेनाका अनुसार सेठले सोमबार नेपालको मानार्थ महारथीको दर्जा ग्रहण गर्ने छन्। पाँच सदस्यीय भ्रमण दलमा प्रधानसेनापति सेठकी पत्नी कोमल सेठ पनि सहभागी छिन्। सेठलाई सोमबार शीतलनिवासमा विशेष समारोहबिच राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको मानार्थ महारथी दर्जा प्रदान गर्ने कार्यक्रम छ।

सेठले २०२६ जुन ३० मा भारतीय सेनाको प्रधानसेनापतिको जिम्मेवारी समालेका थिए। प्रधानसेनापति बनेपछिको उनको नेपालमा पहिलो विदेश भ्रमण भएको हो। सन् १९५० यता भारतका प्रधानसेनापतिलाई नेपालको र नेपालकालाई भारतको मानार्थ महारथीको दर्जा दिने परम्परा छ। प्रधानसेनापति सिग्देलले २०८१ मंसिरमा नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुबाट भारतीय सेनाको मानार्थ महारथी दर्जा प्राप्त गरिसकेका छन्। नेपाल भ्रमणका क्रममा सेठले रक्षामन्त्रीको समेत जिम्मेवारीमा रहेका प्रधानमन्त्री बालेन्द्र शाहलगायतलाई भेट्ने कार्यक्रम छ। मित्रराष्ट्रका उच्च पदस्थ सैनिक अधिकारीको यस किसिमको भ्रमणले दुई देशबिचको सैनिक सम्बन्धलाई प्रगाढ बनाउन मद्दत पुग्ने नेपाली सेनाले बताएको छ।

## त्याग नै एमालेको पहिचान : ओली



काठमाडौं, साउन ३१ (नागरिक)- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीका नेता-कार्यकर्तालाई पदको पछाडि नलागी अग्रजहरूको त्याग र बलिदानबाट पाठ सिकेर अघि बढ्न निर्देशन दिएका छन्। उनले एमाले पद वा व्यक्तिगत स्वार्थका लागि नभई देशको आमूल परिवर्तन र जनताको सेवाका लागि बनेको बताए। एमाले झापाले आइतबार बिर्तामोडमा आयोजना गरेको 'मिसन पार्टी जागरण अभियान' कार्यक्रमको शुभारम्भ गर्दै उनले भने, 'हामी पाऔँला र खाऔँला भनेर स्वार्थका लागि होइन, परिवर्तनका लागि हिँडेका हौं।'

*बाँकी पृष्ठ २*

# देउवाले किन भने– म हिन्दु हुँ

नागरिक संवाददाता

*काठमाडौं, साउन ३१*

सक्रिय राजनीतिबाट अलग भएको आकलन गरिएका बेला नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले आफूलाई हिन्दु धर्मको पक्षमा उभ्याएका छन्। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनसँगै देउवा सत्ता राजनीतिबाट पाखा लागेका थिए। उनले पुसमा भएको विशेष महाधिवेशनबाट पार्टीको सत्ता पनि गुमाए। यी दुवै घटनापछि निष्क्रिय देखिएका देउवाले फेरि आफूलाई सक्रिय राजनीतिमा उभ्याउने संकेत देखाएका छन्।

पार्टी आधिकारिकता विवादलाई लिएर सर्वोच्च अदालतले सुनाएको फैसला पुनरवलोकनका लागि देउवा र उनी पक्षले दिएको निवेदनमा अदालतबाट निस्सा प्राप्त भएको छ। विशेष महाधिवेशनबाट पार्टी सत्ता गुमाएका देउवा साढे पाँच महिना विदेश बसेर बिहीबार स्वदेश फर्किएका थिए। पार्टी सत्ता गुमेपछि



> शेरबहादुर देउवा समूहको कांग्रेस भेलाले सनातन धर्मलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउने, १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिको निर्णयानुसार १५औं महाधिवेशन गर्ने, राष्ट्रियता र लोकतन्त्र सुदृढीकरणमा क्रियाशील रहनेसहितका पाँच प्रस्ताव पास गरेको छ।

देउवासहितको पक्ष असन्तुष्ट छ। असन्तुष्ट पक्षले विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कार्य समितिलाई अस्वीकार गर्दै आएको छ।

असन्तुष्ट पक्षले अब कसरी अगाडि बढ्ने भन्ने विषयमा शुक्रबारदेखि आइतबारसम्म काठमाडौंमा राष्ट्रिय सम्मेलन गरेको छ। बिपी पुत्र शशांक कोइराला र नोना पुत्र शेखर कोइरालालाई मञ्चमा दायाँबायाँ राखेर सम्मेलनको उद्घाटन र समापन देउवाले गरेका थिए। यसबाट देउवा अझै सक्रिय राजनीति गर्न चाहन्छन् भन्ने देखिएको छ। राष्ट्रिय भेलाका नाममा सुरु भएको कार्यक्रमलाई बिचमै राष्ट्रिय सम्मेलनमा परिणत गरिएको थियो।

देउवाले आइतबार सम्मेलन समापन गर्दै आफू हिन्दु हुँ भएको बताए। 'म हिन्दु हुँ, आफूले मान्ने धर्मबारे बोल्न पाउनु मेरो अधिकार हो' भन्दै देउवाले अरू धर्मप्रति पनि सम्मान रहेको बताए। उनले आफू हिन्दु धर्म संस्कारअनुसार नै बिहे, व्रतबन्ध, मन्दिरमा सामेल हुने गरेको बताए। 'मैले हिन्दु धर्म मान्न पाउनुपर्छ, मानेको छु, अरूले पनि आफूले मानिआएको धर्म मान्न पाउनुपर्छ। नेपाललाई हिन्दु राष्ट्र बनाउने कि नबनाउने भन्ने विषय नेपाली जनताको हो,' देउवाले भने।

राजावादी र कांग्रेसकै एक पक्षबाट नेपाललाई हिन्दु राज्य बनाउनुपर्ने माग भइरहेका बेला देउवाको यो अभिव्यक्तिलाई अर्थपूर्ण रूपमा हेरिएको छ। अर्का नेता डा. शेखर कोइरालाले शुक्रबार सम्मेलन उद्घाटनमा कांग्रेसको समग्र एकतामा जोड दिँदै मुलुकका अन्य शक्तिहरूबिचको एकताको कुरा पनि उठाएका थिए। यसबाट कांग्रेस परम्परागत शक्तिहरूसँग सहकार्यको हात बढाउन तयार रहेका विश्लेषण गर्न थालिएको छ।

सम्मेलनले सनातन धर्मलाई राष्ट्रिय पहिचानको रुपमा अघि बढाउनेसहितका पाँच वटा प्रस्ताव पास गरेको छ। यसअघिसम्म नेपाल धार्मिक स्वतन्त्रता भएको देश हो भन्दै आएका देउवा पक्षका नेताले सम्मेलनमार्फत धर्मबारे थप व्याख्या गरेका छन्।

*बाँकी पृष्ठ २*

# 'घन्टी'ले नै सुन्दैन संसद्को घन्टी

ईश्वरी सुवेदी

*काठमाडौं, साउन ३१*

प्रतिनिधिसभा नियमावली, २०८३ अनुसार संसद्मा विभिन्न चरण र अवस्थामा घन्टी बजाउने व्यवस्था छ। संसद्को दैनिक बैठक सुरु हुनुभन्दा पाँच मिनेटअघि सांसदहरूलाई बैठक कक्षमा प्रवेश गर्न र स्थान ग्रहण गर्न जनाउ घण्टी बजाइन्छ। बैठक बसिरहेको समयमा कुनै निर्णय गर्दा गणपूरक संख्यामा प्रश्न उठ्यो भने पुगेनपुगेको यकिन गर्दा तीन मिनेटको जनाउ घन्टी बजाएर सांसदहरूलाई सभाकक्षमा प्रवेश गर्न सूचित गर्ने गरिन्छ। कुनै प्रस्ताव वा विधेयकमाथि संसद्मा मत विभाजन (भोटिङ) हुने अवस्थामा सांसदहरूलाई आफ्ना कक्षहरू वा बाहिरबाट सभाकक्षभित्र आउन पाँच मिनेटको घण्टी बजाउने प्रावधान छ।

गत मंगलबार कोरम नपुगेर सचिवालयले घन्टी बजाइरहँदा घन्टी चुनाव चिह्न लिएर संसद्मा झन्डै दुई तिहाइ सिट जित हासिल गरेको पार्टीले नै सुनेन। यही कारण सो दिन बैठक स्थगित गर्नुपर्‍यो र सरकारले पेस गरेको 'खानी तथा खनिज पदार्थ विधेयक २०८३' स्वीकृत हुन सकेन। सभामुखले तीन मिनेटको जनाउ घण्टी लगाएर बोलाए पनि स्वयं रास्वपाले त्यो घण्टी नसुनेको भन्दै आलोचकहरूले प्रश्न उठाएका छन्। सत्तारूढ पार्टीले आगामी दिनमा यसरी नै घण्टी बजेको नसुनेमा संसद् महत्त्वपूर्ण कार्य गर्नबाट वञ्चित हुने चिन्ता विज्ञहरूको छ।

खानी तथा खनिज पदार्थ विधेयक २०८३ माथि विचार गरियोस् भन्ने एक मात्र कार्यसूची रहेको बैठक साढे सात घण्टाभन्दा बढी लम्बिँदा अन्तिम समयमा निर्णयार्थ पेस गर्ने बेला ६९ जना आवश्यक सांसद हुनुपर्नेमा ६१ जना मात्रै सीमित भए। बैठकको सुरुमा २२८ जनाले हाजिरी जनाए पनि भत्ता सुरक्षित गरेर १६७ सांसद बाहिरिएपछि बैठक नै स्थगित गर्नुपर्ने स्थिति आयो। विगतमा कोरमको विषयलाई राजनीतिक अजेन्डा बनाएर घण्टी बजाउँदै पुराना दलको उछित्तो काढ्ने रास्वपा स्वयं सत्तामा हुँदा आफ्नै सांसद अड्याउन नसकेर संसद्को 'कोरम पासो'मा परेको छ। प्रतिपक्षमा हुँदा कोरमको प्रश्न उठाउने र नपुगे विरोध गर्ने प्रवृत्तिले आफैंमाथि प्रश्न तेर्सिन्छ भन्ने सन्देश यस घटनाले दिएको छ। संसद् सचिवालयका अनुसार यस्तो कुरा प्रणालीबाटै हटाउने उपाय खोज्नेबारे सत्तापक्ष र प्रतिपक्ष कहिल्यै छलफल गरेका छैनन्। रास्वपाको संसदीय दलका नेता प्रधानमन्त्री बालेन शाहले संसदीय दलको बैठक पनि पर्याप्त रूपमा बोलाएको पाइँदैन।

> विगतमा कोरमको विषयलाई राजनीतिक अजेन्डा बनाएर घण्टी बजाउँदै पुराना दलको उछित्तो काढ्ने रास्वपा स्वयं सत्तामा हुँदा आफ्नै सांसद अड्याउन नसकेर संसद्को 'कोरम पासो'मा परेको छ। प्रतिपक्षमा हुँदा कोरमको प्रश्न उठाउने र नपुगे विरोध गर्ने प्रवृत्तिले आफैंमाथि प्रश्न तेर्सिन्छ भन्ने सन्देश यस घटनाले दिएको छ।

बैठकमा कांग्रेसका सचेतक निश्कल राईले कोरमका कुरा उठाएका थिए। सभामुख डोलप्रसाद अर्यालले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देशन दिएपछि नियमावलीअनुसार तीन मिनेट जनाउ घण्टी बजाई बाहिर रहेका सांसदलाई भित्र प्रवेश गर्न समय दिइएको थियो।

*बाँकी पृष्ठ २*

# इन्डोनेसिया भूकम्पमा ५३ जनाको मृत्यु, हजारौं विस्थापित

नागरिक संवाददाता

*काठमाडौं, साउन ३१*

इन्डोनेसियाको पूर्वी क्षेत्रमा शनिबार गएको भूकम्पका कारण आइतबारसम्म मृत्यु हुनेको संख्या कम्तीमा ५३ पुगेको छ। भूकम्पका कारण एक सय ३० जनाभन्दा बढी घाइते र हजारौं विस्थापित भएका छन्। ७.७ म्याग्निच्युडको भूकम्पपछि लगातार गएका परकम्प र पहिरोका कारण उद्धार प्रभावित भएको अधिकारीहरूले बताएका छन्।

भूकम्पबाट प्रभावित सिका क्षेत्रका करिब पाँच हजारजनालाई सुरक्षित स्थानमा सारिएको छ। त्यहाँको राष्ट्रिय विपद् न्यूनीकरण एजेन्सीका अनुसार तीन हजार तीन सय जनाभन्दा बढीलाई सुरक्षित स्थानमा राखिएको छ। भूकम्पका कारण घर तथा भवन भत्किएका छन् भने सडकहरू अवरुद्ध छन्। भूकम्पपछि पटकपटक परकम्प र पहिरो गएका कारण उद्धार टोलीलाई प्रभावित क्षेत्रसम्म पुग्न कठिनाइ भइरहेको छ। केही मानिस भत्किएका घरबाहिर त्रिपालबाट बनाइएका अस्थायी टहरामा बसेका छन्। घाइतेमध्ये केहीलाई अस्पतालबाहिर बनाइएका अस्थायी उपचार केन्द्रमा भर्ना गरिएको छ। इन्डोनेसिया भौगोलिक रूपमा प्रशान्त महासागरवरिपरिको भूकम्पीय हिसाबले सक्रिय क्षेत्र 'प्यासिफिक रिङ अफ फायर'मा पर्छ।

*बाँकी पृष्ठ २*



इन्डोनेसियाको मंगराईमा भूकम्पले भत्केको घर। *तस्बिर : रोयटर्स*

# देशभरि ग्यास अभाव



पृष्ठ १ बाट

ग्यास बिक्रेता महासंघ नेपालले सरकारको निर्णयबमोजिम काठमाडौं उपत्यकाभित्रका केही ठाउँमा उद्योग र विभिन्न नामका उपभोक्तालाई झन् सास्ती बनाएर थालिएको ग्यासको प्रत्यक्ष बिक्री तत्काल रोक्न माग गरेको छ। महासंघका अध्यक्ष ज्ञानेश्वर अर्यालले शनिबारदेखि निगमले नियमित प्रभावकारी वितरण प्रणाली (बिक्रेता/डिलर) पन्छाएर उद्योग र विभिन्न केन्द्रमार्फत आफैं ग्यास बेच्ने कार्यले अभाव थप जटिलता निम्त्याएको र उपभोक्ताले अनावश्यक सास्ती खेप्नुपरेको भन्दै त्यस्तो कार्य तत्काल रोक्न सरकारलाई आग्रह गरे।

अध्यक्ष अर्यालले एकातिर बिक्रेतालाई ग्यास नदिने र अर्कातिर अनुगमनको बहानामा दुःख दिने सरकारी रवैयाका कारण अहिले काठमाडौं उपत्यकालगायत मुलुकभरको आपूर्ति प्रणाली र बजार नै भद्रगोल बनेको दाबी गरे। सरकारको यस्तो प्रचारबाजी निर्णयले उपभोक्ता थप समस्यामा परेको महासंघको ठहर छ। सरकार, उद्योग र बिक्री केन्द्रका नामबाट आफैं ग्यास बिक्री गर्ने तथा अनुगमनका नाममा आम बिक्रेतालाई अनावश्यक दुःख दिने सरकारी गतिविधिप्रति ग्यास बिक्रेता महासंघले आइतबार विज्ञप्ति नै जारी गरेर आपत्ति जनाएको छ र सो निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग गरेको छ। महासंघले तत्काल ग्यास उद्योग र विभिन्न नामका बिक्री केन्द्रहरू बन्द गरी विक्रेता मार्फत मात्रै नियमित बिक्री वितरण सहज गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

सम्बन्धित डिलरमार्फत वितरण प्रणाली मिलाए मात्र उपभोक्ताले अहिले आफू बसेको टोलभन्दा धेरै टाढासम्म सिलिन्डर बोकेर दिनभर झरीमा लाइन बस्दा पनि ग्यास नलिई फर्कनसपर्ने अवस्थाको अन्त्य हुने र वास्तविक समस्या समाधान हुने महासंघको दाबी छ। यसका साथै विगत चार महिनामा करिब ६० हजार टन ग्यास कम आयात भएको तथ्यांक पनि महासंघले सार्वजनिक गरेको छ। हाल बजारमा आवश्यकताभन्दा बढी (करिब ८० लाख) नयाँ सिलिन्डर छरिएकाले पनि समस्या निम्तिएको महासंघको दाबी छ। पैसा तिरेर थप सिलिन्डर लिनेहरूलाई अहिले पनि नयाँ सिलिन्डर बिक्री नरोकिएको भन्दै महासंघले यसलाई तत्काल नियन्त्रण नगरी आगामी महिना र वर्षहरूमा ग्यास अभावको समस्या झन् विकराल बन्ने दाबी गरेको छ। नत्र देशको ग्यास आपूर्ति प्रणालीमा नै ठुलो समस्या आउने चेतावनीसमेत महासंघले दिएको छ।

एक सिलिन्डर ग्यासका लागि पानीमा रुझेर दिनभर लाइनमा पस्दा पनि नपाएर त्यसै फिर्ता हुनुपर्दा र त्यसमाथि पनि अझै नागरिकता र राष्ट्रिय परिचयपत्र अनिवार्य गरिदिँदा उपभोक्ता थप मारमा परेको महासंघले जनाएको छ। यसअघि सम्बन्धित डिलर र बिक्रेताबाट भइरहेको नियमित बिक्री तथा आपूर्ति प्रणालीमा गम्भीर समस्या र उपभोक्तालाई थप सास्ती दिएको दाबी गर्दै महासंघले सम्बन्धित निकाय नेपाल आयल निगम, वाणिज्य मन्त्रालय र संघीय सरकारले वास्तविक समस्या समाधान गर्नुको सट्टा अनावश्यक प्रचारबाजी मात्र गरिरहेको आरोप लगाएको छ। महासंघका अध्यक्ष अर्यालले यो प्रचारबाजी रोकेर तत्काल डिलरमार्फत मात्र नियमित वितरण गर्दा उपभोक्ताले पाइरहेको सास्ती अन्त्य हुने दाबी गरे।

टेकुस्थित नेपाल आयल निगम परिसरमा आइतबार पनि एक सिलिन्डर ग्यासका लागि लाइनमा बस्नेको ठुलो भिड थियो। यस्तै भिड विगत केही दिनदेखि काठमाडौंलगायत देशभरका विभिन्न सहरमा निरन्तर देखिएको छ। घामपानी नभनेर दिनभर लाइनमा पालो कुरेर बस्दा पनि ग्यास नपाएर छटपटाउनुपर्ने अवस्थाबाट कहिले मुक्ति पाइन्छ भन्दै उपभोक्ताले प्रश्न गरिरहेका छन्। तर सरकारले अनेक प्रयास गर्दा पनि उपभोक्ताको ग्यास पाउने सास्ती हटाउनेतिर ध्यान दिनुभन्दा झन् बढाइदिएको छ। अझै ग्यास अभाव बढ्दो छ। ग्यास सकिएपछि आफ्ना सानो बच्चालाई समेत चिउरा र पानी खुवाएर बचाउनुपरेको भन्दै केही उपभोक्ताको गुनासो थियो।

बिक्रेता र उपभोक्ता अधिकारकर्मीका अनुसार सरकारले आफैं बाँड्न थालेपछि ग्यासको वितरण प्रणाली झन् भद्रगोल बनेको छ। ग्यास डिलरहरूले पर्याप्त ग्यास पाएका छैनन्। डिलरबाट किनेर उपभोक्ताको घरमा पुऱ्याउने बिक्रेताहरूकोमा त झनै ग्यास पुग्न सकेको छैन। निगमका अनुसार आइतबारसम्म ५४ हजार ५०५ टन ग्यास नेपाल भित्रिएको छ। एक महिनामा भारतबाट भित्रिएको ग्यासको यो परिमाण अहिलेसम्मकै धेरै हो। यसलाई १४.२ केजीको हिसाब गर्ने हो भने साउनमा मात्र ३८ लाख ३८ हजार ग्यास सिलिन्डर उपभोक्तासम्म पुगिसकेको छ। मुलुकभित्र मासिक ग्यासको खपत ३५ लाख सिलिन्डर रहेको निगमको भनाइ छ। अहिले मागभन्दा साढे तीन लाख बढी सिलिन्डर ग्यास बिक्री गर्दा पनि अभावकै अवस्था देखिएको छ।

सरकारले अनेक उपाय अपनाउँदा पनि ग्यास अभाव हट्नुको सट्टा झन् विकराल बनिरहेको छ। यसअघि भइरहेको आपूर्ति तथा बिक्री प्रणालीलाई विश्वास गर्न छाडेर उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले प्रमुख जिल्ला अधिकारी (प्रजिअ), निगमका कर्मचारी तथा ग्याँस डिलर सञ्चालकहरूलाई बढी विश्वास गर्दा झन् समस्या भएको बताए। उनले यसअघि उद्योगका सम्बन्धित डिलर र बिक्रेताहरूबाट मात्र ग्यास आपूर्ति हुने प्रणाली थियो। उक्त प्रणालीमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारी विश्वस्त हुन नसकेका कारण अहिले यस्तो व्यवस्था गरिएको जानकारी गराए।

यसअघि ग्यास अभाव भएसँगै सरकारी निकायसितको छलफलमा निगमका कर्मचारी, ग्यास डिलर र बिक्रेताहरूले महँगोमा बेचिरहेको र एउटै व्यक्तिले धेरै ग्यास लगेर अभाव निम्तिएको बिफ्रिङ प्रजिअहरूबाट भएपछि अहिले सरकार आफैंले बेच्ने निर्णय गरेको आपूर्तिमन्त्री कुमारीको दाबी छ। शनिबारदेखि सरकारले काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा निश्चित स्थान तोकेर ग्यास बेच्ने काम गरिरहेको छ। आइतबारका लागि सरकारले काठमाडौं उपत्यकका विभिन्न स्थान आयल निगमको टेकु परिसर, पशुसेवा शाखा बुढानीलकण्ठ, नयाँबजारको जुडो हल परिसर, तारकेश्वर नगरपालिका परिसर, चन्द्रागिरि नगरपालिका कार्यालय, राष्ट्रिय क्षयरोग केन्द्रलगायत स्थानबाट ग्याँस बिक्री गरिएको थियो।



ललितपुर जिल्लाको लगनखेलस्थित सप्तपाताल पोखरी। सार्वजनिक बिदाका दिन पोखरी घुम्न आउने सर्वसाधारणको भिड लाग्छ। तस्बिर : रासस

# 'घन्टी'ले नै सुन्दैन संसद्को घन्टी

पृष्ठ १ बाट

त्यसपछि गणना गर्दा उपस्थित संख्या ६१ पुगेको थियो। एक चौथाइ अर्थात् ६९ जना नभई कोरम नपुग्ने भएकाले आवश्यक संख्या पुग्न आठ जनाको कमी भएपछि सभामुखले विचार गरियोस् भन्ने प्रस्तावको निर्णय आगामी बैठकमा हुने जानकारी गराएर बैठक स्थगित गरेका थिए।

संसद् सचिवालका अधिकारी भन्छन्, 'घण्टी बजेपछि रास्वपाका बाहिर भएका सांसद् आउँछन् र कोरम पुग्छ भन्ने सभामुखलाई लागेको थियो। अर्को बैठक सोमबार बस्दै छ। कार्यसूचीबमोजिम सोमबार तीन विधेयक दुई विधेयक विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृतका लागि निर्णयार्थ प्रस्तुत हुने अवस्थामा छन्।' गत मंगलबार (साउन २६ गते) स्वीकृत हुन नसकेको खानी तथा खनिज पदार्थ विधेयक २०८३ सहित राहदानी (पहिलो संशोधन) विधेयक २०८३ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेस हुँदै छ।

मंगलबारको बैठकमा खानी तथा खनिज पदार्थ विधेयक २०८३ माथि विचार गरियोस् भन्ने एक मात्रै कार्यसूची रहेको बैठक झन्डै साढे सात घण्टा चलेको थियो। उक्त दिन दिउँसो १ बजेर १० मिनेट जाँदा सुरु भएको बैठक राति ८ बजेर ५ मिनेटसम्म चल्यो। दिनभरिको बैठकमा खानी तथा खनिज पदार्थ विधेयकको सैद्धान्तिक छलफलमा आकस्मिक समय, शून्य समय, विशेष समयमा १३३ जनाले बोलेका थिए। संसद् सचिवालयका अनुसार धेरै सांसदले बोल्न नाम दर्ता गराउँदा दिनभरिको बैठकको ठुलो हिस्सा भाषणमै सकियो। तर यति लामो समय चलेको बैठक विधेयक स्वीकृतका लागि निर्णयार्थ पेस गर्दा कोरम पुगेन। सत्तापक्षसँग दुई तिहाइनजिकको बहुमत हुँदाहुँदै आफ्नै सरकारको विधेयक संसद्बाट स्वीकृत गराउन आवश्यक न्यूनतम ६९ जना सांसद अर्थात् गणपूरक संख्या अन्तिमसम्म टिकाइराख्न नसक्दा बैठक स्थगन भएको भन्दै सभामुखको आलोचना भएको छ।

यस घटनाले नेपाली संसदीय अभ्यासभित्रको गम्भीर गैरजिम्मेवारी, फितलो नेतृत्व र समय व्यवस्थापन तथा दलीय दाउपेचको भित्री राजनीति उदांगो पारेको विश्लेषण गरिएको छ। बैठक कुन समयमा सुरु भई कुन समयमा अनिवार्य रूपमा टुंगिने भन्ने स्पष्ट र कडा कार्य तालिका नहुनु यसको मुख्य कारण बन्यो। कार्यसूचीमा रहेका सबै प्रस्ताव सोही दिन जसरी पनि टुंग्याउने परम्परागत अभ्यासका कारण सभामुखले समयसीमा नतोकी बैठकलाई रातिसम्म लम्बाउँदै लगे। संसदीय जानकारहरूका अनुसार अति आवश्यक विधेयक पारित नै गर्ने भए मात्र रातिसम्म बैठक चल्छ, कम महत्त्वको विधेयक त्यसमा पनि पारित नभई स्वीकृतिका लागि रातिसम्म बैठक चलेको संसद्मा अभ्यास भेटिँदैन।

अहिलेका सभामुखमा अनुभव कम भएर विधेयक स्वीकृतिका लागि रातिसम्म बैठक चलाएको हुन सक्ने उनीहरूको अनुमान छ। 'सरकारले संसद्लाई बिजनेस दिएन' भन्दै सदन र सडकमा निरन्तर आवाज उठाउने प्रतिपक्ष, विधेयक निर्णय प्रक्रियामा जाने बेला भने बैठक कक्षमा भने अत्यन्त न्यून देखिन्थे। नाराबाजी र सरकारको आलोचनामा देखिने उत्साह कानुन निर्माणको वास्तविक कामप्रति देखिएन, जसले प्रतिपक्षको दोहोरो चरित्र उजागर गरेको छ। यसै सन्दर्भमा रास्वपाकी सांसद आशिका तामाङले सामाजिक सञ्जालमा सरकार फेरि पनि प्रधानमन्त्री नयाँ आए पनि सरकारी काममा उस्तै ढिलासुस्ती रहेको, जनताको गुनासा सम्बन्धित कार्यालय र मन्त्रालयमा लैजानुपर्ने, झमक्क साँझ परेपछि छोराछोरी स्कुलबाट ल्याउने समय पनि सम्झिनैपर्ने भन्दै लामो बैठक बसेको संसद्मा कोरम पुग्न गाह्रो पर्ने आशय व्यक्त गरेकी छन्। उनले लेखेको विषयलाई आधार मान्ने हो भने पनि हरेक बैठकमा दलका सचेतकहरूले आन्तरिक निर्देशन जारी गरे पनि आफ्ना सांसदहरूलाई हलभित्रै राखिराख्न असमर्थ हुन्छन्।

'संसद्मा बिजनेस माग गर्नु जति जायज हो, आएको विधेयकमा संशोधन हालेर, तर्क राखेर वा मतदानमा भाग लिएर त्यसलाई समृद्ध बनाउनु वा रोक्नु पनि प्रतिपक्षकै दायित्व हो,' एक पूर्वसांसदले भने, 'तर सरकारलाई कोरम पुऱ्याउन नसकेको देखाई नैतिक दबाबमा पार्ने उद्देश्यले जानाजान अनुपस्थित रहने प्रतिपक्षीय चाल बुझेर सत्तापक्षले जहिले पनि सजग हुनुपर्नेमा सत्तापक्षको ध्यान यतातर्फ नगएको देखिन्छ।' संविधानको धारा ९४ ले पनि प्रस्ट भनेको छ, 'संघीय संसद्को कुनै पनि सदनको बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत हुने छैन।' तर संसदीय अभ्यासमा यो संवैधानिक व्यवस्थालाई जनप्रतिनिधिहरूले पालना गर्नुपर्ने मान्यताका रूपमा भन्दा राजनीतिक हतियारका रूपमा बढी प्रयोग गर्दै आएको विश्लेषण छ।

कोरम पुग्नु वा नपुग्नु सांसदहरूको उपस्थिति अनुपस्थितिको प्राविधिक विषय मात्र होइन, यसभित्र सत्तापक्ष र प्रतिपक्ष दुवैको आ-आफ्नै रणनीतिक गणित लुकेको देखिन्छ। संसद्मा प्रत्येक विधेयक वा प्रस्ताव निर्णयार्थ पेस गर्नुअघि कतिपय देशको जस्तै डिजिटल हाजिरी लिने, कडा ह्विप प्रणाली लागु गर्ने र समयबद्ध कार्यतालिका तयार गर्ने कार्य जबसम्म हुँदैन तबसम्म गणपूरक संख्याभित्रको यही राजनीतिले कानुन निर्माण प्रक्रियालाई बन्धक बनाइराख्ने विज्ञहरूको भनाइ छ।

# देउवाले किन भने– म हिन्दु हुँ

पृष्ठ १ बाट

पारित प्रस्तावमा भनिएको छ, 'नेपालको सनातनदेखि चलिआएको धर्म संस्कृति हाम्रो राष्ट्रिय पहिचान पनि हो। नेपालमा रहिआएको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव तथा हरेक व्यक्ति र धार्मिक समुदायको आफ्नो धर्म मान्ने धार्मिक स्वतन्त्रतालाई सुनिश्चित गर्दै चलिआएका हिन्दु, बौद्ध, किरात र प्राकृत धर्मको संरक्षण गर्ने दायित्वलाई दृष्टिगत गरी सनातन धर्मलाई राष्ट्रिय पहिचानका रुपमा अघि बढाउने प्रतिबद्धता गरिन्छ।'

धर्मको विषयमा निर्णय सुनाउँदा मञ्चमा नेताद्वय प्रकाशशरण महत र विमलेन्द्र निधिबिच विवाद भएको थियो। देउवाले हस्तक्षेप गरी विवाद सुल्झाएका थिए। स्रोतका अनुसार महतले तयार गरेको मस्यौदामा 'सनातनदेखि मानिँदै आएका धर्महरू मान्न सबै स्वतन्त्र हुने' भन्ने वाक्य राखिएको थियो। तर उक्त वाक्यप्रति निधिले असहमति राखेका थिए। 'धार्मिक स्वतन्त्रता' मात्रै गर्नुपर्ने निधिको अडान थियो। यही विषयमा विवाद बढ्दा निर्णय लेखिएको कागज मञ्चमै तानातान भएको थियो।

सम्मेलनले १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्य समितिको निर्णयअनुसार १५औं महाधिवेशन सम्पन्न गर्ने प्रतिबद्धता गरेको छ। यससम्बन्धमा निर्णयमा लेखिएको छ, '१४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्य समितिको निर्णय र आयोजनामा १५औं महाधिवेशन सम्पन्न गरिनेछ। पार्टी सभापति शेरबहादुर देउवाको सभापतित्वमा १५औं महाधिवेशन सम्पन्न हुनेछ। उहाँकै नेतृत्वमा पार्टी एकताबद्ध भई १५औं महाधिवेशन सम्भव हुने दृढ विश्वास यो सम्मेलन व्यक्त गर्छ।'

त्यस्तै सम्मेलनले अहिले देश अप्ठेरोमा परेको ठहर गर्दै राष्ट्रिय एवं लोकतन्त्रवादी शक्तिहरूसँग संवाद गरी राष्ट्रियता, लोकतन्त्र सुदृढीकरणमा क्रियाशील रहने प्रतिबद्धता पास गरेको छ। '२०३३ सालमा महामानव बिपी कोइराला देशमा विद्यमान राष्ट्रिय संकटलाई ध्यानमा राखी राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर देश फर्कनुभएको थियो', निर्णयमा लेखिएको छ, 'आज पनि देश अप्ठेरो स्थितिमा छ। वर्तमान संविधानमा जनअपेक्षाबमोजिम आवश्यक संशोधन गर्न संविधानमा भएको व्यवस्थाअनुसार नै सम्बन्धित सबैसँग संवाद गरी निकास दिइने छ।'

सम्मेलनमा प्रस्तुत विभिन्न प्रस्ताव र सुझावलाई समेटेर परिमार्जनसहित पारित प्रस्तावहरूलाई लिपिबद्ध गर्ने जिम्मेवारी एनपी साउद संयोजक रहेको समितिलाई दिइएको छ। समितिमा उमाकान्त चौधरी र सीता राना सदस्य छन्। समितिको सहयोगीका रुपमा मीनबहादुर विश्वकर्मा र दीपकप्रसाद कुइँकेल छन्।


## आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

### तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/०१ गते**

यस फाइनान्सको शाखा कार्यालय बनेपा, काभ्रेपलान्चोकबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरूबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित कानून बमोजिम कर्जा असुल्ने क्रममा धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असुल उपर गरिलिनेछ। सोबाट समेत असुल उपर हुनुपर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन अनुसार तपाँइ ऋणीहरूको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणीहरू तथा व्यक्तिगत जमानीकर्ताहरूको अन्य चल अचल सम्पत्तिहरूबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरू, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरूलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरूबाट नै भराई लिईनेछ। तपाई ऋणीहरूबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीहरूको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपशिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| **नाम : रविन अधिकारी**<br>बाबु : युवराज अधिकारी<br>बाजे : वेद लाल अधिकारी<br>ना.प्र.नं. : ३०।१३८७९३<br>मिति : २०६२/०२/१५, जि.प्र.का., काभ्रेपलान्चोक।<br>ठेगाना : मंगलटार वडा नं. ६, काभ्रेपलान्चोक।<br>हाल : रोशी गा.पा. वडा नं. ९, काभ्रेपलान्चोक। | **नाम : सुमित्रा पराजुली**<br>बाबु : श्री प्रसाद पराजुली<br>पति : रविन अधिकारी<br>ससुरा : युवराज अधिकारी<br>ना.प्र.नं. : ३०३०३९/६३०<br>मिति : २०६३/११/२७, जि.प्र.का., काभ्रेपलान्चोक।<br>ठेगाना : नयाँगाऊँ वडा नं. १, काभ्रेपलान्चोक।<br>हाल : रोशी गा.पा. वडा नं. ९, काभ्रेपलान्चोक। |
| **२. ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेको विवरण** |
| **नाम : सुमित्रा पराजुली**<br>बाबु : श्री प्रसाद पराजुली<br>पति : रविन अधिकारी<br>ससुरा : युवराज अधिकारी<br>ना.प्र.नं. : ३०३०३९/६३०<br>मिति : २०६३/११/२७, जि.प्र.का., काभ्रेपलान्चोक।<br>ठेगाना : नयाँगाऊँ वडा नं. १, काभ्रेपलान्चोक।<br>हाल : रोशी गा.पा. वडा नं. ९, काभ्रेपलान्चोक। | **नाम : रविन अधिकारी**<br>बाबु : युवराज अधिकारी<br>बाजे : वेद लाल अधिकारी<br>ना.प्र.नं. : ३०।१३८७९३<br>मिति : २०६२/०२/१५, जि.प्र.का., काभ्रेपलान्चोक।<br>ठेगाना : मंगलटार वडा नं. ६, काभ्रेपलान्चोक।<br>हाल : रोशी गा.पा. वडा नं. ९, काभ्रेपलान्चोक। |

| माथि उल्लिखित कर्जाहरुमा रहेको धितो सुरक्षणको विवरण |
|---|
| भूमि प्रशासन कार्यालय काभ्रेपलान्चोकमा रविन अधिकारीको नाममा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला मंगलटार वडा नं. ०१ स्थित कित्ता नं. १०७० को क्षेत्रफल ०-९-३-० (रोपनी)को घरजग्गा तथा त्यसमा भए गरेका निर्माणहरू, लिगलगापात समेत। |

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np


# इन्डोनेसिया भूकम्पमा ५३ जनाको मृत्यु, हजारौं विस्थापित

पृष्ठ १ बाट

यहाँ विभिन्न टेक्टोनिक प्लेटहरू आपसमा ठोक्किने भएकाले भूकम्प र ज्वालामुखी विस्फोटको जोखिम उच्च छ।

**परकम्पले बढायो झन् त्रास**

भूकम्पपछि लगातार परकम्प गएका छन्। विपद् व्यवस्थापन अधिकारीहरूका अनुसार आइतबारसम्म करिब एक हजार परकम्प रेकर्ड भएका छन्। यसले उद्धारकर्मी र स्थानीय बासिन्दामा थप त्रास सिर्जना गरेको छ।

पूर्वी क्षेत्रका क्षेत्रीय विपद् व्यवस्थापन अधिकारी मार्गरिथा मोवाल्डेस दा मागाबापाले यो भूकम्पले सन् १९९२ को विनाशकारी भूकम्पको सम्झना गराएको बताइन्। उनका अनुसार १९९२ को भूकम्पले स्थानीय बासिन्दामा गहिरो मानसिक प्रभाव पारेको थियो। उद्धार अधिकारी सूर्यामानका अनुसार भूकम्पबाट सबैभन्दा प्रभावित मंगराई, पूर्वी मंगराई र नागेकेओ क्षेत्रमा भग्नावशेष हटाएर हराएका मानिसको उद्धार र खोजी गर्नु तत्कालको प्राथमिकता बनेको छ। तर पहिरो र परकम्पले उद्धारमा अवरोध पुऱ्याइरहेको उनले बताए।

सरकारले उद्धार तथा राहतका लागि तीन हजार पाँच सयभन्दा बढी सेना र प्रहरी परिचालन गरेको क्याबिनेट सचिव टेडी इन्द्र विजयाले बताएका छन्। भूकम्पपछि अवरुद्ध विद्युत् आपूर्ति अहिले पुनःस्थापित भएको छ। तर केही वितरण लाइनमा क्षति पुगेकाले मर्मत भइरहेको सरकारी विद्युत् कम्पनीले जनाएको छ। उद्धार टोलीहरू भग्नावशेष हटाउन, घाइतेको उपचार गर्न र विस्थापितलाई खाना तथा अस्थायी आवास उपलब्ध गराउन केन्द्रित छन्। (रोयटर्स)

# त्याग नै एमालेको पहिचान : ओली

पृष्ठ १ बाट

अध्यक्ष ओलीले पार्टीलाई केवल संख्यात्मक रूपमा मात्र नभई गुणात्मक रूपमा समेत मजबुत बनाउनुपर्नेमा जोड दिए। 'पार्टीमा वास्तविक सदस्यको मात्र नवीकरण हुनुपर्छ,' उनले भने, 'गैरसदस्य नवीकरण पूर्ण रूपमा बन्द गरिनुपर्छ।' नेपालमा कम्युनिस्ट पार्टी स्थापनाको ८० वर्ष र एमाले स्थापनाको ७७ वर्ष पुगेको इतिहास स्मरण गराउँदै अध्यक्ष ओलीले आन्दोलन जोगाउन पार्टीलाई विभिन्न कालखण्डमा पुनर्गठन गर्दै अघि बढाइएको बताए। २०२९ देखि २०३२ सालसम्मको आफ्नो राजनीतिक उतारचढाव र जेलजीवनका कठिन दिनहरूको चर्चा गर्दै उनले विश्वभर कम्युनिस्ट आन्दोलन कमजोर पार्न खोजिँदा पनि सिद्धान्त र निष्ठाकै बलमा एमालेलाई बलियो बनाइएको दाबी गरे। पदको पछाडि नदौडी देश र जनताका लागि निःस्वार्थ त्याग तथा बलिदान गर्न तयार हुने भावना नै एमाले कार्यकर्ताको वास्तविक पहिचान भएको उनको भनाइ थियो। कार्यक्रममा एमाले कोशी प्रदेश इन्चार्ज शेरधन राईलगायत पार्टीका शीर्ष नेताहरूले अभियानको महत्त्व र समसामयिक राजनीतिबारे धारणा राखेका थिए।

# सीमा क्षेत्रमा भोगचलनको जग्गा नापजाँच गर्न नेपाल–भारत सहमत

पृष्ठ १ बाट

स्रोतका अनुसार उक्त बैठकमा उच्चतम प्रविधि प्रयोग गरी नेपाल र भारतले सीमा क्षेत्रमा एकअर्काका नागरिकले भोगचलन गर्दै आएको जग्गाबारे नापजाँच गर्ने र तीन वर्षभित्र प्रतिवेदन तयार गरी सरकारलाई बुझाउने सहमति भएको छ। लखनउमा नापीसँग सम्बन्धित सर्भे अफिसियल कमिटी (एसओसी) को संयुक्त बैठक बसेको थियो। उक्त बैठकमा नेपालका तर्फबाट विभागका उपहानिर्देशकले नेतृत्व गरेका थिए। नेपाल-भारत सीमा निर्धारण गर्दा नदी सिमाना क्षेत्रमा फिक्स्ड बाउन्डरी प्रिन्सिपल (स्थिर सीमा सिद्धान्त) अवलम्बन गरिएको छ। यसैकारण 'क्रस बोर्डर अकुपेसन' भई एक देशका नागरिकले अर्को देशको भूभागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था छ। २०४५ सालमा नेपाल-भारत संयुक्त कार्यदलले सुगौली सन्धि हुँदा जुनजुन ठाउँमा खोलानदी थिए, त्यसलाई आधार मानेर वैज्ञानिक मापन गर्ने सहमति गरेको थियो। नापी विभागका एक कर्मचारीका अनुसार स्थिर सीमा सिद्धान्त अपनाउँदा सीमा क्षेत्रमा ५७ वटा नदीनाला प्रयोग गरिएका छन्। तर सुगौली सन्धिपछि ती नदीनालाले धार परिवर्तन गर्दा यताको भोग उता र उताको भोग यता भएको हो। त्यसैले क्रस बोर्डर अकुपेसन भनिएको हो।

सुगौली सन्धिपछि राखिएका सीमास्तम्भमध्ये हाल दर्जनौं नष्ट भएका छन् भने कतिपय बिग्रेका र गायब अवस्थामा छन्। विभागका अनुसार महाकालीको ब्रह्मदेव मन्डी बजारदेखि माथिको सिमाना र ताप्लेजुङको उच्च भूभागमा स्तम्भ गाड्न भौगोलिक विकटताका कारण निकै कठिन छ। नेपाल-भारत सीमा क्षेत्र एक हजार आठ सय ८० किलोमिटर लामो छ। तर त्यसमा लिपुलेक र लिम्पयाधुरासमेत जोड्दा अझै धेरै हुन्छ। हाल नेपाल-भारत सीमा क्षेत्रमा पाँच हजार सात सय ८५ सीमास्तम्भ छन्। सीमा क्षेत्रमा आठ हजार पाँच सय ५३ स्तम्भ गाड्नुपर्ने हुन्छ। नापी विभागका अनुसार दुई हजार सात सय ६८ वटा स्तम्भ गाड्न अझै बाँकी छ।



अछामको कमलबजार विमानस्थल प्रयोगमा नआएपछि गौचरनमा परिणत भएको छ। २०८१ पुसमा परीक्षण उडान भए पनि विमानस्थल सञ्चालनमा आउन सकेको छैन।
*तस्बिर : सुशील भण्डारी/रासस*

# प्रसूतिमा आइपुग्यो शुक्रकीटको गुणस्तर पत्ता लगाउने आधुनिक उपकरण

**पवित्रा सुनार**
*काठमाडौं, साउन ३१*

परोपकार प्रसूतिगृहमा शुक्रकीटको गुणस्तर पत्ता लगाउने आधुनिक स्वचालित उपकरण आइपुगेको छ, जुन मेसिनलाई अटोमेटिक सिमन एनालाइजर भनिन्छ। मेसिन साउनको पहिलो साता खरिद प्रक्रियाबाट आइपुगेको हो। मेसिन आए पनि रिएजेन्ट खरिद प्रक्रियामा गएको र भदौको पहिलो साता मात्र सेवा सुरु हुने अस्पतालले जनाएको छ। यसअघि यो मेसिन सरकारी तहमा टिचिङ अस्पताल महाराजगन्जमा आएको थियो। सरकारी तहमा यस्तो मेसिन ल्याउने प्रसुति गृह दोस्रो अस्पताल हुन पुगेको छ।

अस्पतालकी आइभिएफ केन्द्रकी प्रमुख डा. ज्वाला थापाका अनुसार यो उपकरण अत्याधुनिक प्रविधि हो। यो उपकरणमा पुरुषको वीर्यको गुणस्तर पहिचान गर्न सकिन्छ। यो मेसिनमा रिएजेन्टसहित शुक्रकीट राखेपछि शुक्रकीटको प्रत्येक अंगको तस्बिर र भिडियो सिधै कम्प्युटरमा देखिन्छ। शुक्रकीटको हरेक भागको आकार प्रस्ट देखाउने भएकाले साधारण एनालाइजरभन्दा यो आधुनिक मानिएको हो।

अस्पताल निर्देशक डा. अधिकारीका अनुसार यसअघि अस्पतालको आइभिएफ-निःसन्तान उपचार केन्द्र) मा साधारण उपकरणमार्फत परीक्षण हुँदा धेरै दम्पतीको गर्भधारणमा गलत परिणाम आएको थियो। साधरण मेसिनले शुक्रकीट भएको मात्र रिपोर्ट दिने तर यसको आकारका बारेमा थाहा नहुँदा गलत रिपोर्ट र गर्भधारण पनि हुन नसकेको स्थिति थियो। कतिपयमा भए पनि कतिपयमा नहुने गरेको निर्देशक अधिकारीले बताए।

साधारण एनालाइजरका कारण धेरै दम्पतीमा बाँझोपनाको उपचार असफल भएपछि अस्पतालले धेरै वर्षदेखि सरकारसँग यो उपकरण आवश्यक भएको माग गरेको थियो। गत आर्थिक वर्षमा बजेट विनियोजन भएपछि खरिद प्रक्रियाबाट उक्त उपकरण ल्याइएको हो। उक्त उपकरणको बजारमूल्य ५० लाख रुपैयाँ बराबर छ। प्रसूतिमा आउने बिरामीलाई सुलभ मूल्यमा सेवा उपलब्ध गराउने र दम्पत्तिमा हुने बाँझोपना यकिन गरी उपचार गर्न यो प्रविधि भित्र्याइएको निर्देशक अधिकारीले बताए। 'हामीकहाँ यो सेवा १२ देखि १५ हजारमै दिन सक्छौं, अन्यत्र दोब्बर महँगो पर्छ', उनले भने।




नेपालमा पछिल्लो समय धेरै पुरुषमा बाँझोपनाको समस्या देखा परेको छ। एनालाइजरको परीक्षणबाट पुरुषमा हुने बाँझोपना यकिन हुन्छ।

चिकित्सकका अनुसार यसअघि परीक्षण हुने उपकरणले सूक्ष्म शुक्रकीटको सूक्ष्मस्थितिबारे जानकारी नदिँदा सबै दम्पतीमा गर्भधान हुँदैनथ्यो। यस्तो समस्या धेरै दम्पतीमा गुणस्तरहीन शुक्रकीटको कारणले हुने तर हीनताबोध र लाञ्छनाको सिकार महिला हुने गर्थे। 'पुरुषको शुक्रकीट राम्रो हुन्थेन, तर महिला आफ्नै कारणले हो भन्ठानेर पीडित हुन्थे', उनले भने। धेरै सेवा लिन आउने यो अस्पतालमा गुणस्तरीय सेवा दिने उद्देश्यले यो मेसिन ल्याइएको अधिकारीले बताए। 'अन्यत्र आइभिएफ सेवा लिँदा दोब्बर महँगो पर्छ, तर सरकारीमा यो सेवा सबैको पहुँचमा हुन्छ', उनले भने।

निर्देशक अधिकारीका अनुसार यो उपकरणमा वीर्य राखेर परीक्षण गरेपछि त्यसको टाउको, घाँटी, शरीर र पुच्छरको स्थिति प्रस्ट देखिन्छ। यी भाग निश्चित आकारको भएमा राम्रो शुक्रकीट मानिन्छ। आकार नमिलेमा असामान्य शुक्रकीट मानिन्छ। 'शुक्रकीटको टाउको पनि हुनुपर्ने भन्दा ठूलो हुनु भएन, पुच्छर पनि लामो हुनु भएन', उनले भने।

असामान्य आकारका शुक्रकीट डिम्बाशयसँग टाँसिन नसकेपछि गर्भधान हुन सक्दैन। नेपालमा पछिल्लो समय धेरै पुरुषमा बाँझोपनाको समस्या देखा परेको छ। एनालाइजरको परीक्षणबाट पुरुषमा हुने बाँझोपना यकिन हुन्छ। 'शुक्रकीटको गुणस्तर राम्रो नभए पनि बाँझोपनामा महिला नै दोषी देखिन्थे, अब यो समस्याबाट महिला मुक्त हुन्छन्।'

पछिल्लो समय शुक्रकीटमा बाँझोपना बढेकाले आधुनिक परीक्षण आवश्यक रहेको उनले बताए। रक्सी, चुरोट, गुट्खा सेवन, अस्वस्थकर खानपान, व्यायामको कमी र बढी तापक्रम हुने खाडी मुलुकमा बसोबास गर्ने पुरुषमा पनि यो समस्या देखिने गरेको छ। यीमध्ये कुनै पनि कारणले शुक्रकीट कमजोर भएमा उपचारबाट राम्रो बन्ने चिकित्सक बताउँछन्। यसका लागि जीवनशैली परिवर्तन, औषधी तथा प्रतिस्थापित खानामार्फत उपचार गराइन्छ। यसका साथै अस्पतालमा भ्रूण सुरक्षित राख्न बेन्च टप इन्कुभेटर आएको छ। यसमा हरेक दम्पतीको भ्रूण छुट्टाछुट्टै राख्दा त्यसको गुणस्तर नघट्ने डा. अधिकारी बताउँछन्। उनका अनुसार एउटै इन्कुभेटरमा राखेमा पटकपटक खोल्दा त्यहाँ रहेका अन्य भ्रूणको तापक्रममा असर परी गुणस्तर घट्छ।

# उच्च अदालतमा मेटिएन जेनजी आन्दोलनको दाग

**अर्जुन ओली**
*नेपालगन्ज, साउन ३१*

जेनजी आन्दोलनमा आगजनी गरिएका जिल्लाका अधिकांश सरकारी कार्यालयहरू रङरोगन भएर पनि प्रयोगमा आइसकेका छन्। ती कार्यालयमा जेनजी आन्दोलनको 'दाग' लगभग मेटिसकेको छ, तर उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासमा भने अझै पनि जेनजी आन्दोलनकै झल्को देखिन्छ।

आन्दोलनका क्रममा आगजनी गरिएका अदालतका भौतिक संरचनाले राज्यलाई गिज्याइरहेका छन्। जेनजी आन्दोलन भएको ११ महिना बितिसक्दा पनि अदालत परिसर अहिले पनि 'खण्डहर' जस्तै देखिन्छ। आगजनीबाट धेरै क्षति भएको इजलासको पश्चिमतर्फको भवन भत्काएर नयाँ बनाउने योजना अलपत्र अवस्थामा छ।

२०८२ भदौ २४ गते आन्दोलनकारी समूहले इजलासको महत्त्वपूर्ण कागजातसहित भवनमा आगजनी गरेको थियो। आगजनीमा परेको उक्त भवनको परीक्षण गर्दा प्राविधिक टोलीले तत्कालका लागि प्रयोग गर्न नमिल्ने सुझाव दियो। भवन मर्मतमा धेरै बजेट खर्च लाग्ने प्राविधिक टोलीको सुझाव दिएपछि अदालत प्रशासन नयाँ भवन बनाउने निष्कर्षमा पुग्यो। यसका लागि सम्बन्धित निकायसँग बजेट माग गरिएको थियो, तर अहिलेसम्म बजेटको टुंगो नलाग्दा भवन निर्माणको योजना अलपत्र परेको कर्मचारी बताउँछन्। अरूलाई न्याय दिने निकाय आफैं राज्यबाट अन्यायमा परिरहेको छ।

अदालतका वरिष्ठतम न्यायाधीश वामदेव ज्ञवाली आगजनीमा परेको भवन प्रयोग गर्न नमिल्ने भएपछि नयाँ बनाउन खोजिएको र निर्माण गर्नका लागि बजेट सुनिश्चित नभएको बताउँछन्। आफूहरूसँग भवन नहुँदा अदालतको काम प्रभावित हुँदै आएको उनले सुनाए। 'आगजनीमा परेको भवन प्रयोग गर्न मिल्ने अवस्थामा छैन। ठाउँ अभावका कारण हामीले सबै इजलास कक्ष सञ्चालन गर्न सकिरहेका छैनौं', ज्ञवालीले भने, 'प्राविधिक स्टिमेटअनुसार आगजनीमा परेको भवनलाई मर्मत गर्ने खर्च र नयाँ बनाउने खर्च बराबर हुने देखियो, त्यसकारण पुरानो भवनलाई भत्काएर नयाँ बनाउने निष्कर्षमा पुगेका हौं।' आगजनीमा परेको अदालतका कोठा मर्मत गर्न पनि बजेट अभाव भएको उनले सुनाए।



जेनजी आन्दोलनका क्रममा आगजनीमा परेको तुलसीपुर उच्च अदालत नेपालगन्ज इजलास भवन। *तस्बिर : अर्जुन/नागरिक*

तुलसीपुर उच्च अदालत नेपालगन्ज इजलासका निमित्त रजिस्ट्रार गम्भीर राना क्षेत्री भवन अभावका कारण साँघुरो कोठाबाट सेवा दिनु परिरहेको बताउँछन्। 'ठुलो भवन आगजनीमा परेपछि साँघुरो कोठाबाट सेवा दिँदै आएका छौं', उनले भने, 'बाँके र बर्दियाका सेवाग्राहीलाई साघुँरा कोठाबाट सेवा दिनुपर्ने अवस्था छ।' साघुँरो कोठा भएका कारण विशेषगरी मुद्दा फाँटमा सेवा दिन एकदमै असहज भइरहेको यहाँका कर्मचारी बताउँछन्।

इजलासका शाखा अधिकृत एवम् सूचना अधिकारी बलबहादुर बिष्टले सुरुमा भवन मर्मत गरेर सञ्चालनमा ल्याउने तयारी भए पनि प्राविधिकको सल्लाहअनुसार नयाँ बनाउन खोजिएको बताए। 'भवन निर्माणका लागि हामीले सरकारसँग बजेट माग गरेका हौं। यो वर्ष भवन निर्माणका लागि बजेट आएको निश्चित छैन', बिष्टले भने।

आगजनी हुनुअगाडि अदालतमा चारवटा इजलास कक्ष सञ्चालनमा रहेका थिए। आगजनीपछि तीनवटा इजलास कक्षलाई मात्र मर्मत गरेर प्रयोगमा ल्याइएको छ। 'तीनवटा इजलास कक्षलाई मर्मत गरेर प्रयोगमा ल्यायौं, तर एउटा इजलास कक्षमा धेरै क्षति पुगेको थियो, त्यसमा बजेट धेरै लाग्ने भएको हुँदा मर्मत गर्न सकेनौं', सूचना अधिकारी बिष्टले भने, 'एउटा इजलास कक्ष अहिले पनि बन्द अवस्थामा छ।'

जेनजी आन्दोलनका क्रममा जलेका इजलास कक्षहरू पूर्णरूपले सञ्चालन हुन नसक्दा कामकाज प्रभावित हुन पुगेको कर्मचारीहरू बताउँछन्। आन्दोलनका क्रममा सात सय ५३ थान जलेका मुद्दामध्ये सबै मुद्दाको मिसिल खडा गरे पनि पूर्ण भने नरहेको अदालतले जनाएको छ। कर्मचारीका अनुसार अधिकांश मिसिलमा अत्यावश्यक कागजात नै छैनन्। मिसिल पूरा गर्न सम्बन्धित कार्यालयबाट पुनः प्राप्ति गर्नुपर्ने व्यवस्था छ।

# नजिकबाट नागको दर्शन गर्न आउनुहुन्छ ?

**कृष्ण किसी**
*भक्तपुर, साउन ३१*

इतिहासमा पहिलोपटक यहाँको नागपोखरीको नागलाई नजिकबाट दर्शन गर्न मिल्ने भएको छ। सोमबार नागपञ्चमीको दिन भक्तपुरको नागपोखरीको बिच भागमा रहेको नागस्थलसम्म पुग्नका लागि पुल बनाएपछि यो अवसर मिल्ने भएको हो।



पोखरीसम्म पुग्ने पाँच फिट चौडाइ, ४४ फिट लामो पुल आइतबार निर्माण गरिसकिएको छ। फलामको सहायताले नट कसेर पोखरीमा अस्थायी पुल बनाइएको हो। सुरक्षालाई ध्यानमा राखी एकपटकमा पाँच-पाँच जनालाई दर्शनार्थ पठाउने योजना बनाइएको छ। पुल नागपञ्चमीमा एक दिन मात्र सञ्चालन गरी हटाइने छ।

नागपोखरी भक्तपुर नगरपालिका-१० थालाछेंमा रहेको छ। वडा नं १० र नागपुखु (नागपोखरी) संरक्षण समितिको संयुक्त सहकार्यमा नागपञ्चमी उत्सव २०८३ आयोजना गरिएको छ। उत्सव दिनभर चल्नेछ। आयोजकका अनुसार कार्यक्रम बिहान आठ बजे सुरु हुने छ। बिहान भ्वायलिन, बाँसुरी र खीँ एकैपटक बजाएर सयजनाले प्रस्तुति दिने आयोजकले जनाएको छ। साथै दिनभर नाग पूजाको व्यवस्था मिलाइएको छ। पूजाका क्रममा मंगल धुन, सिलु धुनलगायत विभिन्न नेवारी धुन प्रस्तुत गरिने छ। बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म भजन तथा सांगीतिक कार्यक्रम गरिने छ।

आयोजक नागपुखु (नागपोखरी) संरक्षण समितिका कोषाध्यक्ष सुजन शिल्पकारले नजिकबाट नागको दर्शन गर्न सबैसँग अनुरोध गरेका छन्। 'नागको प्रत्यक्ष दर्शन गर्न पाएको हामीले अहिलेसम्म थाहा पाएका छैनौं', उनले नागरिकसँग भने, पोखरीको बिचमा पुग्ने व्यवस्था नभएकाले अहिलेसम्म यस्तो अवसर नआएको हो। नागपोखरीको ऐतिहासिक तथा धार्मिक महत्त्वबारे जानकारी गराई पर्यटकस्थलका रूपमा विकास गर्ने उद्देश्यले यस वर्ष विशेष कार्यक्रम आयोजना गरिएको उनको भनाइ छ।

स्थानीय कृष्णराम दुवालले यसअघिका वर्षमा नागपञ्चमीको दिन नागपूजा हुने गरे पनि नजिकबाट नागको दर्शन गर्न नपाएको स्मरण गरे। यस दिन नागस्थानमा कपासबाट नागको आकृति बनाएर अबिर, अक्षतालगायत सामग्रीले पूजा गर्ने र दूधको अर्घ्य दिने गरिन्छ। यस दिन दूधबाट बनाइएका विशेष परिकार तथा बारीमा फलेका नयाँ फलफूलसमेत नागलाई चढाउने परम्परा छ। नागपूजा गरेमा नागको भयबाट मुक्ति पाइने जनविश्वास छ।

भक्तपुर नगरपालिकाका अनुसार वडा नं १० भित्र नागपोखरीसहित आधा दर्जन पोखरी छन्। तःमारीस्थित विश्व सम्पदा सूचीमा सूचीकृत पाँचतले मन्दिर निर्माण गर्न यही पोखरीबाट माटो लगिएको मन्दिरस्थित शिलालेखमा उल्लेख छ। माटो निकालिएपछि बनेको खाल्डोमा राजा भूपतीन्द्र मल्लले नाग स्थापना गराएको जनविश्वास छ। पोखरीको मध्यभागमा नागको प्रतिमा रहेकाले यस पोखरीको नाम नागपोखरी रहेको हो। यस पोखरीलाई थालाछेँ पुखु नामले पनि चिनिन्छ।

## निर्माण नसकिँदै उप्कियो कालोपत्र

**ललित विष्ट**
*कालीकोट, साउन ३१*

कर्णाली राजमार्गअन्तर्गत कालीकोटको खाँडाचक्र नगरपालिका- १ सशस्त्र प्रहरी क्याम्पनजिकैको सडक कालोपत्र नसकिँदै उप्किन थालेको छ। निर्माण ठेक्का पाएको भौरव मष्टो निर्माण सेवा दैलेखले गरेको उक्त कालोपत्र सम्पन्न नहुँदै उप्किन थालेको हो।

सशस्त्र प्रहरी क्याम्पदेखि अस्पतालसम्मको साढे एक किलोमिटर सडकको केही भाग केही समयअगाडि मात्रै कालोपत्र गरिएको थियो। निर्माण व्यवसायीले हिउँदमा गर्नुपर्ने काम असारमा हिलो माटोमाथि कालोपत्र गरेकाले उप्किन थालेको स्थानीय सुमन विष्टले बताए। कालोपत्र गरिएको धेरै ठाउँमा सतह उप्किएर माटो देखिन थालेको छ। यसले गर्दा सडक प्रयोगकर्ताले निर्माण गुणस्तर नभएको भन्दै प्रश्नसमेत उठाउन थालेका छन्। कालोपत्र सडकमा सवारी चाप कम हुँदासमेत कालोपत्र उप्किन थालेपछि स्थानीयले आक्रोश पोखेका हुन्।

सडक डिभिजन कार्यालय जुम्लाले आर्थिक वर्ष २०८१/८२ मा भौरव मष्टो निर्माण सेवा दैलेखलाई एक करोड २८ लाखमा ठेक्का सम्झौता गरेको थियो, तर कामको म्याद सकिन लाग्दा वर्षायाममा काम सुरु गरेपछि कालोपत्रको सतह उप्किएर हो। निर्माण कम्पनीले अन्तिम समयमा हतारमा काम सक्ने प्रयास गर्दा कमसल सामग्री प्रयोग गरेको र त्यसकै परिणामस्वरूप कालोपत्र उप्किएको स्थानीय माधव पाण्डेले बताए।

कालोपत्रको गुणस्तर परीक्षण नभएको सडक डिभिजन जुम्लाले जनाएको छ। उक्त स्थानमा पुरानो तह हटाएर पुनः कालोपत्र गर्ने, आवश्यक स्थानमा आधार तह सुधार गर्ने तथा प्राविधिक मापदण्ड पूरा गराएर मात्र सडकको भुक्तानी हुने सडक डिभिजन जुम्लाका इन्जिनियर सौरभकुमार सिंहले जानकारी दिए।

कालोपत्र सडकको भुक्तानी रोकिएको र निर्माण कम्पनी कामसमेत सम्पन्न नगरेको उनको भनाइ छ।

# दाहसंस्कार स्थलमा तीन किशोरको सम्झना

**अमर खड्का**
*इटहरी, साउन ३१*

सुनसरी देवानगन्ज- ३ कप्तानगन्ज बजारको पश्चिमतर्फ माटोको सानो ढिस्को अहिले तीन युवाको सम्झनास्थल बनेको छ। चोकमै राखिएको ब्यानरमा उनीहरूको तस्बिरसँगै श्रद्धाञ्जली लेखेर टाँसिएको छ। साउन १० गते दुई पक्षबिच भएको झडपले हिंसात्मक रूप लिँदा ज्यान गुमाएका २५ वर्षीय ओमप्रकाश मेहता, २१ वर्षीय जयप्रकाश मेहता र १९ वर्षीय रवीन्द्र मेहताको अन्तिम संस्कार यही स्थानमा गरिएको थियो।

अन्त्येष्टि सकिएपछि त्यसको संकेतस्वरूप सानो माटोको ढिस्को उठाइएको छ। उत्तरदेखि दक्षिणतर्फ एउटै लहरमा रहेका ती ढिस्कोमा क्रमशः ओमप्रकाश, जयप्रकाश र रवीन्द्रको शव जलाएको संकेत मानेर पूजा गर्ने गरिएको छ। त्यही स्थानमा पुगेर रवीन्द्रका दिदीहरू मालतीकुमारी, शान्तिकुमारी र बहिनी प्रीतिकुमारीले आइतबार पाँचौं दिन पूजा गरे। उनीहरूले रवीन्द्रको आत्माले वैकुण्ठ बास पाओस् भन्ने कामना गर्दै मुठी उठाएर भने, 'सहिद रवीन्द्रको जय होस्।'

रवीन्द्रका हजुरबुबा ८८ वर्षीय संविधानसभा सदस्य मुगालाल मेहता पनि त्यहीं थिए। उनले परिवारको पीडा सुनाउँदै भने, 'भतिजाको एउटै छोरा पनि सधैंका लागि बिदा भयो। भतिजा र बुहारीले अर्को छोरा जन्माउन सक्ने अवस्था पनि छैन।'



रवीन्द्रको सम्झनामा काजकिरिया थालेको पाँचौं दिन आइतबार पूजाअर्चना गर्दै दिदीबहिनीसँग आफन्त। *तस्बिर : नागरिक*

रवीन्द्रका बाबुआमा विजयकुमार र विमला पुत्रवियोगले सम्हालिन सकेका छैनन्। उनीहरू जतिखेर पनि टोलाएको देखिन्छ। 'बुबाआमालाई पटकपटक सम्झायौं, तर दाजुको यादले चिन्तामै हुनुहुन्छ', रवीन्द्रकी बहिनी प्रीतिले भनिन्।

उनका अनुसार रवीन्द्र दिदीबहिनीलाई माया गर्थे। 'अब मलाई कसले माया गर्छ ? भएको एउटा दाजु पनि गुमाउनुपऱ्यो', उनले भनिन्। झडप भएको खबर सुनेपछि घर आएका रवीन्द्र घटनास्थल हेर्न गएका थिए।

रवीन्द्रका हजुरबुबा मुगालललाई २००७ सालयताका सबै घटनाक्रम याद छ। कप्तानगन्जमा पहिलोपटक जातीय ढंगले झडप भएर हिंसात्मक रूप लिएको हो। 'घटनालाई भड्काउनेमा बाहिरका मान्छेहरू पनि होलान्। गाउँका त हुने नै भए। दोषीलाई पक्राउ गरेर कारबाही गर्नुपर्नेमा प्रहरी प्रशासनले जुन सक्रियता देखाउनुपर्ने हो, त्यो नदेखाउँदा फेरि पनि समस्या निम्तिन सक्ने खतरा छ।'

उनका अनुसार कप्तानगन्ज घटना खास गरेर हिन्दु र मुस्लिम दुई समूहमा विभाजन भएर भए पनि इमानदार मुस्लिमलाई पनि यतिबेला मार परेको छ। साउन १० गते राति घटनापछि कप्तानगन्ज बजार क्षेत्रमा लामो समय आन्दोलन भयो। पछिल्लोपटक साउन २७ गते रवीन्द्रको अन्तिम दाहसंस्कार भएपछि मात्र स्थानीयले आन्दोलन रोके।

देवानगन्ज घटनामा मृत्यु भएका ओमप्रकाश, जयप्रकाश र रवीन्द्रलाई सरकारले साउन २६ गते सहिद घोषणा गरेको थियो। गृहमन्त्री सुदन गुरुङले पहिलोपल्ट साउन १४ गते राति र दोस्रोपटक साउन २५ गते राति रवीन्द्रका आफन्तसँग घटनामा मृत्यु भएका परिवारलाई सहिद घोषणासँगै मृतकलाई प्रतिपरिवार १० लाख रुपैयाँका दरले राहत उपलब्ध गराउने, घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्ने तथा परिवारका एक-एक जना सदस्यलाई रोजगारीको अवसर दिने सहमति भएको थियो।

आन्दोलन रोकिए पनि कप्तानगन्ज बजार क्षेत्रको चहलपहल फर्किन सकेको छैन। बजार खुलेको चार दिन भए पनि ग्राहक न्यून संख्यामा आउने गरेका छन्। स्थानीय होटल व्यवसायी चाँदनी शर्माका अनुसार सामानसमेत पर्याप्त राख्न छाडिएको छ। 'पहिले बजारमा भीड हुन्थ्यो। अहिले फाट्टफुट्ट मात्र मानिस आउँछन्', उनले भनिन्।

सोही ठाउँका ७२ वर्षीय महेषप्रसाद यादवलाई बजार सुनसान लाग्छ। पहिले हिन्दु र मुस्लिम समुदायका मानिसको समान सहभागिता हुने कप्तानगन्ज बजार अहिले विभाजितजस्तो देखिएको छ। 'हिन्दु समुदाय बजारमा फाट्टफुट्ट आउँछन्, तर मुस्लिम समुदायका त दुई/चारजना आक्कलझुक्कल आउँछन्।'

दुई वर्षअघिसम्म कप्तानगन्ज पशु बजारका लागि परिचित थियो। पशु बजार हटेपछि तरकारी बजारले यसको पहिचान कायम राखेको थियो, तर पछिल्लो हिंसात्मक घटनाले बजारको सामाजिक र आर्थिक गतिविधिमा असर परेको मनोज किराना पसल सञ्चालक मनोज मेहताले भने। 'अब बजारको पुरानो नाम र पहिचान हराउने हो कि भन्ने चिन्ता छ', मनोजले भने।

घटनापछि मुस्लिम समुदायका धेरै मानिस बजार आउन छाडेका छन्। केही सीमित व्यक्ति मात्र आउने गरेका छन्। मुस्लिम बस्तीका मानिसहरूको भेटघाटका लागि अयुब मियाँले भर्खरै चियापसल सञ्चालन गरेका छन्। त्यही पसलमा मुस्लिम समुदायका मानिस भेला भएर कुराकानी गर्छन्। 'हामी पहिलाजस्तै भाइचाराको वातावरण चाहन्छौं', मुस्लिम बस्तीका अगुवा जैयर मियाँ भन्छन्। तर दुई समुदायबिचको दूरी घटाउन प्रभावकारी पहल हुन सकेको छैन।

दुवै समुदायका मानिस अझै निर्धक्कसँग हिँडडुल गर्दैनन्। कतिसम्म भने घाँस काट्न जाँदा पनि दुवै समुदायलाई अझै मनमा त्रास रहेको महेशप्रसादले बताए। 'मुस्लिम समुदायका महिलाले हिन्दु पक्षको खेतमा घाँस काटेको विषयमा सामान्य विवाद भइरहेको छ', उनले भने, 'खेतमा जाँदा मुस्लिम पनि हिन्दुको खेत भएर जानुपर्छ र हिन्दु पनि मुस्लिमको खेतबाट आउजाउ गर्नुपर्छ।' यतिबेला यही विषयमा विवाद हुन थालेको छ।

'यस्ता सामान्य कुरामा विवाद हुन थालेपछि अब कसरी दैनिकी चल्छ ?', उनले हात जोड्दै भने, 'यो सहज वातावरण होस्।' एकातिर हिन्दु समुदायभित्र तीनजना किशोरको मृत्युले आफन्त सम्हालिन सकेका छैनन्। अर्कातिर मुस्लिम समुदायका व्यक्ति पनि रातभर त्रासमा छन्।

दृष्टिकोण सामान्य कुरा हो तर त्यसले धेरै ठुलो फरक पार्छ।
– विन्टन चर्चिल

# असफल ग्यास व्यवस्थापन

खाना पकाउने एलपी ग्यासजस्तो अत्यावश्यक वस्तुका लागि नागरिकले घामपानी नभनी दिनभर लाइन बस्नुपर्ने अवस्था कुनै पनि सभ्य र उत्तरदायी राज्यका लागि लज्जाको विषय हो। मुलुकभर झन्डै एक महिनादेखि ग्यासको चरम अभाव भइरहेका बेला समस्या समाधान गर्न सरकारले थालेको प्रत्यक्ष बिक्री प्रणालीले उपभोक्ताको सास्ती सोचेअनुसार भटाएको छैन। नागरिकता र राष्ट्रिय परिचयपत्रका आधारमा तोकिएका सरकारी बिक्री केन्द्रबाट ग्यास वितरण गर्ने निर्णय कागजमा जति प्रभावकारी देखिए पनि व्यवहारमा त्यो अस्तव्यस्त, अपारदर्शी र अव्यावहारिक देखिएको छ।

काभ्रेस्थलीबाट खाली सिलिन्डर बोकेर टेकुस्थित नेपाल आयल निगमको बिक्री केन्द्रमा पुगेका राजेन्द्र लामा ६ घण्टा लाइन बसेर पनि ग्यास नपाई फर्किनुपर्‍यो। बिहानको चर्को घाम र दिउँसोको वर्षासमेत सहेर लाइनमा बसेका दीपेश महर्जनको अवस्था पनि फरक रहेन। यस्ता उपभोक्ताका कथा अहिले काठमाडौंमा मात्र होइन, देशका विभिन्न सहरमा दोहोरिइरहेका छन्। एक सिलिन्डर ग्यासका लागि दिनभर लाइन बस्नु, पालो आउँदासम्म ग्यास सकिनु र अन्ततः खाली सिलिन्डरसहित घर फर्किनुपर्ने अवस्था आउनु राज्यको आपूर्ति व्यवस्थापनको गम्भीर विफलता हो।

ग्यास अभावको अवस्थामा सरकारले आपूर्ति सहज बनाउन हस्तक्षेप गर्नु स्वाभाविक हो तर हस्तक्षेपको अर्थ विद्यमान वितरण प्रणालीलाई ध्वस्त पारेर नयाँ र परीक्षणविहीन प्रणाली खडा गर्नु होइन। सरकारले आफैं ग्यास बेच्ने निर्णय गरेपछि नियमित रूपमा उपभोक्तासम्म ग्यास पुर्‍याउँदै आएका डिलर तथा बिक्रेतालाई पन्छाइएको छ। परिणामतः एकातिर सरकारी बिक्री केन्द्रमा अस्वाभाविक भिड बढेको छ भने अर्कातिर स्थानीय डिपो र डिलरमा ग्यासको अभाव भएको छ। नागरिकलाई घरनजिकैबाट सेवा दिने संयन्त्रलाई निष्क्रिय पारेर टाढाटाढाबाट सिलिन्डर बोकेर सरकारी केन्द्रमा आउन बाध्य हुँदा नागरिकलाई झनै दुःख भएको छ।

ग्यास बिक्रेता महासंघले पनि नियमित डिलर प्रणालीलाई पन्छाएर प्रत्यक्ष बिक्री सुरु गर्दा समस्या झन् जटिल बनेको दाबी गरेको छ। महासंघको सुझावलाई जस्ताको तस्तै स्वीकार गर्नैपर्छ भन्ने होइन। व्यापारी तथा बिक्रेताको स्वार्थ पनि त्यसमा जोडिएको हुन सक्छ तर सरकारले उठेका प्रश्नलाई पूर्वाग्रहका आधारमा अस्वीकार गर्नुहुँदैन। कुन प्रणालीबाट छिटो, पारदर्शी र समान रूपमा उपभोक्तासम्म ग्यास पुग्छ भन्ने विषयमा तथ्य र परिणामका आधारमा निर्णय हुनुपर्छ। अहिलेको अनुभवले सरकारी बिक्री केन्द्रमा लामो लाइन लाग्ने, ग्यासको उपलब्धता निश्चित नहुने र उपभोक्ता रित्तै फर्किने अवस्था सिर्जना गरेको छ भने सरकारले आफ्नो निर्णयको पुनरावलोकन गर्न ढिला गर्नुहुँदैन।

> मागभन्दा बढी ग्यास आयात तथा बिक्री भएको अवस्थामा पनि बजारमा अभाव देखिनुले स्वाभाविक आपूर्ति संकटभन्दा बढी वितरण प्रणाली, भण्डारण, कालोबजारी, कृत्रिम अभाव वा आपूर्तिको असमान व्यवस्थापनतर्फ संकेत गर्छ।

अझ गम्भीर प्रश्न ग्यासको वास्तविक अभाव हो कि वितरण प्रणालीको असफलता भन्ने हो। नेपाल आयल निगमका अनुसार साउनमा मात्रै ५४ हजार पाँच सय पाँच टन ग्यास नेपाल भित्रिएको छ, जुन एक महिनामा भारतबाट भित्रिएको अहिलेसम्मकै धेरै परिमाण हो। १४.२ किलोका आधारमा यो करिब ३८ लाख ३८ हजार सिलिन्डर बराबर हुन्छ। निगमकै तथ्यांकअनुसार मुलुकको मासिक खपत करिब ३५ लाख सिलिन्डर छ। मागभन्दा बढी ग्यास आयात तथा बिक्री भएको अवस्थामा पनि बजारमा अभाव देखिनु स्वाभाविक आपूर्ति संकटभन्दा बढी वितरण प्रणाली, भण्डारण, कालोबजारी, कृत्रिम अभाव वा आपूर्तिको असमान व्यवस्थापनतर्फ संकेत गर्छ।

यसको अर्थ ग्यासको अभाव छैन भन्ने होइन। विगत चार महिनामा करिब ६० हजार टन कम आयात भएको भन्ने बिक्रेता महासंघको तथ्यांक पनि सार्वजनिक भएको छ। यस्तो दाबी र निगमको तथ्यांकबिच देखिएको अन्तरलाई सरकारले स्पष्ट पार्नुपर्छ। कति ग्यास आयात भयो, कति उद्योगले पाए, कति सिलिन्डर भरिए, कति बिक्री भयो, कुन क्षेत्रमा कति खपत भयो र कहाँ अभाव भयो भन्ने तथ्य सार्वजनिक नगरी केवल आपूर्ति सहज हुँदै छ भन्नुको अर्थ रहँदैन। आपूर्ति प्रणालीमा कहाँ चुहावट वा अवरोध छ भन्ने पत्ता लगाउन सरकारसँग तथ्यमा आधारित अनुगमन र अभिलेख प्रणाली हुनुपर्छ।

सरकारले अहिले गर्नुपर्ने पहिलो काम प्रचार होइन, व्यवस्थापन हो। उपलब्ध ग्यासको परिमाणभन्दा धेरै उपभोक्तालाई बोलाएर घण्टौं लाइनमा राख्नुहुँदैन। त्यस्तै ग्यास सकिएपछि पनि पालो कुर्न लगाउनु प्रशासनिक असंवेदनशीलताको उदाहरण हो।

त्यसैगरी ग्यास वितरणलाई सकेसम्म उपभोक्ताको घरनजिक पुर्‍याउनुपर्छ। नियमित डिलर र बिक्रेता प्रणालीमा कमजोरी छन् भने तिनलाई सुधार गर्नुपर्छ, अनुगमन गर्नुपर्छ र दोषी भेटिए कारबाही गर्नुपर्छ। तर सम्पूर्ण वितरण संयन्त्रलाई नै अविश्वास गरेर राज्य आफैं बिक्री केन्द्रमा बसेर सिलिन्डर बाँड्न खोज्नु दीर्घकालीन समाधान हुन सक्दैन। राज्यको भूमिका बजारमा पसल थाप्नु होइन, आपूर्ति सुनिश्चित गर्नु, नियम बनाउनु, अनुगमन गर्नु र विकृतिलाई नियन्त्रण गर्नु हो। सरकारले कालोबजारी, कृत्रिम अभाव र बढी मूल्य असुली भएको भए त्यसको कठोर अनुगमन गर्नुपर्छ तर अनुगमनको अर्थ सबै बिक्रेतालाई शंकाको दृष्टिले हेर्नु होइन। असल व्यवसायीलाई सहकार्यमा लिएर, दोषीलाई प्रमाणका आधारमा कारबाही गर्दै आपूर्ति शृंखलालाई सक्रिय बनाउनुपर्छ। ग्यास उद्योग, निगम, डिलर, बिक्रेता र स्थानीय प्रशासनबिच समन्वय नहुँदा उपभोक्ता सबैभन्दा ठुलो मारमा पर्छन्।



डा. गाउँले बलदेव शर्मा अधिकारी

# म आफैँलाई र मेरो सरकारलाई गम्भीर प्रश्न !




**अचेल सहिष्णु नेपाली नागरिकहरूका बोली तथा व्यवहारहरू नकारात्मक र प्रतिक्रियात्मक मात्र किन भइरहेका छन् ? यो संवत्सरको नाम रौद्र हो । रौद्रावतार पशुपतिनाथले जे गरिरहेका छन्, भलो मात्रै गरिरहेका छन्; मेरो आध्यात्मिक चेतना शिवपाउमा पुगेर मौन बस्छ ।**

*हुन् क्यारे भोटे शङ्कर बस्छन् कैलास भोटमा।*
*भोटेका नाउँ प्रेमले बज्यो मधेशी ओठमा ॥*
*लुम्बिनी तराई-मधेशमै पर्छ बुद्ध हुन् मधेशी ?*
*बस्तछन् क्यारे भोटेका मनमा मारेर पलेटी ॥*
*(साभार : आफ्नै 'पर-लोकतन्त्र' महाकाव्यबाट)*

मुक्तिनाथ बौद्धका हुन् कि हिन्दूका ? हलेसी किरातका हुन् कि हिन्दूका ? लुम्बिनी क्षेत्र र पाशुपत क्षेत्र हिन्दूका हुन् कि बौद्धका ? देवी-मन्दिरका पूजारी मगर, बज्राचार्य र कर्माचार्यहरू बौद्ध हुन् कि हिन्दू ? म पनि मष्टो पूजक हुँ; मेरा कुलदेवता क्षेत्रपाल र विन्ध्यवासिनी हिन्दू हुन् कि मष्टो ?

अज्ञानवश हो कि पर-प्रभाववश हो ? अचेल टिकटक, फेसबुक र युटुबहरूमा मच्चिएको खलबलीले सहिष्णु नेपाली संस्कृतिमा भूकम्प मात्रै ल्याउन चाहेको बुझिन्छ।

मैले बुझेसम्म माघे संक्रान्ति र साउने संक्रान्ति हामी अधिकारी थरी अथवा तागाधारीहरूका शास्त्रीय पर्व हुँदै होइनन्; तर अब यी पर्वहरू हाम्रा साझा संस्कृति भएका छन्। साउन एक गतेदेखि दक्षिणायन लाग्ने हुनाले आउँदो ६ महिनासम्म कसैको मृत्यु नहोस् भन्ने कामना गरिन्छ; माघ एक गतेपछि उत्तरायण हुने हुनाले निर्धक्कसँग भन्छौं, मरे पनि माघदेखि असारभित्रै मरिन्छ !

माघी विशेषतः थारू जातिको महान् पर्व हो। साउने संक्रान्तिमा हामीहरू अनेक वनस्पति र ऋतुफल बटुलेर भिन्न-भिन्न दिशातिर अगुल्टो हुत्त्याउँदै लुतो फाल्थ्यौं; बाहुन-गाउँमा आएको त्यो संस्कृति त गुरुङहरूले पठाइदिएको उपहार पो रहेछ !

जनैपूर्णिमा तागाधारीको जनैपर्व भन्ठानेको, कहाँ पाएर हुनु ? रसुवा र धादिङका तामाङहरू यस पर्वलाई आफ्नै सर्वश्रेष्ठ चाड मान्दा रहेछन् !

भगवान् शिव तन्त्रशास्त्रका अधिष्ठाता अनि धादिङ र रसुवाका झाँक्री तामाङहरू तान्त्रिक ! सृष्टिकालदेखि नै भोटमा बस्दै आएका भोटे आदिवासी शिवजी बलदेवका इष्टदेव हुन्। तामाङ गाउँको सिरानमा लम्पसार परेका गोस्वामी नीलकण्ठ शिव भगवान्को थर तामाङ पनि होइन र अधिकारी पनि होइन। उसो भए के होला हँ ?

गत वर्ष शिवलोक कैलास पुग्ने अवसर जुर्‍यो; बाहुन-क्षेत्रीका परम-आराध्य शिवको आदिभूमिमा बाहुन-क्षेत्रीको घर एउटै पनि थिएन। भगवान् शिवको एउटा नाम आर्य हो; भगवती शिवाको नाम आर्या हो। आदिवासी तिब्बतीहरू आर्य नभएर को हुन् त ?

तिब्बती बालकहरूले साष्टाङ्ग दण्डवत् गर्दै कैलासको पूरा परिक्रमा गरेको दृश्यले मलाई भावुक बनायो; एकजना बालकलाई साक्षात् शिव सम्झिएर प्रणाम गरेँ तर नाक चाहिँ नापिनँ। उनी र उनका अभिभावकले मुसुक्क हाँसेर प्रणामको पैँचो तिरे।

बौद्धहरूको 'ॐ मणिपद्मे हुं अथवा ॐ मानेपिमे हुं'लाई मैले वेदमन्त्रभन्दा भिन्न मानेकै छैनँ; शिव-सहस्र-नाममा बुद्धका नाम बग्रेल्ती छन्। हामी गौतम बुद्धलाई विष्णुका प्रमुख दश अवतारमध्येका एक मान्दै छौं; स्वयम्भूनाथमा पुग्दा मैले पशुपतिनाथमा पाएकै आनन्द पाएको छु।

अचेल सहिष्णु नेपाली नागरिकहरूका बोली तथा व्यवहारहरू नकारात्मक र प्रतिक्रियात्मक मात्र किन भइरहेका छन् ? यो संवत्सरको नाम रौद्र हो। रौद्रावतार पशुपतिनाथले जे गरिरहेका छन्, भलो मात्रै गरिरहेका छन्; मेरो आध्यात्मिक चेतना शिवपाउमा पुगेर मौन बस्छ।

वैदिक सनातन संस्कृतिले भोक्ताब्रह्म समष्टि जीव शिव, भोग्यब्रह्म प्रकृति अर्थात् माया अनि प्रेरक ब्रह्म परब्रह्म गरी तीन प्रकारका ब्रह्मको अस्तित्व स्वीकार गर्दछ। परस्परका पूरक हुनाले यी तीन ब्रह्म तीन नभएर एक हुन्। समष्टि जीव शिव र परब्रह्म तत्त्वतः अभिन्न हुन्; अद्वितीय हुन्। प्रकृति ब्रह्म यी दुईका साझा शक्ति हुन्।

शिव अद्वितीय एवं सर्वश्रेष्ठ वैष्णव हुन् भने श्रीकृष्ण अद्वितीय एवं सर्वश्रेष्ठ शैव हुन्। प्रकृति यिनै दुई मायावीकी साझा शक्ति हुन्। यसकारण शैव, शाक्त र वैष्णव सम्प्रदायले एक-अर्कालाई पूरक र अभिन्न मान्दछन्।

अरुण सुवेदीजी २०४७ सालदेखि मेरा निकटस्थ मित्र हुनुहुन्छ। उहाँका कतिपय कुरा म बुझ्दै बुझ्दिनँ। उहाँले सांस्कृतिक राष्ट्रवादका कुरा उठाउनुभएको भिडियो चाहिँ धेरैपल्ट हेरेँ। राष्ट्रभाषाको रक्षणमा उहाँ र म अभिन्न छौं। उहाँले भन्नुभएको नेपाल-केन्द्रित परराष्ट्र-नीति एवं सांस्कृतिक राष्ट्रवादका कुरासँग मैले असहमत हुनुपर्ने कारण देखिनँ।

> माघे संक्रान्ति र साउने संक्रान्ति हामी अधिकारी थरी अथवा तागाधारीहरूका शास्त्रीय पर्व हुँदै होइनन् तर अब यी पर्वहरू हाम्रा साझा संस्कृति भएका छन्। साउन एक गतेदेखि दक्षिणायन लाग्ने हुनाले आउँदो ६ महिनासम्म कसैको मृत्यु नहोस् भन्ने कामना गरिन्छ; माघ १ गतेपछि उत्तरायण हुने हुनाले निर्धक्कसँग भन्छौं, मरे पनि माघदेखि असारभित्रै मरिन्छ !

परराष्ट्र सम्बन्धका कुरा गर्दा नेपाल पहिलो हुनुपर्छ भन्नेमा शतप्रतिशत समर्थन गर्छु। नेपालको परराष्ट्र-नीति निर्धारण गर्नुपहिले विश्वभर छरिएका नेपालीहरूका बाध्यतालाई ध्यानमा राख्न बिर्सनु हुँदैन; सशक्त छिमेकी मित्रराष्ट्र चीन र भारतसँगको हाम्रो सम्बन्ध व्यावहारिक र वस्तुनिष्ठ भएर स्थापित हुनुपर्छ।

हाम्रो सांस्कृतिक राष्ट्रवादले दुई छिमेकीहरूलाई प्रसन्न पार्न सक्ने कुरामा मलाई शङ्का छैन। परन्तु पाश्चात्य मित्रराष्ट्रहरूले चाहिँ मन नपराउन सक्ने हाम्रो कुरो सांस्कृतिक राष्ट्रवाद नै हो भन्ने लाग्छ। परराष्ट्र सम्बन्ध जटिलतम छ, यसकारण पनि हामीले नेपाल र नेपालीमै केन्द्रित भएर परराष्ट्र-नीति बनाउनुपर्छ।

पाश्चात्य मित्रराष्ट्रहरूले विविधतामा एकता रहेको हाम्रो सांस्कृतिक विशिष्टतालाई पचाउन नसकेको आभास हामी धेरैलाई भएको छ। हामी हाम्रो अद्वितीय विशिष्टतालाई छोड्न सक्तैनौं; यो छोडेको दिन हामीले नेपालीलाई नेपालीसित जोड्न पनि सक्तैनौं।

मर्यादा पुरुषोत्तम भगवान् श्रीरामका भाइ लक्ष्मणले भाउजू सीताजीलाई भाउजू मानेनन्; बरु माता माने; लक्ष्मणले भाउजू-आमाका पाउ र पाउजूको मात्र दर्शन गर्नुपर्छ भन्ने सनातन संस्कृति जाने। उता श्रीरामका मीत सुग्रीव चाहिँ भाउजू-बुहारीसित बिहा नै गर्थे। श्रीरामले सुग्रीव मित्रलाई उनको वांशिक संस्कृति परिवर्तन गराउन सुझावसम्म पनि दिएनन्।

जब एक थरीले अर्का थरीको आस्था र विश्वासमाथि आक्रमण गर्छ तब युद्धको सम्भावना प्रबल हुन्छ; नेपालीलाई नेपालीसितै लडाएर निकृष्ट अभीष्ट पूरा गराउने सपना कुनै पनि मित्रराष्ट्रका लागि शोभनीय र श्रेयष्कर हुनेछैन।

जब म आफ्नो समाजमा प्रवेश गर्छु; तब भीडमा हराएको मेरो राष्ट्रियता खोज्छु। सनातन शास्त्रका कुनै पनि पानामा चुरा र पोतेलाई सौभाग्यको सामग्री भनेको पाउँदिनँ। चुरा फुट्नु र पोते फुकालिनु वैधव्यका प्रमाण मान्ने चलन चल्यो। इस्लामहरूका चुरा र पोतेहरू सनातन धर्मीहरूका आमा, दिदी-बहिनीहरूबाट किनिएका छन्; चुरा विक्रीलाई व्यवसाय बनाएका पहाडी मुसलमानहरू चुरौटे नामले चिनिएका छन्।

गोर्खा, तनहुँ आदि जिल्लामा चुरौटेहरूको बस्ती निकै बाक्लो छ। पहाडी मुसलमानहरूले गोमांस-भक्षण गरेको कुरो मैले कहिल्यै पत्तो पाइनँ। यो हो, हाम्रो सांस्कृतिक सहिष्णुता र एकताको अर्को हुनुमान्-प्रमाण।

विदेशी इसाईहरूलाई निस्सङ्कोच मैले मेरो घरको भान्सामा पसाएको छु; उनीहरूसित कुम जोडेर दालभात खाएको छु।

श्रद्धापूर्वक दर्शन गर्न आएका गोरो अनुहारधारी हिन्दूलाई प्रवेश निषेध गरिएको पशुपतिनाथको मन्दिर परिसरमा नेपाली अनुहारका इसाईहरू पसेका छन् कि छैनन् होला ? खोज्दै जाने हो भने पशुपतिनाथ परिसरमा पुगेर विचित्रको आनन्दानुभूति गरी फर्किएका नेपाली इसाईले पुनः सनातन संस्कृतिकै शरण लिएको दृष्टान्त पनि भेटिएला।

मेरा नाति-नातिनाले धेरै वर्षसम्म अष्ट्रेलियाको सिड्नीस्थित इसाईहरूकै विद्यालयमा अध्ययन गरे; तर त्यहाँका इसाई शिक्षकहरूले मेरा वंशजलाई आस्था परिवर्तन गर्न बाध्य बनाएनन्; यद्यपि चर्चमा गएर जिजस क्राइष्टलाई मैले पनि नमस्कार गरेको छु।

नेपाली काङ्ग्रेसका सर्वश्रेष्ठ नास्तिक नेता विश्वेश्वरप्रसाद कोइरालाका नाममा 'महामानव' भन्ने मन्त्र पढिरहेँ; कम्युनिष्ट पार्टीका प्रायः सबै केन्द्रीय नेताहरू अनीश्वरवादी भए; मैले माल्यार्पण गर्दै उनीहरूलाई अभिनन्दन गरिरहेँ। स्वदेशी नेतालाई तह लाउन नसक्ने मैले विदेशी दातृसंस्थालाई कसरी धपाउन सक्छु ?

मैले नेताजीहरूको नास्तिकतालाई प्रश्न पठाउने साहससमेत गरिनँ। धर्म नमान्ने अधर्मीहरूभन्दा त जुनसुकै धर्म अथवा सम्प्रदायका विधर्मीहरू नै आस्तिकका लागि आदरणीय र स्वीकार्य हुनुपर्ने होइन र ? यो प्रश्न मैले आफैँसित गर्ने गरेको छु।

रैथाने मुसलमानले खाँदै नखाने गोमांस नयाँ नेपाली इसाईहरूलाई नखाई नहुने बाध्यता कसरी आइलाग्यो ? गोपूजक सनातनीहरूलाई देखाउनकै लागि गोमाताको बीभत्स वध गर्नेहरू र तिनका दाताहरूलाई सोधिरहन आवश्यक र उचित ठान्दिनँ।

करोडौं सनातनीहरूका मनमा लुकेको यस मौन प्रश्नको उत्तर चाहिँ मेरै नेपाल सरकारले वैधानिक व्यवहारबाट दिनुपर्छ; उत्तर दिनुपहिले गोलोक, गोविन्द, गोपाल, गोकुल, गोवर्द्धन, गोदान, पञ्चगव्य आदि सनातन संस्कृतिसित गाईको अभिन्न सम्बन्ध छ भन्ने कुरा अवश्य सम्झिनुपर्छ !

# चिकित्सा शिक्षा : आर्थिक कूटनीति र समृद्धिको आधार



उदयराज ढकाल

समृद्ध राष्ट्रहरू प्राकृतिक स्रोतका कारण मात्र समृद्ध भएका होइनन्, उनीहरूले आफ्नो तुलनात्मक क्षमता पहिचान गरी त्यसलाई राष्ट्रिय विकासको रणनीतिमा रूपान्तरण गरेका कारण आजको अवस्थामा पुगेका हुन्। मध्यपूर्वले पेट्रोलियम, जापानले प्रविधि र नवप्रवर्तन, जर्मनीले इन्जिनियरिङ, दक्षिण कोरियाले अनुसन्धान तथा औद्योगिक विकास, अनि अस्ट्रेलिया, बेलायत, क्यानडा, आयरल्यान्ड, सिंगापुर र मलेसियाले शिक्षालाई आर्थिक समृद्धिको प्रमुख आधार बनाए।

नेपालसँग विशाल औद्योगिक आधार, समुद्री बन्दरगाह वा विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने ठुलो उत्पादन क्षमता छैन। पेट्रोलियमको सम्भावना देखिए पनि त्यसको व्यावसायिक उपयोग दीर्घकालीन र अत्यधिक खर्चिलो प्रक्रिया हो। यही बौद्धिक पुँजीलाई राष्ट्रिय आर्थिक रणनीतिसँग जोड्न सकियो भने चिकित्सा शिक्षा विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, अनुसन्धान, सेवा निर्यात, अन्तर्राष्ट्रिय प्रतिष्ठा र आर्थिक कूटनीतिको प्रभावकारी आधार बन्न सक्छ। त्यसैले अब चिकित्सा शिक्षालाई चिकित्सक उत्पादन गर्ने शैक्षिक कार्यक्रमसँगै राष्ट्रिय विकासको रणनीतिक क्षेत्रका रूपमा हेर्ने समय आएको छ।

चिकित्सा शिक्षा आयोगको पछिल्लो विवरणअनुसार स्वास्थ्य विज्ञानअन्तर्गत स्नातक तहमा करिब नौ हजारभन्दा बढी अध्ययन सिट उपलब्ध छन्, जसमध्ये करिब ७० प्रतिशत निजी क्षेत्र र ३० प्रतिशत सरकारी तथा सार्वजनिक संस्थाले सञ्चालन गरिरहेका छन्। एमबिबिएसदेखि स्नातकोत्तर तहसम्म निजी क्षेत्रको उल्लेखनीय सहभागिताले नेपालको स्वास्थ्य जनशक्ति उत्पादनमा यसको भूमिका पूरक मात्र नभई आधारभूत रहेको स्पष्ट हुन्छ। स्वतन्त्र अध्ययनहरूले निजी मेडिकल कलेजहरूमा खर्बौं रुपैयाँ बराबरको स्थिर लगानी भएको देखाएका छन्। शिक्षण अस्पताल, प्रयोगशाला, अत्याधुनिक उपकरण, छात्रावास तथा अनुसन्धान पूर्वाधारमा भएको यो लगानीले राज्यको आर्थिक भार उल्लेखनीय रूपमा घटाएको छ।

मुलुकको आर्थिक पाटो भित्र लुकेको अर्को गम्भीर यथार्थ पनि हाम्रो सामु छ। नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८१/८२ मा मात्रै उच्च शिक्षा अध्ययनका लागि एक खर्ब ३८ अर्ब रुपैयाँभन्दा बढी विदेशी मुद्रा बाहिरिएको छ। चिकित्सा शिक्षा अध्ययनका लागि मात्रै हजारौं नेपाली विद्यार्थी अर्बौं रुपैयाँ लागनी गरेर भारत, बंगलादेश, चीन, फिलिपिन्स, रुस, काजाखस्तानलगायतका मुलुक जाने गरेका छन्। यसले विदेशी मुद्रा बाहिरिएको तथ्यलाई उजागर त गर्छ नै नेपालको आफ्नै शैक्षिक क्षमता र पूर्वाधार अझै पूर्ण रूपमा उपयोग हुन नसकेको यथार्थसमेत देखाउँछ।

यही चुनौतीभित्र नेपालको ऐतिहासिक अवसर लुकेको छ। दक्षिण एसियामा चिकित्सा शिक्षाप्रतिको माग बर्सेनि तीव्र रूपमा बढिरहेको छ। सन् २०२६ को भारतको राष्ट्रिय चिकित्सा स्नातक प्रवेश परीक्षामा २२ लाख ७९ हजार ७४३ विद्यार्थीले रजिष्ट्रेसन गरेका थिए। तीमध्ये करिब २० लाख परीक्षार्थी सहभागी हुँदा ११ लाख २१ हजार १८५ जना स्नातक अध्ययनका लागि योग्य भए। तर शैक्षिक सत्र २०२६-२७ का लागि भारतभर उपलब्ध एमबिबिएस सिट केवल एक लाख ३६ हजार ९३९ मात्र छन्। अर्थात् योग्य ठहरिएका अधिकांश विद्यार्थीले एमबिबिएस अध्ययन गर्ने अवसर पाउँदैनन्। यही कारण प्रत्येक वर्ष उल्लेखनीय संख्यामा भारतीय विद्यार्थी नेपाल, बंगलादेश, रुस, काजाखस्तान, उज्बेकिस्तान, जर्जिया, फिलिपिन्स र चीनलगायतका मुलुकमा चिकित्सा शिक्षा अध्ययनका लागि जाने गरेका छन्।




यता नेपालले शैक्षिक सत्र २०२५/२६ मा एमबिबिएस सिट संख्या दुई हजार ६३५ तथा छात्रवृत्ति सिट ६९१ पुर्‍याए पनि उच्च सिट संख्या तथा अन्य संरचनागत कारणले प्रत्येक वर्ष ठुलो संख्यामा नेपाली विद्यार्थी चिकित्सा शिक्षा अध्ययनका लागि बिदेसिने गरेका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको एनओसी शाखा र चिकित्सा शिक्षा आयोगको तथ्यांकअनुसार वार्षिक एक हजार तीन सयभन्दा बढी नेपाली विद्यार्थीले चिकित्सा शिक्षा अध्ययनका लागि विदेश जाने अनुमति लिने गरेका छन्। तीमध्ये करिब ७० प्रतिशत बंगलादेश जाने गर्छन् भने चीन र भारत पनि प्रमुख गन्तव्यका रूपमा रहेका छन्।

नेपाल मेडिकल काउन्सिलले सार्वजनिक गरेको विशेष (स्पेसल) परीक्षाको नतिजाले नेपालको चिकित्सा शिक्षाको गुणस्तर र विश्वसनीयतालाई पुनः पुष्टि गरेको छ। नेपाल तथा विदेशका विभिन्न शैक्षिक संस्थाबाट चिकित्सा शिक्षा अध्ययन गरेका परीक्षार्थी सहभागी उक्त परीक्षामा समग्र उत्तीर्ण दर ९३.४८ प्रतिशत रहेको छ। विशेषगरी नेपालका मेडिकल कलेजबाट अध्ययन गरेका परीक्षार्थीको ९८.३७ प्रतिशत उत्तीर्ण दरले स्वदेशी चिकित्सा शिक्षाको प्रदर्शन उल्लेखनीय रहेको देखाएको छ। काउन्सिलले श्रावण ७ र ८ गते सञ्चालन गरेको परीक्षाको नतिजा श्रावण २२ गते सार्वजनिक गरेको हो। कुल १,०१३ परीक्षार्थी सहभागी परीक्षामा ९४७ जना उत्तीर्ण भएका छन् भने ६५ जना अनुत्तीर्ण भएका छन्। नेपालका मेडिकल कलेजबाट अध्ययन गरेका ९१९ परीक्षार्थीमध्ये ९०४ जना उत्तीर्ण भएका छन् भने १५ जना मात्र अनुत्तीर्ण भएका छन्। यसअनुसार स्वदेशी मेडिकल कलेजका परीक्षार्थीको उत्तीर्ण दर ९८.३७ प्रतिशत पुगेको छ।

विदेशबाट चिकित्सा शिक्षा अध्ययन गरेका परीक्षार्थीको नतिजासँग तुलना गर्दा पनि स्वदेशी मेडिकल कलेजको प्रदर्शन प्रभावशाली देखिन्छ। भारतबाट अध्ययन गरेका १७ परीक्षार्थीमध्ये १३ जना उत्तीर्ण भई ७६.४७ प्रतिशत उत्तीर्ण दर हासिल गरेका छन्। चीनबाट अध्ययन गरेका ३७ जनामध्ये आठ जना मात्र उत्तीर्ण हुँदा उत्तीर्ण दर २१.६२ प्रतिशत रहेको छ। त्यस्तै, इजिप्टबाट १९ जनामध्ये आठ जना अर्थात् ४२.११ प्रतिशत, किर्गिस्तानबाट पाँच जनामध्ये दुई जना अर्थात् ४० प्रतिशत र फिलिपिन्सबाट पाँच जनामध्ये दुई जना अर्थात् ४० प्रतिशत उत्तीर्ण भएका छन्। यो नतिजा यसअघि जेठ १२ देखि १५ गतेसम्म सञ्चालन गरिएको नेपाल मेडिकल काउन्सिलको परीक्षाको परिणामसँग तुलना गर्दा पनि महत्त्वपूर्ण देखिन्छ। उक्त परीक्षामा नेपालमा अध्ययन गरेका एमबीबीएस स्नातकको उत्तीर्ण दर ७६.७९ प्रतिशत रहेको थियो। चीनबाट अध्ययन गरेर आएका परीक्षार्थीको उत्तीर्ण दर १५.०४ प्रतिशत, बङ्गलादेशबाट अध्ययन गरेकाको ४१.१४ प्रतिशत र भारतबाट अध्ययन गरेकाको ४२.३१ प्रतिशत रहेको थियो।

विकसित मुलुकहरूको तुलनामा अध्ययन तथा जीवनयापन खर्च अपेक्षाकृत कम हुनु, अधिकांश चिकित्सा कार्यक्रम अंग्रेजी माध्यममा सञ्चालन हुनु, शिक्षण अस्पतालहरूमा पर्याप्त क्लिनिकल एक्सपोजर, अनुभवी प्राध्यापक, सांस्कृतिक रूपमा सुरक्षित र सहिष्णु समाज, नेपालीहरूको आतिथ्य, हिमालदेखि तराईसम्म फैलिएको प्राकृतिक विविधता तथा दक्षिण एसियाको रणनीतिक भौगोलिक अवस्थिति नेपालका महत्त्वपूर्ण प्रतिस्पर्धात्मक विशेषता हुन्। यी सबै पक्षलाई योजनाबद्ध रूपमा अन्तर्राष्ट्रिय बजारमा प्रवर्धन गर्न सकियो भने नेपाल दक्षिण एसियाकै आकर्षक चिकित्सा शिक्षा गन्तव्यका रूपमा स्थापित हुन सक्छ।

चिकित्सा शिक्षाको प्रभाव विश्वविद्यालय वा अस्पतालभित्र सीमित हुँदैन। एउटा शिक्षण अस्पताल वा मेडिकल कलेजले विशेषज्ञ चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, प्रयोगशाला प्राविधिक, अनुसन्धानकर्ता, प्राध्यापक तथा प्रशासनिक जनशक्तिलाई प्रत्यक्ष रोजगारी दिनुका साथै घरभाडा, होटल, यातायात, कृषि, खाद्यान्न, निर्माण, सूचना प्रविधि, बैंकिङ, बिमा र अन्य सेवा क्षेत्रलाई समेत चलायमान बनाउँछ। विदेशी विद्यार्थीको आगमनले यो प्रभाव अझ व्यापक हुन्छ। उनीहरूले तिर्ने शिक्षण शुल्कसँगै बसोबास, भोजन, यातायात, सञ्चार, स्वास्थ्य बीमा, पर्यटन र दैनिक उपभोगमा हुने खर्चले स्थानीय अर्थतन्त्रलाई प्रत्यक्ष ऊर्जा प्रदान गर्छ। नेपालले पनि चिकित्सा शिक्षालाई यही दृष्टिकोणबाट अघि बढाउन सके विदेशी मुद्रा आर्जन गर्ने दिगो र विश्वसनीय क्षेत्रका रूपमा स्थापित गर्न सक्छ।

# रूख कटान निर्णय नहुँदा चितवनमा कृष्णसार ल्याउन ढिलाइ



वसन्त ढुंगाना

*चितवन, साउन ३१*

चितवनको रत्ननगर नगरपालिकास्थित टिकौली चौरमा लोपोन्मुख कृष्णसार ल्याउने तयारी गरेको ६ वर्ष पुग्यो। विसं २०७७ मा अध्ययन सुरु गरेर पूर्वाधार निर्माणको काम सकिए पनि अझै कृष्णसार ल्याउन सकिएको छैन। डिभिजन वन कार्यालय चितवनका प्रमुख विष्णुप्रसाद आचार्य वन मन्त्रालयले रूख हटाउन अनुमति नदिँदा कृष्णसार ल्याउन नसकिएको हो।

'सबै पूर्वाधार निर्माण भएका छन्। रूख हुँदा चितुवा आएर कृष्णसार खाइदिने सम्भावना रह्यो, उनले भने रूख नहटाउँदासम्म कृष्णसार ल्याउनका लागि अनुमति दिन सकिएन।' चितवनमा बर्दिया र शुक्लाफाँटा निकुञ्जबाट १२ पोथी र ६ भाले गरेर १८ वटा कृष्णसार ल्याइने तयारी गरिएको थियो। कृषि, पशुपन्छी, वन तथा वातावरणमन्त्री गीता चौधरीले समेत आफ्नो पहिलो निर्णयमा कृष्णसार स्थानान्तरण गर्ने विषय उल्लेख गरेकी थिइन्।

आचार्यका अनुसार १२९ वटा रूख काट्नुपर्ने हुन्छ। सालका रूख काट्न मन्त्रीस्तरीय निर्णय चाहिन्छ। यसका लागि वन मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पत्राचार गरिएको उनले बताए। कृष्णसार रत्ननगर नगरपालिकाको वडा नम्बर ९ स्थित बरन्डाभार वन संरक्षण क्षेत्रको टिकौली चौरको १९.८३ हेक्टर वन क्षेत्रमा स्थानान्तरण गर्ने गरी आवश्यक पूर्वाधारको तयारी पूरा भएको छ। यहाँ तारबार, घाँसेमैदान र दुईवटा पोखरी निर्माण भइसकेका छन्। रूख कटानको अनुमतिका लागि राष्ट्रिय निकुञ्ज विभाग, वन विभाग, वन तथा वातावरण मन्त्रालय र बागमती प्रदेश मन्त्रालयमा चैत महिनामा प्रतिवेदन पठाइएको छ।

'जानीजानी चितुवालाई खुवाउन कृष्णसार ल्याउने कुरा भएन', उनले भने, 'त्यसलाई रोक्न रूख काट्नुपर्ने हुन्छ।' बाघ धेरै जम्मा गर्न नसक्ने भएकाले रूखमार्फत चितुवाभित्र छिर्न सक्ने अनुमान उनको छ। उनले मन्त्रालयबाट फाइल स्वीकृत भएर आउनासाथ रूख कटानको काम थालिने बताए।

कृष्णसारको दीर्घकालीन संरक्षणका लागि भनेर २०६७ देखि २०७१ सालसम्ममा नेपालगन्ज नगरपालिकाको चिडियाखाना, सदर चियाखाना र बर्दियाको कृष्णसार संरक्षण क्षेत्र खैरापुरबाट दुई चरणमा ४२ वटा कृष्णसार कञ्चनपुरको शुक्लाफाँटास्थित हिरापुरमा स्थानान्तरण गरिएको थियो। ती बढेर २५६ वटा भएका छन्। बर्दियामा १९६ वटा कृष्णसार छन्। त्यहाँबाट चितवन ल्याइँदै छ। संकटापन्न वन्यजन्तुको सूचीमा रहेको कृष्णसार प्राकृतिकरूपमा नेपाल र उत्तरी भारतमा मात्र पाइन्छ। यो मान्छेसँग घुलमिल हुने बाख्रा प्रजातिको वन्यजन्तु हो। यो मृगजस्तो मान्छे देखेपछि बुर्कुसी मार्ने प्रजाति भने होइन।

यसलाई मध्यनजर गर्दै कृष्णसारको संरक्षण गर्नुपर्ने बताउँछन् चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनमगर। 'हामीले कृष्णसारको सुरक्षा हुने गरी बुँदा टिपेर सम्बन्धित निकायमा पठाएका छौं', उनले भने, 'चितुवा नियन्त्रणका लागि रूख काट्न सुझाव दिएका छौं। चितवनमा कृष्णसार ल्याउन रत्ननगरका तत्कालीन मेयर नारायण वनले सरोकारवाला निकाय तथा व्यक्तिहरूसँग छलफल थालेका थिए। पर्यटन क्षेत्रमा विकास हुने उद्देश्यले रत्ननगर नगरपालिकाले वन मन्त्रालयलसम्म कुरा राखेपछि अनुमति पनि प्राप्त गर्‍यो। कृष्णसार राख्नका लागि पूर्वाधार निर्माणमा रत्ननगर नगरपालिकाले करिब पाँच करोड रुपैयाँ बराबरको रकम खर्च गरेको छ।

चितवनमा ल्याइएको वन्यजन्तु अहिलेसम्म सफल भएका छैनन्। कोसी टप्पु वन्यजन्तु आरक्षबाट २०७३ सालमा चितवन ल्याइएका अर्नाहरू पाँच वर्ष पनि टिक्न सकेनन्। चितवन राष्ट्रिय निकुञ्जको ३० हेक्टर क्षेत्रफलमा तारबार गरेर राखिएका अर्ना बढेर २३ वटासम्म पुगेका थिए, तर कहिले बाघ पसेर मारिदिए त कहिले बाढी र रोगव्याधीले मासिए। २०७४ सालमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट सातवटा बाह्रसिंगा स्थानान्तरण गरेर चितवन ल्याइएको थियो। ती सबैको विभिन्न कारणले मरे। अहिले पनि सफल नहुने हो कि भन्ने चिन्ता संरक्षणकर्मीमा रहेको छ।

# विजयपुर खोलामा हराएका बालक अझै भेटिएनन्

नागरिक संवाददाता

*पोखरा, साउन ३१*

पोखराको विजयपुर खोला तर्ने क्रममा शनिबारदेखि बेपत्ता भएका दुई बालक अझै फेला परेका छैनन्। प्रहरी र सशस्त्र प्रहरीसहित स्थानीयबासी खोजीमा खटिए पनि बालकहरू फेला नपरेको प्रहरीले बताएको छ।

कास्की प्रहरी प्रवक्ता डिएसपी वीरेन्द्रकुमार पासवानका अनुसार पोखरा- १४ छिनेडाँडा बस्ने वर्ष १४ का निक्सन गुरुङ र खोटाङ घर भई पोखरा- १४ चाउथे बस्ने वर्ष १५ का ओमन राईलाई शनिबार तर्ने क्रममा विजयपुर खोलाले बगाएको थियो। बालकद्वयको तत्कालै खोजी सुरु कार्य भए पनि फेला नपरेको पासवानले जानकारी दिए।

उनीहरूको खोजीमा खटिएको प्रहरीले घटनास्थलदेखि करिब दुई किलोमिटर तलसम्म खोला किनार र खोचमा खोजतलास गर्दा पनि फेला नपरेको डिएसपी पासवानले बताए। उनका अनुसार खेलेर घर फर्कने क्रममा शनिबार मध्यान्ह बालकद्वयलाई खोलाले बगाएको थियो। 'खोलामा भेल पनि बढेको छ। त्यसबाहेक खोच भएका कारणले पनि सहज भएको छैन', उनले भने, 'सम्भावित ठाउँमा खोजी गरिरहेका छौं। तर पनि फेला पार्न सकिएको छैन।'

बेपत्ता भएका बालकको खोजीका लागि सशस्त्र प्रहरी बलको कालिका गणबाट खटिएको ११ जना गोताखोर टोली र रोप रेस्क्युसहितको टोलीसमेत परिचालन भएको पनि प्रहरीले बताएको छ। 'खोचमा छिर्न गाह्रो भयो। पानीको भेलभन्दा पनि खोच नै कहाँसम्म छ भन्ने पहिचान गर्न सकिने अवस्था रहेन', उनले भने।



विजयपुर खोलामा हराएका बालकहरूको खोजी गर्दै सशस्त्र प्रहरी। *तस्बिर : नागरिक*

यसैबिच कास्की प्रशासनले वर्षाको समयमा सतर्कता अपनाउन नागरिकलाई आग्रहसमेत गरेको छ। वर्षामा अविरल वर्षाका कारण नदी तथा खोलाको प्राकृतिक बहाबमा वृद्धि भई निरन्तर रूपमा जल सतह बढ्ने, आकस्मिक बाढी भेल आउने, नदी तथा खोला आसपासका क्षेत्रमा पहिरो जानसक्ने, बाटो भासिन सक्ने, नदी तथा खोला किनारा कटान हुन सक्ने उच्च जोखिम रहेको प्रशासनको भनाइ छ।

पानी परेपश्चात् चर्को घाम लाग्दासमेत सुक्खा पहिरो झरेर खोला वा नदी थुनिने र एकैपटक खोलिँदा वा वर्षाका कारण नदी वा खोलाको माथिल्लो भागबाट पहिरोसहितको लेदो बगेर आउने उच्च सम्भावना हुने हुँदा किनारामा बस्नु अति जोखिम वा असुरक्षित हुने प्रशासनको भनाइ छ।

'यस्तो समयमा माछा मार्ने, पौडी खेल्ने, नुहाउने, लुगा धुने, दाउरा, बालुवा, गिटी निकाल्ने बहानामा नदी वा खोलामा नजान, गाईवस्तु चराउन, पानी खुवाउन वा खेल्नका लागि खोला किनारमा जानु हुँदैन', कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले भने, 'अभिभावकले निगरानी गरी यस्ता स्थानमा आफ्ना छोराछोरीलाई जान दिनु हुँदैन।

# जसपामा मधेसकै वर्चस्व

गणेश विशु

*बाँके, साउन ३१*

जनता समाजवादी पार्टी (जसपा) नेपालको एकीकृत केन्द्रीय समितिमा मधेस प्रदेशको प्रतिनिधित्व बलियो देखिएको छ। जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबिच एकीकरणपछि सार्वजनिक गरिएको २७९ सदस्यीय केन्द्रीय समितिको नामावलीलाई जिल्लागत आधारमा हेर्दा मधेस प्रदेशबाट मात्रै १८३ जना केन्द्रीय समितिमा समेटिएका छन्।

मधेसबाट १८३ जना केन्द्रीय समितिमा समेटिँदा कुल २७९ सदस्यीय समितिमा मधेसको हिस्सा ६५ प्रतिशतभन्दा बढी देखिएको छ। यसले एकीकृत जसपाको संगठनात्मक आधार अझै पनि मधेसमै बलियो रहेको देखाउँछ। मधेसपछि कोसी र लुम्बिनी प्रदेशको प्रतिनिधित्व उल्लेख्य छ भने अन्य प्रदेशबाट तुलनात्मकरूपमा कम सदस्य केन्द्रीय संरचनामा समेटिएका छन्। मधेसको यो बलियो उपस्थितिलाई नयाँ केन्द्रीय समितिको संख्यात्मक संरचनाका रूपमा मात्रै हेर्न मिल्दैन। यो मधेसकेन्द्रित राजनीतिको लामो इतिहास, संगठनात्मक आधार र मधेस आन्दोलनबाट निर्माण भएको राजनीतिक शक्तिको निरन्तरतासँग जोडिएको विषय भएको मधेसवादी नेताहरू बताउँछन्। पार्टी नेतृत्वले पनि मधेसलाई आफ्नो मुख्य आधार क्षेत्रका रूपमा स्वीकार गर्दै आएको छ।

जसपाका नवनिर्वाचित सचिव कमरुद्दीन राई मधेसमा पार्टीको संगठन बलियो रहेकाले केन्द्रीय समितिमा त्यहाँको प्रतिनिधित्व बढी भएको बताउँछन्। 'पार्टीको आधार क्षेत्र नै मधेस हो। यहाँ संगठन बलियो छ। नेताहरू धेरै हुनुहुन्छ। यहाँका स्थानीय सरकारमा पार्टीको सहभागिता राम्रो छ। प्रदेशमा सांसद संख्या उस्तै बलियो छ। पूर्वमन्त्रीहरू छन्', राईले भने, 'अन्य प्रदेशमा संगठन विस्तार भइरहेको छ, जसअनुसार केन्द्रीय समितिमा समावेश गरिएको छ।' राईका अनुसार मधेसमा पार्टीको सांगठनिक संरचना, स्थानीय तहमा रहेको उपस्थिति, प्रदेशसभामा रहेको प्रतिनिधित्व र लामो समयदेखि पार्टी राजनीतिमा सक्रिय नेताहरूको संख्या अन्य प्रदेशको तुलनामा बढी छ। यही आधारमा केन्द्रीय समितिमा मधेसको हिस्सा ठूलो भएको उनको भनाइ छ। अन्य प्रदेशमा भने पार्टी संगठन विस्तारका क्रममा रहेकाले त्यसअनुसार प्रतिनिधित्व समेटिएको उनले बताए।

नेपालमा मधेसी राजनीतिक शक्तिको उदयसँगै देशको राजनीतिक संरचनामै महत्त्वपूर्ण परिवर्तन आएको थियो। २०६३/६४ को मधेस आन्दोलनले संघीयता, समानुपातिक प्रतिनिधित्व र राज्यका निकायमा समावेशिताको मुद्दालाई राष्ट्रिय राजनीतिको केन्द्रमा ल्याएको थियो। अन्तरिम संविधानमा संघीयता र जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारणको विषय समेटिन नसकेपछि मधेसमा असन्तुष्टि बढ्दै आन्दोलनमा परिणत भएको थियो। उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेसी जनअधिकार फोरमले काठमाडौंमा अन्तरिम संविधान जलाएपछि आन्दोलन थप सशक्त बनेको थियो। ५२ दिनसम्म चलेको पहिलो मधेस आन्दोलनमा ठूलो मानवीय क्षति भयो। आन्दोलनपछि सरकार मधेसी दलहरूसँग वार्तामा आउन बाध्य भयो र संघीयता तथा समानुपातिक समावेशी प्रतिनिधित्वको विषय राजनीतिक सहमतिको मुख्य एजेन्डा बन्यो।

मधेस आन्दोलनको राजनीतिक दबाबकै बिच नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको बाटोमा अघि बढ्यो। संविधान निर्माणसँगै देश सात प्रदेशमा विभाजन भयो। तत्कालीन प्रदेश नम्बर २ लाई मधेस प्रदेश नामकरण गरिनुलाई मधेसी पहिचान र आन्दोलनको महत्त्वपूर्ण राजनीतिक उपलब्धिका रूपमा लिइन्छ।

मधेसी दलहरूको राजनीतिक यात्रा पछिल्ला वर्षमा भने कमजोर र विवादित पनि बन्दै आएको छ। पटकपटकको पार्टी विभाजन, नेतृत्वबिचको विवाद, सत्ता समीकरणका लागि हुने प्रतिस्पर्धा र सरकारमा सहभागी हुँदा पनि अपेक्षित सुशासन तथा विकास दिन नसकेको भन्दै मधेसी दलप्रति जनताको असन्तुष्टि बढ्दै गएको छ।

मधेसी दलहरूबिचको निरन्तर टुटफुटले उनीहरूको राजनीतिक प्रभावसमेत कमजोर बनाएको देखिन्छ। एउटै राजनीतिक पृष्ठभूमि र समान मुद्दाबाट स्थापित दलहरू नेतृत्व र संगठनको विषयमा विभाजित हुँदा मधेसको राजनीतिक शक्ति छरिएको थियो। यही अवस्थाबिच जसपा नेपाल र लोसपा नेपालबिच भएको एकीकरणलाई मधेसकेन्द्रित राजनीतिलाई पुनः संगठित गर्ने प्रयासका रूपमा हेरिएको छ। दुवै दलबिचको एकीकरणपछि उपेन्द्र यादव

> मधेस आन्दोलनले संघीयता र समावेशिताको सवाललाई राष्ट्रिय राजनीतिको मूलधारमा स्थापित गर्‍यो। त्यसबाट जन्मिएका दलहरूले लामो समयसम्म केन्द्रको सत्ता समीकरणमा प्रभाव पनि जमाए, तर राजनीतिक उपलब्धिलाई जनताको दैनिक जीवनसँग जोड्न नसक्दा र संगठनात्मक रूपमा निरन्तर विभाजित हुँदा उनीहरूको प्रभावमा प्रश्न उठ्न थालेको छ।

संघीयताको स्थापनासँगै राज्यका विभिन्न निकायमा समानुपातिक तथा समावेशी प्रतिनिधित्वको व्यवस्था पनि संस्थागत भयो। महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिमलगायत पछाडि पारिएका समुदायलाई राज्यका निकायमा प्रतिनिधित्वको अवसर बढाउने संवैधानिक व्यवस्था निर्माण भयो। सरकारी सेवा, सुरक्षा निकाय र राजनीतिमा आरक्षण तथा समावेशी प्रतिनिधित्वको बहसलाई स्थापित गर्न मधेस आन्दोलनले महत्त्वपूर्ण राजनीतिक दबाब सिर्जना गरेको मधेसी नेताहरूको दाबी छ। मधेसी पार्टीहरूको उदयले केन्द्रको सत्ता समीकरणमा समेत नयाँ शक्ति सन्तुलन निर्माण गर्‍यो। नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रजस्ता ठूला दलहरूलाई सरकार गठन तथा सत्ता सञ्चालनका लागि मधेसकेन्द्रित दलहरूको समर्थन आवश्यक पर्ने अवस्था पटकपटक सिर्जना भयो। यसले काठमाडौंकेन्द्रित परम्परागत राजनीतिक शक्तिको एकाधिकारलाई चुनौती दियो।

मधेसमा पनि यसको प्रभाव व्यापक रह्यो। लामो समयसम्म राज्यका मूलधारका राजनीतिक दलमा सीमित प्रतिनिधित्व भएको गुनासो गर्दै आएका मधेसी समुदायका लागि मधेसी दलहरू आफ्नै राजनीतिक आवाजका रूपमा स्थापित भए। मधेसका उत्पीडित तथा पछाडि पारिएका समुदायले आफ्ना अधिकार र राज्यसँगको सम्बन्धका विषयमा खुलेर आवाज उठाउने राजनीतिक आधार पाए। तर, आन्दोलनबाट स्थापित अध्यक्ष र महन्थ ठाकुर संरक्षक रहने सहमति भएको थियो। एकीकरणका क्रममा ४३ सदस्यीय केन्द्रीय समन्वय समिति बनाइएको थियो। निर्वाचन आयोगले समेत दुवै दलबिचको एकीकरणलाई औपचारिक मान्यता दिएको छ।

एकीकृत पार्टीको केन्द्रीय समितिमा मधेसको हिस्सा ठूलो हुनु भने मधेसी राजनीतिमा संगठनात्मक आधार अझै कायम रहेको संकेतका रूपमा पनि हेरिएको छ। मधेसका विभिन्न जिल्लाबाट लामो समयदेखि पार्टी राजनीतिमा सक्रिय नेता तथा पूर्वमन्त्रीदेखि स्थानीय तहका जनप्रतिनिधिसम्म केन्द्रीय संरचनामा समेटिएका छन्, तर अबको चुनौती मधेसमा रहेको यही संगठनात्मक शक्तिलाई अन्य प्रदेशमा विस्तार गर्नु हो। सचिव राईले पनि अन्य प्रदेशमा संगठन विस्तार भइरहेको बताएका छन्। जसपाका लागि मधेसको बलियो आधारलाई जोगाउँदै पहाड र हिमाली जिल्लासहित देशभर संगठन निर्माण गर्नु आगामी राजनीतिक यात्राको मुख्य चुनौती बन्ने देखिन्छ। मधेस आन्दोलनले संघीयता र समावेशिताको सवाललाई राष्ट्रिय राजनीतिको मूलधारमा स्थापित गर्‍यो। त्यसबाट जन्मिएका दलहरूले लामो समयसम्म केन्द्रको सत्ता समीकरणमा प्रभाव पनि जमाए। तर, त्यस राजनीतिक उपलब्धिलाई जनताको दैनिक जीवनसँग जोड्न नसक्दा र संगठनात्मक रूपमा निरन्तर विभाजित हुँदा उनीहरूको प्रभावमा प्रश्न उठ्न थालेको छ।

# व्यवसायीले कामदार नपठाउने

काठमाडौं, साउन ३१ (नागरिक)- सेवा शुल्क परिमार्जनलगायत पन्ध्रबुँदे माग सम्बोधन गर्न सरकारलाई दबाब दिँदै आएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा आबद्ध व्यवसायीले माग पूरा नभएको भन्दै सोमबारदेखि आफ्ना कार्यालयमा ताला लगाएर श्रमिक विदेश पठाउने प्रक्रिया बन्द गर्ने भएका छन्। साउनको पहिलो साता भएको व्यवसायी भेलाले गरेको निर्णयबमोजिम संघले कामदार पठाउने कार्य बन्द गर्ने भएका हुन्।

संघका अध्यक्ष डिकबहादुर खत्रीले आफूहरूको मुख्य माग सेवा शुल्क निर्धारण गर्नु रहेको र माग सम्बोधन नभएसम्म म्यानपावर कार्यालयमा ताला लगाउने जानकारी गराए। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले व्यवसायीसँगको वार्ता सकारात्मक रहेको र मन्त्रालयले माग सम्बोधन गर्न छलफल जारी राखेको बताए। म्यानपावर व्यवसायीले सरकारलाई दिएको अल्टिमेटममा सहमति हुन नसकेपछि आफूहरूले श्रमिक नै पठाउन बन्द गर्ने चेतावनी दिएका हुन्।

संघले सेवा शुल्क परिमार्जनलगायत पन्ध्रबुँदे माग अघि सारेको छ। आफ्ना जायज माग सम्बोधन नभएको भन्दै सोमबारदेखि देशभरिका म्यानपावर व्यवसायीका कार्यालय बन्द गर्ने सो संघले जनाएको छ। संघका अध्यक्ष खत्रीले सम्पूर्ण म्यानपावर व्यवसायीले पूर्वनिर्धारित कार्यतालिकाअनुसार आफ्ना कार्यालयमा ताला लगाउने र श्रमिकलाई वैदेशिक रोजगारीमा पठाउन बन्द गर्ने जानकारी दिए। संघले साउन ७ गते व्यवसायीको विशेष भेला आयोजना गरेर सरकारलाई पन्ध्रबुँदे माग अघि सारेको थियो, जसमा वैदेशिक रोजगारीमा जाने श्रमिकले म्यानपावर व्यवसायीलाई दिनुपर्ने सेवा शुल्क निर्धारण गर्नुपर्ने, वैदेशिक रोजगार विभागले गरेको कारबाही फिर्ता लिनुपर्नेलगायत माग छन्।

संघले सरकारसँगको वार्ता र आन्दोलनका कार्यक्रमलाई सँगसँगै अघि बढाएको छ। यसअघि शुक्रबार युवा, श्रम तथा रोजगार मन्त्रालयसँग प्रारम्भिक चरणको छलफल भएको थियो।

सो छलफलमा व्यवसायीले अघि सारेका मागका विषयमा मन्त्रालयका अधिकारीहरूले सरकारको धारणा राखेका थिए। व्यवसायीले सेवा शुल्क नै मुख्य माग र अन्य ऐन संशोधनका कुरामा सरकारले ठोस निर्णय लिनुपर्ने माग राखेका छन्। संघका अध्यक्ष खत्रीले थप छलफल गरी निष्कर्ष निकाल्ने र मन्त्रीसमक्ष पेस गर्ने तयारी भएको बताए।

# लाखेनाच संरक्षणमा नयाँ पुस्ता जोड्दै पोखरा

सन्देश श्रेष्ठ

*पोखरा, साउन ३१*

पोखरामा लोपोन्मुख लाखेनाच संरक्षणको प्रयास भएको छ। मालेपाटन तायाःमचा नाच समिति पोखरा- ५ ले नेवारी समुदायको अनुपम संस्कृति लाखेनाच संरक्षणको प्रयास गरेको हो। नेवाःखल कास्कीको संरक्षणमा लाखेनाच संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणको प्रयासस्वरूप शनिबार पोखरा- ५ मालेपाटनस्थित वाराही माविको खेल मैदानमा तेस्रो संस्करणको लाखेनाच प्रदर्शन भएको छ।

पोखरामा लाखेनाच लोपोन्मुख अवस्थामा पुगेपछि नयाँ पुस्तामा लाखेनाचप्रति आकर्षण जगाउन तीन वर्षअघि सुरु भएको लाखेनाच प्रदर्शन यस वर्ष पनि भव्यरूपमा भएको हो; जहाँ एउटै मञ्चमा कास्कीसहित तनहुँ, बागलुङ र पर्वतका २० वटा लाखेनाच समूहले प्रस्तुति दिएको कार्यक्रम संयोजक विनय श्रेष्ठले जानकारी दिए। उनका अनुसार मालेपाटन तायाः मचा समितिले नाचको सुरुवात गरेपछि नेवार कल्याण समाज पर्वत, नेपाल राष्ट्रिय खड्गी समाज पोखरा- २, बागलुङको नारायणस्थान हटिया समाज, पोखरा- ६ स्थित बैदाम नेवाः खल, जाल्पा देवी ल्याम्ह पुचः सिमलचौर पोखरा, हेमजा नेवा खल पोखरा- २५, चण्डेश्वरी नेवा समाज पोखरा- १४ को प्रस्तुति दिएका थिए।

त्यस्तै रानीपौवा रामबजार तायाः मचा समिति, रानीपौवा खड्गी समाज, रातोपैह्रा लाखे खल पाखरा- १४, कुँडहर राधाकृष्ण मन्दिर पोखरा- १३, राष्ट्रबैंक चोक ड्यामसाइड नेवा खल, पृथ्वीचोक ल्याम्ह पुचः, जोजोलपा लाखे, तेर्सापट्टी यमलोकको लाखे, मोहरिया सिंहनाथ टोल तायाः मचा समिति पोखरा- १, गैह्रापाटन नेवा समाज पोखरा- ४, नयाँबजार ल्याम्ह पुचः पोखरा- ९ र नव पञ्चाली लाखे समूह पोखरा- २ लगायतको प्रस्तुति थियो।



अप्रतियोगितात्मक कार्यक्रम बीसौं हजार दर्शकमाझ भएको थियो, जहाँ पानीको पर्वाह नगरी दर्शकले नाच अवलोकन गरेका थिए। बिहान १० बजेदेखि सुरु भएको प्रदर्शन राती १० बजेसम्म पनि जारी रहँदा पनि दर्शकले मन्त्रमुग्ध भएर हेरिरहे। यसले आयोजकलाई आगामी दिनमा समेत कार्यक्रम गर्न हौसला मिलेको संयोजक श्रेष्ठको भनाइ छ।

कार्यक्रममा नेवारी संस्कार, संस्कृति झल्कने बाजा, वेशभूषासँगै नेवारी खानाका परिकार पस्किँदा नयाँ तथा पुरानो पुस्ता रमाइरहेका थिए। यसले संस्कृति संरक्षणसँगै स्थानीय उत्पादनसमेत खपतमा सघाएको श्रेष्ठले बताए। उनले भने, 'हाम्रो उद्देश्य संस्कृति संरक्षणसँगै पुस्तान्तरणमा पनि सघाउने हो, सँगसँगै स्थानीय उत्पादनको खपतले अर्थतन्त्र चलायमान गराउन पनि भूमिका खेल्यो।'

कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङले यस प्रकारका कार्यक्रमले लोपोन्मुख संस्कृति संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने बताइन्। उनले भनिन्, 'संस्कृति जोगाउनु हाम्रो दायित्व हो। यसमा मालेपाटन तायाःमचा समितिले उदाहरणीय कार्य गरेको छ।'

नेवाःखल कास्कीका अध्यक्ष अशोक पालिखेले संस्कृति कुनै जातिको पहिचान भएकाले त्यसको संरक्षण गर्नु आवश्यक रहेको बताए। पछिल्लो समय मालेपाटन तायाःमचा समितिले लाखेनाच संरक्षणमा देखाएको जागरुकताप्रति धन्यवाद दिँदै उनले भने, 'संस्कृति बचाए मात्रै हाम्रो अस्तित्व र पहिचान पनि बच्छ। त्यसैले संस्कृति संरक्षणमा सबै लागौं।'

कार्यक्रमको अध्यक्षता गरेका कार्यक्रम संयोजक विनय श्रेष्ठले लाखेनाच नेवार समुदायको मौलिक सांस्कृतिक र परम्परा भएकाले यसको संरक्षण र नयाँ पुस्तामाझ हस्तान्तरणका लागि मैत्रीपूर्ण प्रदर्शन आयोजना गरिएको स्पष्ट पारे। उनले भने, 'आगामी दिनमा पनि यो कार्यक्रमलाई निरन्तरता दिइने छ।'

नागरिक
# आर्थिक

सोमबार, १ भदौ २०८३, Monday, 17 August 2026

**बजार**

सुन तोला - ३०५,२००
चाँदी तोला - ४७१०

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | - | १५२.३९ | १५२.९९ |
| युरो | - | १७६.२८ | १७६.९७ |
| पाउन्ड स्टर्लिङ | - | २०६.२३ | २०७.०४ |





विश्वसम्पदामा सूचीमा सूचीकृत ललितपुर महानगरपालिका-१२ स्थित ऐतिहासिक पाटन दरबार परिसरमा घुम्न आएका विदेशी पर्यटक। *तस्बिर : शशीधर अधिकारी/रासस*

बिमाको पहुँच बढ्दै

# जीवन बिमा कम्पनीको नाफा साढे पाँच अर्ब

नागरिक संवाददाता

*काठमाडौं, साउन ३१*

नेपालमा जीवन बिमा व्यवसाय गर्दै आएका १४ वटा कम्पनीले गत आर्थिक वर्षमा पाँच अर्ब ४४ करोड ५२ लाख रुपैयाँभन्दा बढी खुद नाफा आर्जन गरेका छन्। कम्पनीहरूले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमाससम्मको वित्तीय विवरणअनुसार जीवन बिमा क्षेत्रको समग्र नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा १०.५३ प्रतिशतले घटेको हो।

नेपालमा पछिल्ला वर्षहरूमा जीवन बिमाप्रतिको आकर्षण विस्तार हुँदै गएको छ। आम्दानीको केही हिस्सा भविष्यका लागि सुरक्षित गर्ने, परिवारको आर्थिक जोखिम घटाउने र दीर्घकालीन वित्तीय योजना बनाउने प्रवृत्तिले बिमाको बजार विस्तारमा सहयोग पुऱ्याएको छ। रोजगारी, वैदेशिक रोजगारी, स्वरोजगार तथा व्यवसायमा संलग्न व्यक्तिहरूले जीवन बिमालाई आर्थिक सुरक्षाको माध्यमका रूपमा लिन थालेका छन्।




अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा १४ जीवन बिमा कम्पनीले ६ अर्ब ८ करोड ६० लाख ६० हजार रुपैयाँ खुद नाफा कमाएका थिए। यसरी हेर्दा एक वर्षमा जीवन बिमा कम्पनीहरूको समग्र खुद नाफा ६४ करोड रुपैयाँभन्दा बढीले घटेको छ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा १४ जीवन बिमा कम्पनीले ६ अर्ब ८ करोड ६० लाख ६० हजार रुपैयाँ खुद नाफा कमाएका थिए। यसरी हेर्दा एक वर्षमा जीवन बिमा कम्पनीहरूको समग्र खुद नाफा ६४ करोड रुपैयाँभन्दा बढीले घटेको छ। केही ठूला कम्पनीको नाफामा आएको गिरावटले समग्र क्षेत्रको नाफामा असर पारेको देखिन्छ।

जीवन बिमाको मुख्य उद्देश्य व्यक्तिको मृत्यु, अशक्तता वा अन्य जोखिमका कारण परिवारमा पर्न सक्ने आर्थिक भार कम गर्नु हो। बिमित व्यक्तिको मृत्यु भएमा तोकिएका सर्तअनुसार परिवार वा लाभग्राहीले बिमा रकम प्राप्त गर्ने भएकाले यसले आश्रित परिवारलाई आर्थिक सुरक्षा प्रदान गर्छ। त्यसैगरी निश्चित अवधिका बिमा योजनाले बचत तथा दीर्घकालीन वित्तीय लक्ष्य पूरा गर्नसमेत सहयोग गर्न सक्छन्।

नेपालमा बिमाको पहुँच बढाउन बिमा कम्पनीहरूले सहरबाहिरका क्षेत्रमा पनि शाखा तथा सेवा विस्तार गरिरहेका छन्। डिजिटल प्रविधिको प्रयोग बढेसँगै बिमा पोलिसीसम्बन्धी जानकारी, प्रिमियम भुक्तानी, नवीकरण तथा अन्य सेवाहरू सहज बन्दै गएका छन्। यसले ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई समेत बिमाको पहुँचमा ल्याउन मदत गर्ने अपेक्षा गरिएको छ।

नाफा रकमका आधारमा आइएमई लाइफ इन्स्योरेन्स सबैभन्दा अगाडि छ। कम्पनीले गत आर्थिक वर्षमा ५८ करोड ४२ लाख ४४ हजार रुपैयाँ खुद नाफा कमाएको छ। अघिल्लो वर्षको ५८ करोड ३३ लाख एक हजार रुपैयाँको तुलनामा कम्पनीको नाफा ०.१६ प्रतिशतले बढेको हो। त्यस्तै, रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले ५८ करोड २६ लाख दुई हजार रुपैयाँ खुद नाफा कमाएको छ। कम्पनीको नाफा अघिल्लो वर्षको तुलनामा २.१८ प्रतिशतले बढेको छ।

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको नाफा १.६९ प्रतिशतले बढेर ३८ करोड ३८ लाख ६५ हजार रुपैयाँ पुगेको छ। सूर्यज्योति लाइफ इन्स्योरेन्सले ८.५५ प्रतिशत वृद्धि गर्दै ३८ करोड २ लाख १९ हजार रुपैयाँ खुद नाफा कमाएको छ। यता मेट लाइफको नाफा ५५.२९ प्रतिशतले घटेर ३७ करोड ९२ लाख ७८ हजार रुपैयाँमा सीमित भएको छ। प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सको नाफा १.३१ प्रतिशतले बढेर ३७ करोड ५९ लाख ३ हजार रुपैयाँ पुगेको छ।

नेसनल लाइफ इन्स्योरेन्सको खुद नाफा १०.२३ प्रतिशतले घटेर ३७ करोड ६ लाख १६ हजार रुपैयाँमा झरेको छ। हिमालयन लाइफ इन्स्योरेन्सको नाफा ४१.९० प्रतिशतले घटेर ३१ करोड ७७ लाख ७१ हजार रुपैयाँमा सीमित भएको छ। सरकारी स्वामित्वको राष्ट्रिय जीवन बिमा कम्पनी भने नाफाबाट घाटामा गएको छ। कम्पनीले गत आर्थिक वर्षमा दुई करोड ३८ लाख एक हजार रुपैयाँ खुद घाटा व्यहोरेको छ। अघिल्लो वर्ष कम्पनी दुई करोड १४ लाख ७७ हजार रुपैयाँ नाफामा थियो।

नेपाल लाइफ इन्स्योरेन्सको नाफा भने १५.०२ प्रतिशतले घटेर ४६ करोड ५४ लाख ५० हजार रुपैयाँमा सीमित भएको छ। सन नेपाल लाइफ इन्स्योरेन्सको नाफा पनि २२.८४ प्रतिशतले घटेर ४१ करोड ८५ लाख ९९ हजार रुपैयाँमा झरेको छ। अर्कोतर्फ एसियन लाइफ इन्स्योरेन्सको नाफा १.१९ प्रतिशतले बढेर ४१ करोड ४२ लाख रुपैयाँ पुगेको छ।

लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) ले ४० करोड ५७ लाख ७७ हजार रुपैयाँ खुद नाफा कमाएको छ। कम्पनीको नाफा अघिल्लो वर्षको तुलनामा २८.४५ प्रतिशतले बढेको हो। नाफा वृद्धिदरका आधारमा भने सिटिजन लाइफ इन्स्योरेन्स सबैभन्दा अगाडि देखिएको छ। कम्पनीको खुद नाफा १०६.६३ प्रतिशतले बढेर ३९ करोड ८ लाख चार हजार रुपैयाँ पुगेको छ।

जीवन बिमा जोखिम हस्तान्तरण गर्ने माध्यम मात्र नभई दीर्घकालीन वित्तीय योजनाको एउटा महत्त्वपूर्ण हिस्सा पनि हो। नियमित रूपमा प्रिमियम तिर्ने बानीले व्यक्तिलाई बचत गर्ने अनुशासन विकास गर्न सहयोग पुऱ्याउँछ। बिमाको प्रकृति र योजनाअनुसार निश्चित अवधिपछि प्राप्त हुने रकमले बालबालिकाको शिक्षा, घर निर्माण, व्यवसाय विस्तार वा अवकाशपछिको आर्थिक योजनामा सहयोग गर्न सक्छ।

त्यसैगरी बिमाले परिवारको आर्थिक निर्भरता घटाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। परिवारको मुख्य आम्दानी गर्ने व्यक्तिको असामयिक मृत्यु भए बिमा रकमले तत्कालीन आर्थिक आवश्यकता पूरा गर्न केही राहत दिन सक्छ। ऋण लिएका व्यक्तिका लागि समेत जीवन बिमा आर्थिक जोखिम व्यवस्थापनको एउटा साधन बन्न सक्छ।

जीवन बिमा कम्पनीहरूको समग्र नाफा घटे पनि अधिकांश कम्पनी सञ्चालनमा रहेका छन् र केही कम्पनीले उल्लेख्य नाफा वृद्धि गरेका छन्। विशेषगरी सिटिजन लाइफ, एलआइसी नेपाल तथा अन्य केही कम्पनीको नाफा वृद्धिले बजारमा प्रतिस्पर्धा र व्यवसाय विस्तारको सम्भावना देखाएको छ।

नेपालमा अझै ठूलो जनसंख्या पूर्ण रूपमा बिमाको दायरामा आउन बाँकी रहेकाले जीवन बिमा बजार विस्तारको सम्भावना रहेको छ। बिमा कम्पनीले सेवा गुणस्तर सुधार, पारदर्शिता, दाबी भुक्तानीमा सहजता र वित्तीय साक्षरता विस्तार गर्न सकेमा बिमाप्रतिको विश्वास अझ बढ्न सक्छ।

# पोखरालाई ‘डिजिटल हब’ बनाऔं’

नागरिक संवाददाता

*पोखरा, साउन ३१*

गण्डकी प्रदेशसँग प्रविधि उद्यमशीलता, नवप्रवर्तन, रिमोर्ट वर्क र डिजिटल सेवाको केन्द्र बन्ने क्षमता रहेको भन्दै प्रदेशलाई ‘डिजिटल हब’ बनाउने पहल गर्न युवाहरूले सुझाएका छन्। त्यसमा पूर्वाधार र नीतिगत सहयोगको खाँचो रहेको उनीहरूको भनाइ छ।

पोखरालाई पर्यटन, शिक्षा, स्वास्थ्य र खेलकुदको सहरको रूपमा मात्र नभई अब प्रविधिको सहरको रूपमा पनि विकसित गर्न सकिने उनीहरूको भनाइ छ। प्रदेश राजधानी पोखरा र समग्र गण्डकी प्रदेश सूचना प्रविधि र डिजिटल उद्यमशीलताको नयाँ केन्द्रका रूपमा उन्मुख बने पनि त्यसले गति लिन नसकेको उनीहरूको भनाइ छ।




पोखरामा सूचना प्रविधिबारे आयोजित छलफल। *तस्बिर : नागरिक*

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा पोखरामा भेला भएका नीति निर्माता र विज्ञले गण्डकीलाई ‘डिजिटल हब’ बनाउन सकिनेबारे बहस गरे। युवा उद्यमी मञ्च पोखरा च्याप्टरको आयोजना तथा पोखरा रिसर्च सेन्टरको साझेदारीमा भएको कार्यक्रममा प्रदेशसँग प्रविधि उद्यमशीलताको अवसर भए पनि पूर्वाधार, नीतिगत सहयोग, वित्तिय पहुँच, दक्ष जनशक्ति तथा संस्थागत समन्वयसँग सम्बन्धित चुनौती रहेकाले यस क्षेत्रको विकासलाई सीमित बनाएको उनीहरूको भनाइ छ।

प्रदेशको डिजिटल अर्थतन्त्रको उत्प्रेरकका रूपमा परिकल्पना गरिएको प्रस्तावित पोखरा आइटी पार्क अझै पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको उनीहरूको गुनासो छ। कार्यक्रममा पोखरा रिसर्च सेन्टरका सुजन रेग्मीले गण्डकी प्रदेशलाई डिजिटल इकोनोमी हब बनाउन सकिने बताए। त्यसका लागि पाँचवटा खुड्किलासहितको मार्गचित्र उनले प्रस्तुत गरे। रेग्मीले नीतिगत सुधार, दक्ष जनशक्ति, पूर्वाधार, लगानीमैत्री वातावरण र एकीकृत कार्यमञ्च भए यो लक्ष्य पूरा हुने बताए। ‘गण्डकी प्रदेशलाई डिजिटल हब बनाउन सकिन्छ। त्यसका लागि केही सुधार त गर्नैपर्छ। दक्ष जनशक्ति अभाव र लगानीमैत्री वातावरण हुने हो भने लक्ष्य पनि पूरा हुन्छ’, रेग्मीले भने।

पोखरा महानगरका मेयर धनराज आचार्यले पोखरालाई डिजिटल सिटीका रूपमा विकास गर्ने महानगरको अभियानमा साथ दिन निजी क्षेत्र, आइटी उद्यमी, स्टार्टअप, प्रविधि व्यवसायी तथा युवा प्रतिभासँग आह्वान गरेको जानकारी दिए। अबको विकासमा प्रविधिलाई अनुशरण गरेर मात्र विकासमा फड्को मार्न सक्ने उनले बताए। त्यसैले सरकार एक्लैले होइन, निजी क्षेत्रको लगानी, प्रविधि, दक्षता र नवप्रवर्तनलाई जोडेर अघि बढ्नुपर्ने उनको भनाइ छ।

पोखरामा आइटी पार्क निर्माणलाई सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमा अघि बढाउने प्रस्तावसमेत आफूले प्रस्तुत गरेको उनले बताए। आइटी पार्कलाई रोजगारी, स्टार्टअप, रिमोट वर्क, डिजिटल उद्यमशीलता, अनुसन्धान, नवप्रवर्तन र अन्तर्राष्ट्रिय बजारसँग जोड्ने प्रविधि हबका रूपमा विकास गर्न सकिने उनले बताए। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकीका युवाको प्रतिभा, सिप र प्रविधिलाई उद्यम, रोजगारी र आर्थिक समृद्धिसँग जोड्न प्रदेश सरकार आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गर्दै निजी क्षेत्र, लगानीकर्ता, शैक्षिक संस्था र विकास साझेदारसँगको सहकार्यमा लगानीका सम्भावना खोज्न प्रतिबद्ध रहेको बताए।

‘पोखरालाई पर्यटन राजधानीसँगै डिजिटल, नवप्रवर्तन र उद्यमशीलताको केन्द्र तथा गण्डकीलाई विश्वसँग जोडिएको डिजिटल अर्थतन्त्रको इकोसिस्टमका रूपमा विकास गर्ने लक्ष्य हाम्रो छ’, उनले भने, ‘प्रदेश सरकारको ‘आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी’ को लक्ष्यअनुरूप युवाको प्रतिभालाई अवसरमा, अवसरलाई उद्यममा र उद्यमलाई रोजगारीमा रुपान्तरण गर्दै गण्डकीलाई नवप्रवर्तन र डिजिटल अर्थतन्त्रको केन्द्र बनाउने दिशामा अघि बढ्नेछ।’

पाण्डेले पोखरालाई पर्यटनको राजधानीसँगै सूचना प्रविधिको पनि केन्द्र बनाउन सकिने बताए। पोखरा सहरलाई नै ‘डिजिटल नोम्याड’ का लागि उपयुक्त गन्तव्य बनाउने योजना रहेको पनि उनले बताए। मुख्यमन्त्रीले होटल र सार्वजनिक स्थललाई डिजिटल प्रमाणीकरण गर्ने र आइटी क्षेत्रका लागि आवश्यक नीति बनाउन सरकारले अधिकतम लचकता अपनाउने प्रतिबद्धता जनाए। ‘सरकारले नीतिगत रूपमा सघाउन तयार छ। पोखरा सहर नै डिजिटल नोम्याडको गन्तव्य बन्न सक्छ, त्यसका लागि प्रदेश सरकार तयार रहेको छ’, उनले भने।

पोखरामा भएको यो संवादले गण्डकीको डिजिटल भविष्यका लागि ठोस आधार तयार पारेको आयोजकको भनाइ छ। कार्यक्रममा पोखरा रिसर्च सेन्टरका प्रवेश सुवेदीले गण्डकी प्रदेशको सूचना प्रविधिको वर्तमान अवस्थाबारे तथ्यांक पेश गरेका थिए।

मञ्चका अध्यक्ष इन्जिनियर सरोज कायस्थले सबैको पहलमा यस्ता कार्यले गति लिने बताए। प्रविधि उद्यमी, स्टार्टअप, फ्रिलान्सर, रिमोट वर्कर तथा शैक्षिक संस्थाले भोगिरहेका चुनौती पहिचान गर्ने, पोखरा र गण्डकी प्रदेशलाई डिजिटल नोम्याड तथा रिमोट वर्कका लागि आकर्षक गन्तव्यका रूपमा स्थापित गर्ने अवसर र अवरोध खोज्न यसले सघाउने उनले बताए। प्रविधि तथा नवप्रवर्तन क्षेत्रका विद्यमान नीति र संस्थागत सहयोग संयन्त्रको समीक्षा गर्ने र प्रस्तावित पोखरा आइटी पार्कको वर्तमान अवस्था, चुनौती तथा भावी आवश्यकताको मूल्यांकन गर्ने लक्ष्य राखेको मञ्चले बताएको छ।

## वर्गीकृत विज्ञापन/डिस्प्ले

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

(**तेश्रो पटक प्रकाशित मिति:** २०८३/०५/०१)
यस कम्पनीको मिति २०८३।०४।०९ गतेको बिशेष साधारण सभा सभाको निर्णय बमोजिम साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।१४ को निर्णयबाट स्विकृत भई यस कम्पनीको नाम जे. लिङ्क इन्टरनेस्नल एडुकेशनबाट परिवर्तन गरी **बि. फुजी एकेडेमी** (**दर्ता नम्बर** ३६५५५९) कायम गरिएको व्यहोरा यही सूचनाद्वारा जानकारी गराईन्छ।

**बीमा पोलिसी हरायो**

**लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**बाट जारी गरिएको **रितु गुप्ताको** नाममा रहेको बीमालेख नं. २५२००१८६६ मिति २०८३/०३/२० गते **कुलेश्वरबाट बानेश्वर जाँदा** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा यस कम्पनीको नजिकैको शाखा कार्यालयमा बुझाउनुहुन अनुरोध गरिन्छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र नभेटिएमा वा दावी नआएमा नियमानुसार प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सूचित गरिन्छ।
**सम्पर्क नं.** ९७०७७५४५८७

**मोटरसाइकल हरायो**

मिति २०८३/०४/२७ गते अं. १३:१० बजेको समयमा का.जि. का.म.न.पा. १३ बल्खु डिन कार्यालय नजिकै सडक खण्डमा पार्किङ्ग गरी राखेको अवस्थामा मेरो निम्न ब्यहोरा भएको मोटरसाईकल हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।
**सवारी साधनको विवरण:**
मोटरसाईकलको नाम: **बजाज पल्सर २२० F**
मोटरसाईकल नं: **बा.प्र. ०२-०६९ प ८३७९**
मोटरसाईकल रङ्ग: **कालो/चेरी रातो**
ईन्जिन नं: **DKXCTM42243**
च्यासिस नं: **MD2A13EXOTCA85396**
सवारीधनीको नाम: **हुलास फिनसर्भ हायर पर्चेज लि.**
ऋणीको नाम: **विनय यादव**
सम्पर्क नं: ९८१५८४४८५०

**वर्गीकृत डिस्प्ले**

**कलर प्रति बक्स**
१X५ = रू.१८००/-* मात्र
१X१० = रू.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X५ = रू.१२५०/-* मात्र
१X१० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

नाइमा नेपाल मोबिलिटी एक्स्पो सम्पन्न

# नाइमा एक्स्पोमा एक लाख ८० हजार अवलोकनकर्ता

काठमाडौं, साउन ३१ (नागरिक)- नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले आयोजनामा गरेको दोस्रो संस्करणको ‘नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६’ सम्पन्न भएको छ। साउन २६ गतेबाट सुरु भएको एक्स्पो आइतबार समापन भएको हो। काठमाडौंको भृकुटीमण्डपमा सञ्चालित ६ दिने सो एक्स्पो समापन कार्यक्रममा नाइमाकी अध्यक्ष ऋतुसिंह वैद्यले यस वर्षको नाइमा नेपाल मोबिलिटी एक्स्पो अत्यन्तै सफल र उत्साहजनक भएको बताइन्।

नाइमा अध्यक्ष वैद्यले अघिल्लो संस्करणमा करिब एक लाख दर्शकले प्रदर्शनी अवलोकन गरेकामा यसवर्ष सो सो संख्या बढेर करिब एक लाख ८० हजार पुगेको जानकारी गराइन्। उनले यस एक्स्पोमा सवारी साधनप्रति उपभोक्ताको चासो, नयाँ सवारी साधनबारे जानकारी लिने उत्सुकता तथा बुकिङ गर्ने क्रमले बजारप्रतिको सकारात्मक मनोविज्ञानलाई प्रतिबिम्बित गरेको बताइन्। अध्यक्ष वैद्यले नाइमाले विभिन्न सम्बन्धित संस्थाहरूसँग सहकार्य गर्दै नीतिगत तथा नीति निर्माणका क्षेत्रमा समेत योगदान गर्दै आएको बताइन्। वैद्यले आगामी दिनमा यस्ता गतिविधिलाई थप सुदृढ गर्दै अटो क्षेत्रको विकास र विस्तारमा संस्थागत रूपमा योगदान गर्ने बताइन्।

यस एक्स्पोमा ५५ भन्दा बढी ब्रान्डका सवारी साधन प्रदर्शनीमा राखिएका थिए। विभिन्न कम्पनीले नयाँ ५३ वटा मोडल सार्वजनिक गरेका थिए। आकर्षक डिजाइन र आधुनिक प्रविधिका सवारी साधनले दर्शकको ध्यान खिचिरहेका थिए। विद्युतीय कारदेखि इ-स्कुटरसम्म प्रदर्शनीमा राखिएका थिए। विद्युतीय व्यावसायिक सवारी साधन पनि मुख्य आकर्षण बनेका थिए।

# नयाँ विद्युत् विधेयक ल्याउन इप्पानको माग

नागरिक संवाददाता

*काठमाडौं, साउन ३१*

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले निजी क्षेत्रलाई ऊर्जा क्षेत्रको पूर्ण साझेदार बनाउने गरी नयाँ विद्युत् विधेयक ल्याउन माग गरेको छ।



ऊर्जा क्षेत्रको विकास र लगानी बढाउन तत्काल कानुनी तथा नीतिगत सुधार आवश्यक रहेको भन्दै इप्पानले आइतबार सरकार सञ्चालनमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको ध्यानाकर्षण गराएको हो। इप्पान अध्यक्ष मोहनकुमार डाँगी नेतृत्वको प्रतिनिधिमण्डलले रास्वपाका अध्यक्ष लामिछानेलाई भेटेर यस्तो माग गरेको हो। भेटमा इप्पानले ऊर्जा क्षेत्रका समस्याबारे जानकारी गराएको थियो। ऊर्जा उत्पादकहरूको प्रतिनिधिमण्डलले निजी क्षेत्रलाई उत्पादनमा मात्र सीमित नराखी प्रसारण, वितरण र विद्युत् व्यापारमा समेत सहभागी गराउनुपर्ने माग गरेको छ।

इप्पानकाअनुसार विद्युत् ऐन-२०४९ बनेको ३ दशकभन्दा बढी भइसकेको छ। यस अवधिमा नेपालको ऊर्जा क्षेत्रमा ठूलो परिवर्तन आएको छ। लगानीको आकार बढ्नुका साथै प्रविधि विकास भएको भन्दै इप्पानले विद्युत् व्यापारको सम्भावना पनि विस्तार भएको बताएको छ। त्यसैले पुरानो कानुनी संरचनाले अहिलेका आवश्यकता धान्न नसक्ने इप्पानको भनाइ छ।

इप्पानले नयाँ विद्युत् विधेयकले ऊर्जा भण्डारण, हरित हाइड्रोजन, कार्बन व्यापार र नयाँ प्रविधिलाई समेत समेट्नुपर्ने जनाएको छ। लगानीकर्ताको अधिकार सुरक्षित गर्नुपर्ने र नियामकीय व्यवस्था स्पष्ट बनाउनुपर्ने माग गरेको छ। अनि मात्र सरकारले अघि सारेको १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न सहयोग पुग्ने इप्पानको विश्वास छ। इप्पानले लामो समयदेखि रोकिएको करिब १७ हजार मेगावाट क्षमताका आयोजनाको विद्युत् खरिद सम्झौता (पिपिए) तत्काल खुलाउन पनि माग गरेको छ। पिपिए रोकिँदा लगानीका लागि तयार आयोजनामा अर्बौं रुपैयाँ निष्क्रिय भएको इप्पानको दाबी छ।

यसैगरी इप्पानले पिपिए प्रक्रिया पारदर्शी र पूर्वानुमानयोग्य बनाउनुपर्नेमा पनि जोड दिएको छ। नयाँ आयोजना अघि बढाउन समयमै पिपिए हुनु आवश्यक रहेको जनाउँदै इप्पानले उत्पादन बढे पनि प्रसारण पूर्वाधार सोही गतिमा विस्तार हुन नसकेको जनाएको छ। प्रसारण लाइनको अभावमा कतिपय आयोजना निर्माण सम्पन्न भएर पनि पूर्ण क्षमतामा चल्न नसकेको दाबी गर्दै इप्पानले सोही कारण उपयुक्त मोडेल बनाएर प्रसारण लाइन निर्माणमा निजी क्षेत्रलाई सहभागी गराउनुपर्ने माग गरिएको बताएको छ।

विद्युत् व्यापारमा पनि निजी क्षेत्रलाई कानुनी रूपमा प्रवेश दिनुपर्नेमा जोड दिँदै इप्पानले उत्पादन बढ्दै गएपछि स्वदेशी खपतपछि बाँकी विद्युत् निर्यात गर्नुपर्ने अवस्था आउने जनाएको छ। यसैगरी इप्पानले निजी क्षेत्रलाई आयात, निर्यात र अन्तरदेशीय विद्युत् व्यापारमा सहभागी गराउनुपर्नेमा पनि सरकारको ध्यानाकर्षण गराएको छ। वन, वातावरण र जग्गा व्यवस्थापनका कारण आयोजना निर्माणमा हुने ढिलाइ हटाउन पनि माग गरेको इप्पानले स्वीकृति प्रक्रिया सरल र समयसीमासहितको बनाउनुपर्ने सुझाव दिएको छ।

एकद्वार प्रणाली र निकायबिच प्रभावकारी समन्वय आवश्यक रहेको भन्दै इप्पानले नदी किनारबाट दायाँ-बायाँ एक किलोमिटर क्षेत्रलाई संरक्षण क्षेत्रबाहिर राखेर ऊर्जा तथा अन्य पूर्वाधार निर्माण सहज बनाउनुपर्ने प्रस्ताव समेत गरेको छ। जलविद्युत् आयोजनालाई राष्ट्रिय प्राथमिकताका पूर्वाधारका रूपमा मान्यता दिनुपर्ने इप्पानको अर्को माग छ। आयोजनाको सुरक्षा र लगानी संरक्षणलाई प्राथमिकता दिनुपर्नेमा जोडदिँदै इप्पानले अवरोध, तोडफोड, जबर्जस्ती बन्द र स्थानीय विवादका कारण आयोजना प्रभावित हुने अवस्था अन्त्य गर्न प्र भावकारी संयन्त्र आवश्यक रहेको जनाएको छ।

संघ, प्रदेश र स्थानीय सरकारबिच आयोजना विकाससम्बन्धी अधिकार क्षेत्र स्पष्ट गर्नुपर्नेमा जोड दिँदै इप्पानले अधिकार क्षेत्र स्पष्ट नहुँदा निजी क्षेत्रले दोहोरोपन र अनावश्यक अवरोध झेल्नुपरेको दाबी गरेको छ।

सो भेटमा इप्पान अध्यक्ष डाँगीले सरकारले अघि सारेको ३० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न निजी क्षेत्र लगानीका लागि तयार रहेको बताए। जसका लागि विद्युत् विधेयक, वनसम्बन्धी समस्या र पिपिएलगायतका विषयमा सरकारको सहयोग आवश्यक रहेको बताए। रास्वपा अध्यक्ष लामिछानेले निजी क्षेत्रको लगानी प्रवर्धनमा सरकार प्रतिबद्ध रहेको बताए। निजी क्षेत्रको लगानी र व्यवसायले अर्थतन्त्र तथा रोजगारीमा ठूलो योगदान दिएको उनको भनाइ थियो। उनले विद्युत् व्यापार र प्रसारण लाइनमा निजी क्षेत्रको सहभागिता आवश्यकता मात्र नभई अपरिहार्य भएको बताए।



जिल्ला प्रशासन कार्यालय काठमाडौं र नेपाल आयल निगमको समवन्यमा आइतबार बिक्री वितरण गरिएको ग्यास बोकेर घरतर्फ जाँदै सर्वसाधारण। *तस्बिर : हरिराम भेटुवाल/रासस*

### सुदूरपश्चिम प्रदेश

# साढे ३ अर्ब नाघ्यो बेरुजु

**दिलबहादुर छत्याल**

*धनगढी, साउन ३१*

सुदूर पश्चिम प्रदेशमा बर्सेनि बेरुजु रकम बढ्दै गएको छ। सुदूरपश्चिम प्रदेशका सरकारी कार्यालयमा बेरुजु रकम साढे ३ अर्ब नाघेको छ।

महालेखा परीक्षकको आठौं वार्षिक प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रालय, कार्यालयलगायतका निकायमा अहिलेसम्म बेरुजु बढेर तीन अर्ब ५४ करोड पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा मात्र ६० करोड रुपैयाँ बेरुजु थपिएको छ। यो बेरुजु अघिल्ला वर्षको भन्दा बढी हो। महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षण गरेर प्रत्येक वर्ष तयार पारिएको वार्षिक प्रतिवेदनमा औंल्याएको बेरुजु रकम न्यून मात्रामा फछ्र्योट हुने गरेको छ। बेरुजु रकम बर्सेनि घट्नुको साटो बढ्दै गएको पाइएको छ।

प्रदेशस्थित सरकारी कार्यालय र अन्य संघसंस्थातर्फको आर्थिक वर्ष २०८०/८१ को बेरुजु रकम दुई अर्ब ९८ करोड ४० लाख २० हजार रुपैयाँ थियो। त्यसमध्ये चार करोड आठ लाख ४० हजार मात्र सम्परीक्षण भएको प्रतिवेदनमा उल्लेख छ।

चार करोड आठ लाख ४० हजार सम्परीक्षण भएर लगत कट्टा भएको, चार लाख ९९ हजार सम्परीक्षणबाट थप भएर दुई अर्ब ९४ करोड ३६ लाख ७९ हजार बाँकी र आर्थिक वर्ष २०८१/८२ मा ६० करोड ४८ लाख ८९ हजार थप भई तीन अर्ब ५४ करोड ८५ लाख ६८ हजार रुपैयाँ बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ।

महालेखा परीक्षकको कार्यालयले प्रदेश सरकार अन्तर्गतका १५९ निकायको कुल ३९ अर्ब ४९ करोड ९१ लाख ५५ हजारको लेखा परीक्षण गरेकोमा १.५३ प्रतिशत रकम बेरुजु देखिएको उल्लेख छ। अघिल्लो आर्थिक वर्षको तुलनामा यो बेरुजु रकम बढी हो। यसअघि २०८०/८१ मा महालेखा परीक्षकको कार्यालयले प्रदेश सरकार अन्तर्गतका १६२ निकायको कुल ३५ अर्ब ६२ करोड ५९ लाख ८१ हजारको लेखापरीक्षण गरेमध्ये १.४१ प्रतिशत अर्थात् ५० करोड ६ लाख ९३ हजार बेरुजु देखिएको थियो।




यो बेरुजु पनि अघिल्लो आर्थिक वर्ष २०७९/८० को तुलनामा रकम र प्रतिशत दुवैले बढी रहेको छ। उक्त वर्ष महालेखा परीक्षकको कार्यालयले ३९ अर्ब ४३ करोड ९८ लाखको लेखा परीक्षण गरेको थियो। रकमको ०.५९ प्रतिशत अर्थात् ३७ करोड ६३ लाख ९१ हजार बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ। आर्थिक वर्ष २०७४/७५ मा महालेखा परीक्षकको कार्यालयले परीक्षण गर्दा उक्त वर्ष २६ करोड १९ लाख पाँच हजार रुपैयाँको लेखापरीक्षण भएकोमा ५९ लाख ५९ हजार बेरुजु देखिएको थियो।

यसैगरी २०७५/७६ मा ८८ करोड २८ लाख ७४ हजार, २०७६/७७ मा ५७ करोड, ५१ लाख ५७ हजार, २०७७/७८ मा ७७ करोड २४ लाख ८१ हजार र २०७८/७९ मा ९१ करोड ९५ लाख ७३ हजार बेरुजु रहेको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको बेरुजु सबैभन्दा बढी देखिएको छ। २०८१/८२ मा भौतिक पूर्वाधार मन्त्रालयको बेरुजु २७ करोड ६६ लाख ३१ हजार रहेको छ। यसैगरी दोस्रोमा बेरुजु बढी देखिएको समाजिक विकास मन्त्रालयमा २२ करोड १६ लाख १८ हजार बेरुजु देखिएको छ।

यसैगरी उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको चार करोड ४१ लाख ४२ हजार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको तीन करोड २५ लाख चार हजार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको दुई करोड ८२ लाख ३३ हजार, बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ।

यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको १५ लाख ७१ हजार, प्रदेश नीति तथा योजना आयोगको एक लाख ९० हजार बेरुजु रहेको छ। बेरुजु रकम फछ्र्योट गरेर बर्सेनि घटाउदै लैजानुपर्नेमा बेरुजुको 'ग्राफ' बढ्दै जानुले प्रदेश सरकारमा अनियमियतता र बेथिति सुधार गर्न ध्यान नदिइएको देखिएको छ। देश संघीयतामा गएपछि आँगनमै प्रदेश सरकार पाउँदा उत्साहित स्थानीय वासिन्दा व्यापक अनियमितता र बेथितिले निराश हुँदै गएका छन्।

'प्रदेश सरकारअन्तर्गत मन्त्रालय, कार्यालयलगायतका निकायमा हुने अनियमितता र बेथितिले प्रदेशप्रति नै जनताको वितृष्णा पैदा हुन थालेको छ' नागरिक समाजका अगुवा प्रमोद पाठकले भने। बर्सेनि बेरुजु रकम बढ्दै जानुले महलेखा परीक्षकको लेखापरीक्षणले पनि सुधार ल्याउन नसकेको देखिएको उनको भनाइ छ।

'बर्सेनि बेरुजु रकम थपिँदै जान्छ, त्यो पनि करोड होइन् अर्बमा छ', उनले भने, 'महालेखा परीक्षकले लेखापरीक्षण गरेर औंल्याइसकेको भए पनि राजनीतिक इच्छाशक्तिको अभावमा उपलब्धी शून्य भएको छ।'

लेखापरीक्षण गरेर वार्षिक प्रतिवेदनमा बेरुजु देखाइने तर बेरुजु रकम फछ्र्योट तथा अनियमितता गर्नेलाई कारबाही नहुने भएकाले प्रभावकारिता नदेखिएको स्थानीय बताउँछन्। 'बेरुजुका प्रकार हेरेर अनियमितता गर्नेलाई कारबाही र बेरुजु रकम फछ्र्योट गर्न राज्यका निकायले कडाइका साथ गर्नुपर्छ', उनले भने। प्रदेश सरकारले बजेट बनाउँदा नै बिचौलियामार्फत योजना किनबेच हुने र बजेटको चरम दुरुपयोग हुने गरेको स्थानीयको आरोप छ।

'योजना बिचौलियामार्फत कमिसनमा किनबेच हुने गरेको छ, व्यापक बेथिति र अनियमितता खुलेआम भइरहेकाले प्रदेश सरकारप्रति जनताको वितृष्णा बढ्दै गएको छ', स्थानीय युवा अवेश चन्द भन्छन्।

### उच्च अदालतको आदेश विपरीत

# एनटिसीको कार्यालय भत्काउन स्काभेटर प्रयोग

**उपेन्द्र यादव**

*वीरगन्ज, साउन ३१*

वीरगन्जको मुख्य सडक विस्तार सम्बन्धी कार्य तत्काल नगर्न/नगराउन उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जले दिएको अल्पकालीन अन्तरिम आदेशलाई सडक डिभिजन कार्यालय हेटौंडाले अवज्ञा गरेको छ। साउन २९ गते अदालतले दिएको अल्पकालीन अन्तरिम आदेशपछि सडक डिभिजन कार्यालय हेटौंडाले वीरगन्जको घण्टाघर छेउमा रहेको नेपाल दूरसञ्चार कम्पनी (एनटिसी) को कार्यालय भवनलाई साउन ३० र ३१ गते दुईवटा स्काभेटर प्रयोग गरेर भत्काइएको छ। वीरगन्जको सडक विस्तार विरुद्ध नेपाल दूरसञ्चार कम्पनी लिमिटेड काठमाडौंका तर्फबाट संगीता अर्याल पहाडीले सडक डिभिजन कार्यालय हेटौंडा, जिल्ला प्रशासन कार्यालय पर्सालगायतका कार्यालयसमेतलाई विपक्षी बनाई अदालतमा रिट निवेदन




दायर गरेको थियो।

दायर गरिएको रिट निवेदनमाथि सुनुवाई गर्दै ४ नम्बर इजलासका न्यायाधीश निर्मला पौडेल भट्टराईको एकल इजलासले उक्त अल्पकालीन अन्तरिम आदेश दिएको उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जले जनाएको छ। अदालतले जरी गरेको अल्पकालीन अन्तरिम आदेश सडक डिभिजन कार्यालय हेटौंडा समक्ष नआएकाले सडक विस्तारको क्रममा घरहरू भत्काउने कार्य जारी राखेको सडक डिभिजन कार्यालय हेटौंडाका इन्जिनियर दुर्गा प्रसादले बताएका छन्। नेपाल दूरसचार कार्यालयको भवन पनि सडकमा परेका कारणले त्यसलाई भत्काउन स्काभेटर प्रयोग गरिएको उनले बताए।

अदालतमा दायर गरिएको ०८३-डब्लु ओ -००८५ नम्बरको मुद्दामा निवेदकले अन्तरिम आदेशसहित प्रतिषेध, उत्प्रेषण, परमादेश लगायत उपयुक्त आदेश जारी गर्न माग गरेका थियो । निवेदकका तर्फबाट अधिवक्ता डा. गजेन्द्र अर्याल र अधिवक्ता राजेश पण्डितले बहस गरेका थिए।

अदालतले निवेदन अध्ययन तथा निवेदकका तर्फबाट भएको बहस सुनेपछि विपक्षीहरूलाई माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? भन्ने विषयमा लिखित जवाफ पेश गर्न आदेश दिएको छ।

म्याद तामेल भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र प्रमाणसहित लिखित जवाफ पेश गर्न विपक्षीलाई भनिएको छ। विपक्षीमध्ये केहीको हकमा उच्च सरकारी वकिलको कार्यालय वीरगन्जमार्फत तथा अन्यको हकमा आफैं वा कानुनबबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्न भनिएको छ। अदालतले २०८३ साल भदौ १ गते अन्तरिम आदेशका सम्बन्धमा छलफलका लागि पेशी पनि तोकेको छ। अदालतले आदेशको जानकारी विपक्षीहरूलाई यथाशीघ्र गराउनसमेत निर्देशन दिएको थियो।

अदालतले अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा थप निर्णय भदौ १ गते गर्ने छ । विपक्षीहरूका नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) (क) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिएको अदालत प्रशासनले जनाएको छ।

निवेदकले अन्तरिम आदेशसमेत माग गरेको सन्दर्भमा विषयवस्तुको प्रकृति र संवेदनशीलतालाई विचार गर्दै दुवै पक्षलाई राखेर छलफल गर्नु उपयुक्त देखिएको अदालतले जनाएको छ।

## नेक्स्टाइल टाइल्स राष्ट्रिय घर निर्माण फेस्टको टाइटल स्पोन्सर



काठमाडौं, साउन ३१ (नागरिक)- पशुपति सेरामिक्सको उत्पादन 'नेक्स्टाइल्स' तेस्रो संस्करणको 'राष्ट्रिय घर निर्माण फेस्ट-२०८३' को टाइटल स्पोन्सर बनेको छ। आगामी पुस ९ देखि १२ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने फेस्टका लागि नेक्स्टाइल्स र आयोजक घर निर्माण फाउन्डेसनबिच सम्झौता भएको हो।

निर्माण सामग्रीसम्बन्धी नेपालकै ठूलो मेलाका रूपमा लिइने फेस्टमा नेक्स्टाइल्सले आफ्नो उत्पादन तथा सेवाको प्रवर्धन गर्नेछ। पशुपति सेरामिक्सले नेक्स्टाइल्स ब्रान्डअन्तर्गत शतप्रतिशत भिट्रिफाइड टाइल्सको सिरिज सार्वजनिक गर्ने तयारी गरेको जनाएको छ। आधुनिक डिजाइन, प्रिमियम फिनिसिङ र उच्च गुणस्तरमा आधारित टाइल्स आवासीय तथा व्यावसायिक भवनका लागि उपयुक्त हुने कम्पनीको दाबी छ।

यस पटकको फेस्टलाई विगतभन्दा फरक बनाउने उद्देश्यले नेपालबाहिर रहेका नेपाली समुदायलाई समेत समेट्ने 'डिजिटल फेस्ट' अवधारणा अघि सारिएको छ। भृकुटीमण्डपमा छुट्टै मल्टिपर्पस स्टुडियो निर्माण गरी सहभागी ब्रान्डले आफ्ना उत्पादन तथा सेवाको जानकारी र विज्ञापन प्रस्तुत गर्न सक्ने व्यवस्था गरिने आयोजकले जनाएको छ। ती सामग्री राष्ट्रिय टेलिभिजन तथा सामाजिक सञ्जालमार्फत प्रत्यक्ष प्रसारण गरिनेछ।

## सन नेपाल लाइफद्वारा अभिकर्ता सम्मान



काठमाडौं, साउन ३१ (नागरिक)- सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले गण्डकी तथा नारायणी क्षेत्रअन्तर्गतका एजेन्सी डेभलपमेन्ट म्यानेजर (एडिएम) तथा 'सन इमर्जिङ क्लब'मा योग्य अभिकर्तालाई सम्मान गरेको छ।

पोखरास्थित होटल निवासमा आयोजित कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्याल र प्रमुख मार्केटिङ अधिकृत गणेश चौलागाईंको आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा गण्डकी तथा नारायणी क्षेत्रका प्रदेश प्रमुख ईश्वर विकल सापकोटाले अभिकर्ताको क्षमता, सक्रियता र व्यावसायिक विकासमा यस्ता कार्यक्रमले योगदान पुऱ्याउने बताए। प्रमुख कार्यकारी अधिकृत अर्यालले अभिकर्ता कम्पनीको व्यवसाय विस्तारका प्रमुख आधार भएको जनाउँदै उनीहरूको वृद्धि, विकास, प्रोत्साहन र सम्मानलाई निरन्तरता दिने बताए। प्रमुख मार्केटिङ अधिकृत चौलागाईंले एडिएमको भूमिका, कम्पनीले उपलब्ध गराउने सेवा-सुविधा तथा बिक्री नीति २०८३/८४ का प्रमुख विषयबारे जानकारी गराए।

कार्यक्रममा योग्य एडिएम तथा सन इमर्जिङ क्लबका अभिकर्तालाई सम्मान र प्रोत्साहन प्रदान गरिएको थियो। कम्पनीले देशभर करिब १५० शाखा तथा सेवा सञ्जालमार्फत जीवन बिमा सेवा दिँदै आएको जनाएको छ।

## जेमिनी रिसाइकलले १० लाख कित्ता आइपिओ निष्कासन गर्ने



काठमाडौं, साउन ३१ (नागरिक)- जेमिनी रिसाइकल नेपाल लिमिटेडले सर्वसाधारणका लागि १० लाख कित्ता प्राथमिक सेयर (आइपिओ) निष्कासन गर्ने प्रक्रिया अघि बढाएको छ। मोरङको बुढीगंगा-५, हात्तीमुढामा सम्पन्न कम्पनीको विशेष साधारणसभाले कुल ५० करोड रुपैयाँ जारी पुँजीको २० प्रतिशत बराबरको सेयर सर्वसाधारणमा निष्कासन गर्ने प्रस्ताव पारित गरेको हो। सभाले संस्थापक सेयरको मूल्य प्रतिकित्ता १९० रुपैयाँ कायम गर्ने निर्णयसमेत गरेको छ। जसमा १०० रुपैयाँ अंकित मूल्यमा ९० रुपैयाँ प्रिमियम थपिएको छ।

पुराना ब्याट्री, आल्मुनियम, कपर तथा प्लास्टिक प्रशोधन गर्दै आएको कम्पनीले अब विद्युतीय सवारी साधन (इभी) मा प्रयोग भइसकेका ब्याट्री रिसाइकलिङमा लगानी विस्तार गर्ने योजना बनाएको छ। कम्पनीले आधुनिक प्रविधिमार्फत ब्याट्रीबाट उपयोगी कच्चा पदार्थ पुनः प्राप्त गर्ने लक्ष्य लिएको जनाएको छ। हाल कम्पनीले पुराना ब्याट्रीबाट रिमेल्टेड तथा रिफाइन्ड लिड उत्पादन गर्दै आएको छ। आल्मुनियम र कपर स्क्र्याप तथा प्लास्टिक प्रशोधन गरी उत्पादित सामग्रीको ठूलो हिस्सा भारत निर्यात हुँदै आएको कम्पनीको दाबी छ।

## इड्राइभ नेपालले ५० वटा एमजी विन्डसर कम्युट खरिद गर्ने



काठमाडौं, साउन ३१ (नागरिक)- विद्युतीय सवारी साधनमा आधारित राइड-सेयरिङ कम्पनी इड्राइभ नेपालले ५० वटा एमजी विन्डसर कम्युट विद्युतीय कार खरिद गर्ने भएको छ। एमजी मोटर इन्डियाको नेपालका लागि आधिकारिक वितरक जिओ अटोमोबाइल्स प्रालि र इड्राइभ नेपालबिच भएको सम्झौताअनुसार ५० मध्ये १६ वटा सवारी साधन १३ अगस्टमा हस्तान्तरण गरिएको हो।

व्यावसायिक फ्लिटमा विद्युतीय सवारी साधनको प्रयोग विस्तार गर्ने उद्देश्यले भएको सम्झौतालाई नेपालमा विद्युतीय मोबिलिटीको व्यावसायिक प्रयोग बढाउने महत्त्वपूर्ण कदमका रूपमा लिइएको छ। जिओ अटोमोबाइल्सका प्रबन्ध निर्देशक आकाश गोल्छाले व्यावसायिक क्षेत्रमा विद्युतीय सवारीप्रतिको विश्वास बढ्दै गएको जनाउँदै विन्डसर कम्युट फ्लिट सञ्चालनका लागि उपयुक्त रहेको बताए। एमजी विन्डसरमा ३८ किलोवाट घण्टाको ब्याट्री र १०० किलोवाटको मोटर रहेको छ। कम्पनीका अनुसार यसले एक पटकको चार्जमा ३३० किलोमिटरभन्दा बढी दूरी तय गर्न सक्छ। १३५ डिग्रीसम्म रिक्लाइन हुने एरो-लाउन्ज सिट, द्रुत चार्जिङ र १८६ मिलिमिटर ग्राउन्ड क्लियरेन्स यसको प्रमुख विशेषता हुन्।

## ससःत्वा हस्पिटालिटी र प्रभु बैंकबिच छुट सम्झौता



काठमाडौं, साउन ३१ (नागरिक)- कीर्तिपुर नगरपालिका-३, सागलस्थित ससःत्वा हस्पिटालिटी प्रालि र प्रभु बैंक लिमिटेडबिच ग्राहक तथा कर्मचारीलाई विशेष छुट उपलब्ध गराउनेसम्बन्धी समझदारी भएको छ। सम्झौताअनुसार प्रभु बैंकका ग्राहक तथा कर्मचारीले ससःत्वा हस्पिटालिटीबाट खाना तथा पेय पदार्थ खरिद गर्दा १० देखि १५ प्रतिशतसम्म छुट पाउनेछन्। छुट प्राप्त गर्न बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा अन्य विद्युतीय भुक्तानी प्रणालीमार्फत बिल भुक्तानी गर्नुपर्नेछ।

सम्झौतापत्रमा साउन २८ गते प्रभु बैंकका तर्फबाट सम्बन्धित प्रमुख लेखबहादुर पुन तथा कीर्तिपुर शाखा प्रमुख रश्मि महर्जन र ससःत्वा हस्पिटालिटीका तर्फबाट बिक्री तथा बजारीकरण अधिकृत सागर खनाल तथा सञ्चालक-प्रबन्धक सुशान महर्जनले हस्ताक्षर गरेका छन्।बैंकले देशभर ३०० शाखा, २६५ एटिएम तथा ६६ एक्सटेन्सन काउन्टरमार्फत करिब ३६ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ तथा वित्तीय सेवा प्रदान गर्दै आएको जनाएको छ।

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

**EXPRESSION OF INTEREST FOR INTERNAL AUDIT OF GOODWILL FINANCE LIMITED**

(Published Date: 1st Bhadra, 2083)

Goodwill Finance Limited invites sealed proposals from interested CA firms/ companies licensed by ICAN for the procurement of internal Audit Service for the Fiscal Year 2083-2084. The audit must be carried out in accordance with the applicable auditing standards. The request for proposal and the Term of Reference (ToR) can be obtained from Goodwill Finance Limited, Head Office, Hattisar Kathmandu.

**Terms and Conditions:**

1. The Service Provider must be a consulting /auditing company that is registered under the applicable law and regulation in Nepal.
2. The Applicant should have been in business of consulting and auditing as a company for at least last 5 years.
3. The technical and financial proposal should be submitted separately.
4. The technical proposal should consist of all credentials, documents, and cerficates and expert consultation professional profiles.
5. The financial proposal should be inclusive of all applicable fees and taxes.

All the proposal should be in conformity with the REP and should be submiteed latest by 3 p.m. closure of business day on 15th Bhadra, 2083. All received proposal shall be evaulated by the Goodwill Finance Limited on the basis of their submission of the eligibility criteria, adequacy of documents and other avenues.

Goodwill Finance Limited will review and shortlist the proposals, and only the shortlisted proposal shall be contacted for further discussion and selection. Goodwill Finance Limited reserves the right to reject any or all proposal without assigning any reason whatsoever or to cancel the entire procurement process at any stage.

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
Hattisar, Kathmandu
Tel 4544039 • Fax 4543414
Email info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

# आर्मीकी रसिलाद्वारा उपाधि रक्षा

**नेपाल खेलकुद महासंघअन्तर्गत राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको शीर्ष आठबाहेक पुरुष एकलमा नेपाल पुलिस क्लबका डेभिड थापा मगरले उपाधि आफ्नो नाममा लेखाए। डेभिडले आफ्नै क्लबका कबिर केसीमाथि २१-७, २१-१८ को जित निकाल्दै उपाधि जितेका हुन्।**



काठमाडौं, साउन ३१ (नागरिक)- त्रिभुवन आर्मी क्लबकी रसिला महर्जनले १४औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताको महिला एकल (शीर्ष आठ वरीयता) मा उपाधि रक्षा गरेकी छन्।

ग्वार्कोस्थित सहआयोजक यल स्पोर्ट्स एकेडेमीको कभर्डहलमा आइतबार भएको फाइनलमा रसिलाले पुलिसकी शेस्ना श्रीपालीलाई २१-१२, २१-१३ को सोझो सेटमा पराजित गर्दै उपाधि रक्षा गरेकी हुन्। तृतीय स्थानमा पुलिसकी नीता लम्साल र एपिएफकी रिहाना शेरचन रहे। रसिलाले नगद ५० हजार पुरस्कार प्राप्त गरिन्। दोस्रो भएकी शेस्नाले नगद २८ हजार ५ सय र तृतीय भएका रिहाना सेरचनले नगद १४ हजार र नीता लम्साललले नगद १२ हजार ५ सय प्राप्त गरे। नेपाल खेलकुद महासंघअन्तर्गत राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको शीर्ष आठबाहेक पुरुष एकलमा नेपाल पुलिस क्लबका डेभिड थापा मगरले उपाधि आफ्नो नाममा लेखाए।

डेभिडले आफ्नै क्लबका कबिर केसीमाथि २१-७, २१-१८ को जित निकाल्दै उपाधि जितेका हुन्। तेस्रो स्थानमा इलामका दिवस शंकर र आर्मीका सुप्रिम पन्त रहे। महिलामा कास्कीकी दिलाशा रानाले फिट नेपाल स्पोर्ट्स प्लेक्सकी निभा राईमाथि २१-१६, २१-१४ को जित निकाल्दै उपाधि उचालिन्। तेस्रो स्थानमा पुलिस क्लबकी श्रेया बज्राचार्य र सुनसरी ब्याडमिन्टन एकेडेमीकी सविज्ञा दाहाल रहे। विजताले नगद ३० हजार, उपविजेताले नगद १५ हजार र तृतीय स्थान प्राप्त गर्ने दुई खेलाडीले ७ हजार ५ सयका साथ पदक, ट्रफी र प्रमाणपत्र प्राप्त गरे। महिला युगलमा त्रिभुवन आर्मी क्लका अमिता गिरी र रसिला महर्जनको जोडी तथा चितवनकी सुष्मा भुजेल र कास्कीकी दिलाशा रानाको जोडीबिच भएको खेलमा गिरी र महर्जनको जोडीले २१-२३,, २१-१८, २१-१३ को जित हात पारे।

सुर्खेतका निर्भिता शाही र निशा सिंहको जोडी तथा पुलिसका नीता लम्साल र शेस्ना श्रीपालीको जोडी संयुक्त तेस्रो भए। पुरुष युगलमा एपिएफका देवराज राना र प्रिन्स दाहालको जोडीले जित हात पार्दै उपाधि जिते। उक्त जोडीले आर्मीका विधान अधिकारी र प्रफुल महर्जनको जोडीलाई २२-२०, २१-१७ ले पराजित गरेका हुन्। एपिएफका क्षितिज खनाल र सुजन थापाको जोडी तथा बालकुमारी रिमिक्सका सशिन डंगोल र सुमन शाक्यको जोडी संयुक्त तेस्रो भए। महिला/पुरुष युगलतर्फ शीर्ष तीनले ४० हजार, २० हजार र १० हजार नगदका साथ मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

पुरुष यु-११ एकलमा नेपाल पुलिस क्लबका विराट बस्नेतले विजय हासिल गरे। बस्नेतले नोबल इन्भारमेन्ट एकेडेमीका डेनिस थापामाथि २१-१५, १८-२१, २२-२० को कठिन जित हात पारेका हुन्। तेस्रो स्थानमा आर्मीका क्रिमोन रिजाल र कस्तुरी एकेडेमीका प्रज्ञान ढकाल रहे। महिलामा एपिएफकी रेन्शा श्रेष्ठले सिन्धुपाल्चोककी रिदिना श्रेष्ठलाई २१-८, २१-६ ले पराजित गर्दै उपाधि उचालिन्। तेस्रो स्थानमा जोजो ब्याडमिन्टन एकेडेमीकी देनिशा प्रधान र ग्यालेक्सी पब्लिक स्कुलकी योञ्जना मगर रहे। विजताले क्रमशः नगद १५ हजार, ८ हजार र ४ हजार, मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गरे। यु-१५ को पुरुषमा उपाधि धन्यन्तरीका सुहम कार्कीले उचाले। सुहमले आर्मीका सुदेश राजकोटीलाई २१-१९, ७-२१, २२-२० पराजित गरेका हुन्। सिन्धुली ब्याडमिन्टन एकेडेमीका दीप थिङ र कन्चनपुरका आशिष खत्री संयुक्त तेस्रो भए।

महिलामा निभा राईले नेपाल पुलिसकी अश्मिता खत्रीमाथि २१-१६, २२-२० को जित हात पार्दै उपाधि उचालिन्। तेस्रो स्थानमा आर्मीकी समृद्धि श्रेष्ठ र एपिएफकी स्वर्लिन श्रेष्ठ रहे। विजेताले नगद २० हजार, १० हजार र ५ हजार सहित मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गरे। यु-१९ पुरुष एकलमा पुलिसका कबिर केसीले जित हात पारे। केसीले आर्मीका सुप्रिम पन्तलाई २१-१६, २१-१७ ले पराजित गरेका हुन्। तेस्रो स्थानमा आर्मीका रिजन मगर र सुदेश राजकोटी रहे। महिलामा कास्कीकी दिलाशा रानाले एसियन गेमका लागि छनोट हुन सफल एपिएफकी रिहाना सेरचनलाई २१-१४, २१-१२ अन्तरको जित हात पार्दै उपाधिमा नाम लेखाइन्।

तेस्रो स्थानमा फिटनेपाल स्पोर्ट्स प्लेक्सका निभा राई र एपिएफकी स्वर्लिन श्रेष्ठ रहे। विजेताले नगद ३० हजार, १५ हजार र ७ हजार ५ सयका साथ मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे। सात दिनसम्म सञ्चालित प्रतियोगिताको लागत करिब ४१ लाख ५ हजार २ सय रहेकोमा पुरस्कार राशि १० लाख ७८ हजार रहेको छ। विजतालाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठ, महासचिव एवं राष्ट्रिय ब्याडमिन्टन संघका अध्यक्ष वीरेन्द्र श्रेष्ठ र सहमहासचिव नवीन विक्रम शाहलगायतले पुरस्कार वितरण गरेका थिए।

टप इन्ड टी ट्वान्टी क्रिकेट

## नेपाल 'ए' ले अस्ट्रेलियामा राम्रो प्रदर्शन गर्ने

काठमाडौं, साउन ३१ (नागरिक)- नेपाल 'ए' का कप्तान अनिल साहले अस्ट्रेलियामा आयोजना हुने टप इन्ड टी ट्वान्टी क्रिकेट राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्त गरेका छन्।

प्रतियोगितामा सहभागी हुन आयोजित बिदाइ कार्यक्रममा आइतबार अनिलले टोलीमा कुशल भुर्तेल, कुशल मल्ल र लोकेश बमजस्ता अनुभवी खेलाडीहरूको उपस्थितिले राम्रो प्रदर्शन हुने बताए। साथै उनले युवा र उदीयमान खेलाडीहरूलाई नयाँ कुरा सिक्न र आत्मविश्वास बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे। नेपाली टोली सोमबार राति अस्ट्रेलियातर्फ प्रस्थान गर्ने तालिका छ। प्रतियोगिताको तालिकाअनुसा नेपालले अगस्ट २१ मा नर्दन टेरिटोरी स्ट्राइकविरुद्ध खेल्दै आफ्नो भ्रमणको सुरुआत गर्नेछ। नेपालले अगस्ट २२ मा बंगलादेश हाई पर्फमेन्स, २४ मा होबार्ट हरिकेन्स, २६ मा एसिटी कमेट्स, २७ मा किंग्सम्यान र २९ मा भिक्टोरियाविरुद्ध प्रतिस्पर्धा गर्ने तय भएको छ।

उक्त टी-२० सिरिजको समाप्तिपछि नेपाल 'ए' टोलीले थप अभ्यासका लागि न्युजिल्यान्ड 'ए', तास्मानिया र दक्षिण अस्ट्रेलियासँग एकदिवसीय खेलसमेत खेल्ने कार्यक्रम रहेको छ। टोलीका प्रशिक्षक राजु बस्न्यातले यस भ्रमणलाई नेपाली क्रिकेटको दीर्घकालीन हित र खेलाडीहरूको क्षमता अभिवृद्धिका लागि एक महत्त्वपूर्ण अवसरको रूपमा लिएको बताए। प्रशिक्षक बस्न्यातले नेपाल 'ए' टोलीको अवधारणाले नेपाली क्रिकेटको 'बेन्च स्ट्रेन्थ' बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताए।

उनले पछिल्लो पाँच-६ महिनामा 'ए' टोलीबाट उत्कृष्ट प्रदर्शन गर्दै खेलाडीहरू सिनियर टोलीमा पुग्नु र फर्म गुमाएका सिनियर खेलाडीहरूले यहाँबाट पुनः लय समात्नु नेपाली क्रिकेटका लागि सकारात्मक पक्ष भएको उल्लेख गरे। 'यो एक स्वाभाविक प्रक्रिया हो। अन्तर्राष्ट्रिय स्तरमा पनि स्थापित खेलाडीहरूले आफ्नो लय फिर्ता पाउन घरेलु वा 'ए' टोलीबाट खेल्ने अभ्यास छ,' उनले भने। अस्ट्रेलियाको खेलमैदान र वातावरणीय अवस्था (कन्डिसन) नेपाली खेलाडीहरूका लागि मुख्य चुनौती रहने देखिएको छ। गत वर्षको अनुभवलाई स्मरण गर्दै प्रशिक्षक बस्न्यातले ब्याटिङभन्दा पनि फिल्डिङमा बढी सुधार गर्नुपर्ने आवश्यकता उनले औंल्याए।

'अस्ट्रेलियाका मैदानमा बाउन्ड्री निकै ठूला हुन्छन् र लाइटको कारणले उच्च क्याचहरू लिन कठिन हुन सक्छ। हामी यी कन्डिसनहरूसँग चाँडै अनुकूलन (एडप्ट) हुन विशेष केन्द्रित छौं,' उनले भने। टोलीको सन्तुलन र हालैको तयारीबाट कप्तान र प्रशिक्षक दुवै सन्तुष्ट देखिएका छन्। नेपाली 'ए' टोलीले अस्ट्रेलियामा उत्कृष्ट प्रदर्शन गर्नेमा आफू ढुक्क रहेको बताउँदै कप्तान साहले यस भ्रमणबाट नेपाली क्रिकेटले सकारात्मक नतिजा हासिल गर्ने अपेक्षा राखेका छन्।

# न्यु होराइजन फुटसल च्याम्पियन

काठमाडौं, साउन ३१ (नागरिक)- पहिलो संस्करणको जापानिज एजुकेसन ग्रुप फुटसल प्रतियोगितामा न्यु होराइजन माइग्रेसनल एन्ड एजुकेसन प्रालि च्याम्पियन भएको छ।

काठमाडौंको बुढानीलकण्ठस्थित कपअन स्पोर्ट्स सेन्टरमा आइतबार भएको प्रतियोगिता

न्यु होराइजन च्याम्पियन भएको हो। जापानिज भाषा अध्ययन र परामर्श दिने संस्था एजुकेसन ग्रुपको आयोजनामा भएको प्रतियोगिताको फाइनलमा न्यु होराइजनले तिरुपति एचआर सोलुसन प्रालिमाथि ६-० को सहज जित रच्यो।

न्यु होराइजनका सुदीप लिम्बूले ह्याट्रिक पूरा गरे। टीका मगर र अनमोल राईले एक गोल थपेपछि न्यु होराइजनले सहज जित रचेको हो। युकिगुनी एजुकेसनल कन्सल्टेन्सीले तेस्रो स्थान प्राप्त गर्न सफल भयो। युकिगुनीले तेस्रो स्थानका लागि भएको खेलमा लोमस अब्रोड स्टडी प्रालिलाई ६-० ले हराएको थियो।




एकदिने प्रतियोगितामा भएको पहिलो सेमिफाइनलमा न्यु होराइजनले युकिगुनीलाई ६-३ ले हराएको थियो। दोस्रो सेमिफाइनलमा तिरुपतिले लोमस एजुकेसनललाई ४-२ ले हराउँदै उपाधि भिडन्त तय गरेको हो। प्रतियोगिताको बेस्ट गोलकिपर च्याम्पियन न्यु होराइजनका अनमोल राई घोषित भए। बेस्ट प्लेअरको ट्रफी भने तिरुपतिका निखिल ढुङ्गानाले प्राप्त गरे। दुवैलाई जापानिज एजुकेसन ग्रुपका संयोजक रूपसिंह तामाङले ट्रफी हस्तान्तरण गरे। विजेता न्यु होराइजनले एक लाख र उपविजेता तिरुपति एचआरले ७५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे। उनीहरूलाई जापानिज एजुकेशन ग्रुपका संयोजक रूपसिंह तामाङले ट्रफी प्रदान गरेका थिए।

सो अवसरमा जापानिज एजुकेसन ग्रुपका संयोजक रूपसिंहले आगामी दिनमा पनि आफ्नो संस्थाले खेलकुदमा विभिन्न प्रतियोगिता र प्रोत्साहन कार्यक्रम आयोजना गर्दै स्वच्छ नागरिक उत्पादनमा मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे। तेस्रो स्थानको युकिगुनीले ५० हजार रुपैयाँ प्राप्त गऱ्यो। उक्त प्रतियोगितामा कुल १० टोलिले प्रतिस्पर्धा गरेका थिए। लिग कम नकआउटका आधारमा भएको प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको थियो।

# मास्टर्स इन स्पोर्ट्स गर्न छात्रवृत्ति

काठमाडौं साउन ३१ (नागरिक)- नेपाल विद्यालय खेलकुद महासंघ (एनएसएसएफ) र त्रिभुवन विश्वविद्यालयअन्तर्गत खेलकुद विज्ञान विभागबिच वार्षिक २ जनालाई पूर्ण छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा आइतबार सम्झौता भएको छ।

मास्टर्स इन स्पोर्ट्स अध्ययन गर्न वर्षमा २ जनाका दरले ५ वर्षका लागि पूर्ण छात्रवृत्ति प्रदान गर्न सम्झौता भएको अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघका कार्यकारी सदस्य समेत रहेका एनएसएसएफका महासचिव राजकुमार कार्कीले जनाएका छन्। एनएसएसएफका अध्यक्ष विनोद श्रेष्ठ र खेलकुद विज्ञान स्नातकोत्तर कार्यक्रमका प्रमुख प्रा. पशुपति अधिकारीले सम्झौतापत्रमा हस्ताक्षर गरे। सो अवसरमा त्रिभूवन विश्वविद्यालयअन्तर्गत मानविकी तथा सामाजिक शास्त्र संकायका डिन प्रा.डा. दुविनन्द ढकाल, एनएसएसएफका उपाध्यक्ष मोहनकुमार कार्कीलगायतको उपस्थिति रहेको थियो। छात्रवृत्तिका लागि ब्रिज इन्टरनेसनलका निर्देशक प्रज्ज्वल गिरीले




प्रायोजन गरेको महासचिव कार्कीले बताए। महासचिव कार्कीले खेल क्षेत्रमा लाग्नेलाई पढाइसंगै खेलकुदलाई अगाडि बढाउन छात्रवृत्तिले थोरै भए पनि सहयोग पुग्ने विश्वास व्यक्त गर्दै सहकार्यका लागि त्रिभूवन विश्वविद्यालय र ब्रिज इन्टरनेसनल परिवारप्रति धन्यवाद आभार व्यक्त गरे। सोही अवसरमा एनएसएसएफले खेलकुद विज्ञान स्नातकोत्तर कार्यक्रमका संस्थापक प्रमुख प्रा.डा. रामकृष्ण महर्जन र महर्जनपछिका प्रमुख राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य गंगाबहादुर थापालाई पनि उनीहरूको योगदानको कदर गर्दै सम्मान गरेको थियो।

# पिपल्स च्वाइस अवार्डको मनोनयन सार्वजनिक

काठमाडौं, साउन ३१ (नागरिक)- नेपाली खेलकुदको प्रतिष्ठित एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८२ को पिपल्स च्वाइस अवार्डको मनोनयन सार्वजनिक भएको छ।

काठमाडौंमा आइतबार पत्रकार सम्मेलनमार्फत एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डअन्तर्गत २३औं संस्करणको पिपल्स च्वाइस विधाका पाँच मनोनयन सार्वजनिक गरिएको हो। नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) ले २०५२ सालदेखि अवार्ड आयोजना गर्दै आएको छ। यसपल्ट नौ विधामध्ये पिपल्स च्वाइसमा भलिबलकी मीना सुनार, फुटबलर पूजा राना, कराते खेलाडी सानुमाया थिङ, क्रिकेटर शेर

**पिपल्स च्वाइस अवार्ड २०८२ मा भलिबलकी मीना सुनार, फुटबलर पूजा राना, कराते खेलाडी सानुमाया थिङ, क्रिकेटर शेर मल्ल र मिक्स मार्सल आर्ट्स (एमएमए) का रवीन्द्र ढाँट मनोनयनमा परेका छन्। नेपाल खेलकुद पत्रकार मञ्चका सचिव अनिल मल्ल ठकुरी सम्मिलित पाँच सदस्यीय खेलाडी छनोट समितिले उक्त नाम छनोट गरेको हो।**

मल्ल र मिक्स मार्सल आर्ट्स (एमएमए) का रवीन्द्र ढाँट मनोनयनमा परेका छन्। मञ्चका सचिव अनिल मल्ल ठकुरी सम्मिलित पाँच सदस्यीय खेलाडी छनोट समितिले उक्त नाम छनोट गरेको हो।

मीना भलिबलमा शक्तिशाली स्पाइकरका रूपमा उदाउँदै छिन्। काभा महिला च्याम्पियनसिपमा प्रभावशाली प्रदर्शन गरेकी उनले काभा महिला क्लब च्याम्पियनसिपमा पुलिसलाई तेस्रो स्थान दिलाउन योगदान गरेकी थिइन्। फुटबलकी पूजाले पनि अन्तर्राष्ट्रिय स्तरमा आफ्नो क्षमता देखाएकी छन्। एसियन कप छनोटमा रहेकी पूजाले विदेशका व्यावसायिक लिगमा समेत प्रभाव छाडेकी छन्। करातेकी सानुमायाले पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा निरन्तर सफलता हासिल गरिरहेकी छन्। इजिप्टमा भएको विश्व कराते च्याम्पियनसिपमा एकल कातामा प्रतिस्पर्धा गरेकी उनले २१औं एसियन कराते च्याम्पियनसिपमा पदकका लागि प्रतिस्पर्धा गरेकी थिइन्।

उनी दक्षिण एसियाली कराते च्याम्पियनसिपमा टिम कातामा स्वर्ण र एकल कातामा रजत विजेता हुन्। क्रिकेटमा शेरले छोटो समयमै उल्लेखनीय छाप छाडेका छन्। उनले आइसिसी टी ट्वान्टी विश्वकपमा डेब्यु खेलमै पहिलो बलमा विकेट लिएका थिए। मिक्स मार्सल आर्ट्समा रवीन्द्र ढाँट 'बझाङका बाघ' का रूपमा परिचित छन्। रोड टु युएफसीको सेमिफाइनल पुग्ने पहिलो नेपाली फाइटर बनेका ढाँटले नेपाली एमएमएलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने सम्भावना बोकेका छन्। कराते खेलाडी सानुमायाले पिपल्स च्वाइसको मनोनयनमा परेको खुसी व्यक्त गरिन्। 'यो सफलताको लागि म कराते परिवार, प्रशिक्षक मण्डेकाजी श्रेष्ठ र अन्य सबैलाई धन्यवाद दिन चाहन्छु। यसले मेरो खेल करिअरमा नयाँ ऊर्जा थपिएको मैले महसुस गरेको छु,' उनले भनिन्। भलिबलकी चर्चित युवा खेलाडी मीनाले पनि पिपल्स च्वाइसमा छानिन पाउनुलाई गर्व लागेको बताइन्। खेलाडी सार्वजनिक गरिएको पत्रकार सम्मेलनमा पूजा, रवीन्द्र र शेर विदेशमा रहेकाले उपस्थित थिएनन्।

## खल्तीसँग सम्झौता

खेलकुद पत्रकार मञ्च र विद्युतीय भुक्तानीका लागि चर्चित सेवाप्रदायक कम्पनी खल्ती बाई आइएमईबिच आइतबारै भोटिङ पार्टनरका रूपमा प्रायोजन सम्झौता भएको छ। सम्झौता पत्रमा खल्ती बाई आइएमईकी मेनेजर पूजा धामी र नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले हस्ताक्षर गरेका थिए। एनएसजेएफले पिपल्स च्वाइस अवार्डको मत खल्ती मार्फत गर्नेछ। सो अवसरमा धामीले यस वर्ष पनि जोडिन पाउँदा खुसी लागेको बताउँदै खेलाडीको सम्मानमा मञ्चले गर्ने यो ग्रान्ड कार्यक्रम सरहानीय कार्य हो भनिन्। यसै गरी मञ्चका अध्यक्ष अधिकारीले आईएमई खल्ती परिवारप्रति कृतज्ञता व्यक्त गर्दै खल्तीले स्पोर्ट्स अवार्डलाई थप उचाइमा लग्ने विश्वास व्यक्त गरे। पिपल्स च्वाइस विधाको भोटिङ प्रक्रियामा एनएसजेएफले यसपाली नयाँ शैली अपनाउने निर्णय गरेको छ।

यसपालि एक समर्थकले एक दिनमा एक भोट मात्र हाल्न पाउनेछ। जसको लागि १० रुपैयाँ मात्र राख्न पाउने नियम बनाइएको छ। एक समर्थकले एक युजरबाट दिनमा १ पटक मात्र भोट हाल्न सक्नेछ। तर भोट भने प्रत्येक दिन हाल्न पाइनेछ। विजेता आयोजक मञ्चसँग आबद्ध खेल पत्रकार, विभिन्न खेलका राष्ट्रिय प्रशिक्षक, सामाजिक सञ्जालका समर्थक र डिजिटल वालेट खल्ती बाई आइएमईमा प्राप्त मतका आधारमा चुनिनेछ। भोटिङ पार्टनर आइएमई खल्तीको मतभार ५० प्रतिशत हुनेछ।

बाँकी ५० प्रतिशत मतभार सामाजिक सञ्जाल फेसबुक, नेपाल ओलम्पिक कमिटीमा आबद्ध राष्ट्रिय खेल संघका मुख्य प्रशिक्षक र खेलकुद पत्रकार मञ्चका सदस्यहरूबाट प्राप्त मतको हुनेछ। फेसबुकबाट मत दिँदा एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको आधिकारिक फेसबुक पेज र पल्सर नेपालको आधिकारिक पेजबाट गर्नुपर्नेछ। यो विधाका विजेताले पल्सर मोटरसाइकल जित्नेछ। गत वर्ष पिपल्स च्वाइसको अवार्ड भलिबलका हिमाल सुनारीले प्राप्त गरेका थिए। ५० प्रतिशत मतभार रहने डिजिटल वालेट आइएमइ खल्तीमा भोटिङ नै सुरु भइसकेको छ।










नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी